
# विद्यालय शिक्षा क्षेत्रको योजना
# २०८१-२०९०




## चौदण्डीगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

**संरक्षकः**
श्री कालुमान लामा, नगर प्रमुख
श्री मणिकादेवी दुलाल, नगर उपप्रमुख
श्री जित बहादुर श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत

**योजना निर्माण समिति सदस्यहरूः**

| | |
|---|---|
| रामेश्वर कुँवर | संयोजक |
| सुरजकुमार कार्की | शिक्षा अधिकृत |
| राजकुमार ओझा | स्रोत व्यक्ति |
| कविराज तामाङ्ग | शिक्षा समिति सदस्य |
| रित बहादुर मगर | शिक्षक महासंघ अध्यक्ष |
| पदम तामाङ्ग | मा.वि. प्रधानाध्यापक |
| पुष्पा तामाङ्ग | शिक्षा सुपरीवेक्षक |
| दिनेश ढुंगाना | मा.वि. प्रधानाध्यापक |
| राम बहादुर राउत | मा.वि. प्रधानाध्यापक |
| गोमा निरौला | मा.वि. प्रधानाध्यापक |
| दिनेश खड्का | मा.वि. प्रधानाध्यापक |
| गगन श्रेष्ठ | मा.वि. प्रधानाध्यापक |
| भक्त कुमार राई | प्राविधिक सहायक (शिक्षा) |

**मस्यौदा लेखन कार्यदलः**
श्री सुरज कुमार कार्की
श्री राजकुमार ओझा
श्री पदम तामाङ
श्री गोमा कुमारी निरौला
श्री कुमार खड्का
श्री जिवन भट्टराई
श्री गगन श्रेष्ठ
श्री देवेन्द्र अधिकारी
श्री कविराज तामाङ
श्री दिनेश खड्का
श्री रित बहादुर मगर

**प्राविधिक सहयोगः**
युएसएड प्रारम्भिक कक्षा सिकाइ

**प्रकाशकः**
चौदण्डीगढी नगरपालिका

**प्रमाणित मितिः**
२०८१ पुष १६ गते

**प्रकाशन मितिः**
२०८१ पुष २९ गते

**चौदण्डीगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेल्टार, उदयपुर**
**कोशी प्रदेश, नेपाल**



प.सं.: २०८१/०८२ (**नगर प्रमुख ज्यूको सचिवालय**)

# मेरो भन्नु ....

शिक्षा जीवनपर्यन्त निरन्तर चलिरहने प्रकृया हो अर्थात जीवन निर्वाह गर्नका लागि ज्ञान सीप क्षमता र मूल्यहरूको आर्जन गर्ने प्रकृया नै शिक्षा हो जसले व्यक्तिको चौतर्फी विकासमा सहयोग पुऱ्याउँछ । शिक्षा सामान्यतया औपचारिक, अनौपचारिक र अनियमित जुनसुकै माध्यमबाट जुनसुकै समयमा लिन सकिन्छ । यो पुस्तकको अध्ययनको माध्यमबाट मात्र नभई अनुभव, अभ्यास र संवादको माध्यमबाट समेत प्राप्त गर्न सकिन्छ । शिक्षाले मानिसलाई रचनात्मक तरिकाले सोच्न, सही निर्णय लिन र जीवनमा आइपरेका समस्या समाधान गर्न सक्षम बनाउँछ ।

नेपालको संविधान **२०७२** ले आधारभुत तहको शिक्षालाई अनिवार्य र निःशुल्क र माध्यमिक तहको शिक्षा निःशुल्क पाउने सुनिश्चित गरेको सन्दर्भमा अनुसूचि ८ तथा स्थानीय सरकार संचालन ऐन **२०७४** को अधिनमा रही शिक्षाको गुणस्तर सुधार गरी यस नगर भित्रको शिक्षा क्षेत्रमा आगामी **१०** बर्षभित्र क्रान्तिकारी परिवर्तन ल्याउनको निमित्त "विद्यालयलाई नीति, विधि र प्रविधिले चलाउछौं, समतामूलक गुणस्तरीय शिक्षाको केन्द्र बनाउछौं" भन्ने दूरदृष्टिका साथ **१०** वर्षे नगर शिक्षा योजना निर्माण गरिएको छ । संविधान प्रदत्त निःशुल्क तथा अनिवार्य शिक्षाको हकलाई सुनिश्चित गर्नका निमित्त अनिवार्य तथा निःशुल्क शिक्षा ऐन **२०७५**, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली **२०७७** र बालबालिका सम्बन्धी ऐन **२०७५** समेतको कार्यान्वयनमा नगरपालिका संवेदनशील भएर अघि बढेको छ ।

चौडण्डीगढी नगरपालिकाको समग्र शैक्षिक उन्नयनको लागि यस नगरपालिका अत्यन्त संवेदनशील छ । नगरभित्र संचालित सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि नगरपालिका प्रतिबद्ध छ । विद्यालयहरूको प्रशासनिक स्तर वृद्धि, प्रधानाध्यापकहरूको क्षमता वृद्धि, शिक्षकहरूको तहगत र विषयगत तालिम, क्याम्पस तथा विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको लागि छात्रवृतिको व्यवस्था गरी नगरको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै समग्र राष्ट्रकै शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुऱ्याई समृद्ध नेपाल सुखी नेपालीको सपना साकार पार्नका लागि यस नगरले एक इँटा थप्ने भूमिका निर्वाह गर्न सक्ने कुरामा म विश्वस्त छु ।

**मिति** : २०८१।०९।२९

**कालुमान लामा**
नगर प्रमुख

**चौदण्डीगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेल्टार, उदयपुर**
**कोशी प्रदेश, नेपाल**



प.सं.: २०८१/०८२ (**नगर उपप्रमुख ज्यूको सचिवालय**)

# शुभकामना

शिक्षाले व्यक्तिको जीवनमा चेतनाको विकास गरी समृद्द वनाउन मद्दत गर्दछ । व्यक्तिलाई सशक्त बनाई सही निर्णय लिन सक्ने साथै आफ्नो अधिकार र कर्तव्य सम्बन्धी सचेत बनाउने काम समेत शिक्षाले गर्दछ । शिक्षा विद्यालय तथा विश्वविद्यालयहरूका कक्षामा मात्र सीमित नभई जीवनका विभिन्न चरणहरूमा व्यावहारिक अनुभवबाट समेत प्राप्त गर्न सकिन्छ ।

शिक्षा समाज परिवर्तनको एक मात्र कडी हो भन्ने मूल मन्त्रका साथ यस नगरपालिकाका सरोकारवाला सम्पूर्ण पक्षहरूको अर्थपूर्ण सहभागितामा १० वर्षे शिक्षा योजना निर्माण कार्य सम्पन्न भएको छ । आगामी १० वर्षमा यस नगरको शिक्षाको स्तरलाई कुन दिशामा अगाडि बढाउने भन्ने मार्ग चित्र प्रस्तुत भएको यस योजना सफल बनाउनु हामी सबैको साझा दायित्व हो । शिक्षा नै समाज परिवर्तनको सम्बाहक भएको र यसले समाजमा समानता र सामाजिक न्यायको सुनिश्चितता गर्नुका साथै मानिसमा नैतिक र सामाजिक मूल्यहरुको विकास गरी जिम्मेवार र सभ्य नागरिक बनाउँछ । अतः शिक्षामा सबैको समान सहभागिता, समान पहुँच, गुणस्तर तथा प्रभावकारिता कायम हुन सकोस् भन्ने शुभेक्षा प्रकट गर्न चाहन्छु ।

**मितिः** २०८१।०९।२८

**मणिकादेवी दुलाल**
नगर उपप्रमुख

# दुई-शब्द

संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखी शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरू स्थापित गरेको छ । ती प्राथमिकता र स्थानीय सरकारका शिक्षाका २३ वटा अधिकार, संघीय सरकारको विद्यालय शिक्षा क्षेत्रको योजना (SESP), राष्ट्रिय शिक्षा नीति २०७६ एवम् १६ औं आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने नीतिगत व्यवस्था छ । सामाजिक आर्थिक रूपान्तरणका लागि न्यूनत्तम सिकाइ वातावरणको सुनिश्चितता गर्दै विद्यालय उमेर समूहका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँचमा सुधार गर्ने लक्ष्य र यसैसँग सम्बन्धित उद्देश्य र क्रियाकलापहरु यस शिक्षा योजनाले निर्धारण गरेको छ ।

नेपालको संविधानले विद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पेको लगभग एक दशक पुगेको र स्थानीय तह हाल दोस्रो कार्यकालमा चलिरहेको अवस्थामा विद्यालय शिक्षाको सुधार तथा बालबालिकाहरूलाई गुणस्तरीय ज्ञान दिन नसक्नु एक प्रमुख चुनौतिको रूपमा रहेको पाइन्छ । हरेक निर्वाचन पश्चात्त जनप्रतिनिधिहरू फेरिनाले शिक्षामा दिगो लगानी दीर्घकालिन योजनाको टड्कारो देखिएको हुँदा यस नगरपालिकाले आफ्नै लगानीमा स्थानीय श्रोत र साधनहरूको प्रयोग गर्दै विद्यालय शिक्षाको गुणस्तरलाई बढाई बालबालिकाहरूको भविष्य उज्वल पार्ने उद्देश्यले यो १० वर्षे शैक्षिक योजना तयार पारिएको छ ।

विद्यालय शिक्षा भनेको कुनै पनि समाजको आधार हो र यसको सुधारका लागि बनाईने योजना शिक्षाको गुणस्तर सुधार्न र विद्यार्थीहरूको उज्जवल भविष्यको सुनिश्चितता गर्न अत्यन्त महत्वपूर्ण छ । यस १० वर्षे शिक्षा योजनाले विद्यालयको संरचना, पाठ्यक्रम, शिक्षक प्रशिक्षण र व्यवस्थापनमा सुधार ल्याउन मद्दत पुऱ्याउँछ । यस योजनाले विद्यालयका प्रत्येक पक्षलाई सशक्त बनाउन, नयाँ सोच र दृष्टिकोणको समावेशीकरण, र सबै विद्यार्थीलाई समान अवसर दिने लक्ष्य राख्छ । गुणस्तरीय शिक्षा सुनिश्चित गर्न आवश्यक पर्ने सबै अवयवहरूको मूल्याङ्कन गरी समग्र सुधारका दिशा तय गर्न शिक्षा योजना तयार पारिन्छ । शिक्षा योजना कार्यान्वयन हुँदा विद्यालयका भौतिक पूर्वाधारमा सुधार, शिक्षकहरूको क्षमता वृद्धिका लागि प्रशिक्षण, विद्यार्थीहरूको व्यक्तिगत र सामाजिक विकासको सशक्तीकरणमा ठूलो योगदान पुऱ्याउँछ । यसले विद्यालय शिक्षालाई प्रभावकारी र सबैका लागि पहुँच योग्य बनाउँछ । विशेष गरी, यसले कमजोर र सामाजिक रूपमा पिछडिएका वर्गका विद्यार्थीहरूको अवसर र पहुँचमा वृद्धि गराउने विश्वास लिन सकिन्छ । विद्यालय शिक्षामा सुधार ल्याउनु भनेको समग्र राष्ट्रको भविष्यमा सुधार ल्याउनु हो ।

शिक्षा योजनामा संलग्न सबै सरोकारवालाहरूको कडा मेहनत र सहकार्यको प्रशंसा गर्दै यस कार्यमा संलग्न विद्यालयका प्रधानाध्यापक ज्यू, शिक्षा शाखाका कर्मचारीहरु, शिक्षा योजना तयार पार्न प्राविधिक सहयोग पुऱ्याउनु हुने अमेरिकी सहयोग नियोग कोशी प्रदेश अन्तर्गतका कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ । यस योजनाको मस्यौदा लेखन तथा कम्प्युटर सेटिङ्ग शिक्षा अधिकृत सुरजकुमार कार्कीको नेतृत्वमा अन्य प्र.अ. तथा शिक्षकहरूको सहयोगद्वारा सम्पन्न भएको प्रति उहाँलाई धन्यवाद व्यक्त नगरी बस्न सकिँदैन ।

अन्त्यमा यस योजनालाई कार्यान्वयन चरणमा लैजान समय समयमा अमूल्य सुझावहरूसहित हौसला प्रदान गर्न हुने नगर प्रमुख, उप प्रमुख लगायत सम्पूर्ण कार्यपालिकाका सदस्यहरू प्रति आभार प्रकट गर्दै यस योजनालाई पूर्ण कार्यान्वयन गर्न सबै नगरवासी तथा आम सरोकारवालाहरूलाई हार्दिक अनुरोध गर्दछु ।

**चौदण्डीगढी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, उदयपुर ।

# योजनाको सारांश

चौदण्डीगढी नगरपालिकाले यस क्षेत्रको शैक्षिक सुधार र बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ यो १० वर्षे विद्यालय शिक्षाको योजनाको तर्जुमा गरेको छ। संघीयता कार्यान्वयनसँगै विद्यालय शिक्षा स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने भएको हुँदा यस क्षेत्रको शिक्षाको विकासका निम्ति शिक्षा योजना तयार पारी कार्यान्वयन गरिएको छ ।

यस योजना मुख्यतः विद्यालय शिक्षाको गुणस्तर सुधार, शिक्षकको व्यवस्थापन, विद्यार्थीको भर्ना दर बढाउने र प्रविधिमा आधारित शिक्षण प्रणाली विकास गर्न तर्फ केन्द्रित छ । स्थानीय तहमा भौतिक पूर्वाधारको कमी, विद्यार्थीहरूको कक्षा छोड्ने दर र शिक्षक अभाव जस्ता समस्याहरूले शिक्षा प्रणालीलाई कमजोर बनाएको छ । योजना निर्माणको आवश्यकता विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार, शिक्षण सिकाइ प्रक्रियालाई व्यवहारिक बनाउने र सामुदायिक सहभागिता बढाउने उद्देश्यले गरिएको हो, साथै शिक्षालाई प्रविधिमैत्री र समावेशी बनाउँदै, दीर्घकालीन शिक्षा विकासका लागि स्रोत साधनको व्यवस्थापन पनि यसको प्रमुख कारण हो ।

विद्यालय शिक्षाको योजना निर्माण प्रक्रिया विस्तृत रूपमा सहभागीतामूलक र चरणबद्ध रूपमा रहेको पाइन्छ । योजना निर्माण गर्दा स्थानीय तहका सरोकारवालाहरू, शिक्षक, अभिभावक र समुदायका अन्य प्रतिनिधिहरूको सहभागिता सुनिश्चित गरिएको छ। शिक्षा योजना निर्माणका लागि कर्मचारीहरूलाई क्षमता विकास तालिम, युएसएआइडी प्रारम्भिक कक्षा सिकाइको प्राविधिक सहयोग, योजना निर्माण समिति गठन तथा कार्यदलहरू निर्माण गरिएको थियो। समिति गठनपश्चात योजना मस्यौदा तयार पार्न शिक्षा अधिकृतको नेतृत्वमा सर्वेक्षण, तथ्याङ्क सङ्कलन, र विश्लेषणको काम भएको थियो । योजनाको मस्यौदा निर्माण प्रक्रियाका दौरान विभिन्न चरणहरूमा शिक्षा समिति, कार्यपालिका सदस्यहरू, पत्रकार, अभिभावक, शिक्षक, र सरोकारवालाहरूको बैठकहरू आयोजना गरी सुझाव र अपेक्षाहरू संकलन गरियो ।

शैक्षिक कार्यक्रमहरूको उपयुक्तता, दक्षता र प्रभावकारिताको मापन गर्न प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गरिनेछ। अनुगमन प्रणालीले विद्यालयको वार्षिक कार्य सम्पादन परीक्षण गर्ने, प्रत्येक दुई महिनामा स्रोत विज्ञद्वारा नियमित निरीक्षण गर्ने र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी विश्लेषण प्रतिवेदन तयार गर्ने कार्य गर्दछ। सहभागितामूलक अनुगमनमा स्थानीय तहका विभिन्न सरोकारवालाहरूको सहभागिता हुने व्यवस्था गरिएको छ र अनुगमनको क्रममा प्राप्त सुझाव, समस्याहरूको समाधान र भविष्यका योजनाहरूको समीक्षा गरी योजनाको अद्यावधिक गर्ने व्यवस्था पनि छ ।

यस योजनाले विद्यालय शिक्षा प्रणालीमा सुधारका लागि आवश्यक आधारहरू, रणनीतिहरू र कार्यान्वयन प्रक्रियाहरूलाई व्यवस्थित रूपमा प्रस्तुत गर्ने प्रयास गरेको छ । शिक्षा क्षेत्रमा देखिएका

मुख्य चुनौतीहरू, स्थानीय तहमा शिक्षा सुधारको औचित्य र दीर्घकालीन समाधानका लागि कार्ययोजना समावेश गरिएको यस योजना संघीय सरकारका नीतिहरूसँग समन्वय गर्दै स्थानीय तहको आवश्यकतालाई मध्यनजर राखी स्रोत साधनको व्यवस्थापन, शिक्षकको पेसागत विकास र प्रविधिमैत्री शिक्षण प्रणालीको प्रवर्द्धनलाई प्रमुख लक्ष्यका रूपमा लिएको छ। यसरी यो दस्तावेज चौदण्डीगढीको विद्यालय शिक्षामा समग्र सुधारका लागि एक निर्देशिका र मार्गदर्शकका रूपमा तयार गरिएको छ ।
अन्त्यमा योजना मस्यौदाको सर्वसाधारणसँग छलफल गरी सुझाव संकलन गर्दै योजनालाई अन्तिम रूप दिएको थियो । नगरपालिकाको **१६** औँ हिउँदे अधिवेशन (नगर सभा) ले योजना अनुमोदन गरेपछि विद्यालय शिक्षाको **१०** वर्षे योजना औपचारिक रूपमा कार्यान्वयनको लागि स्वीकृत भएको हो ।

**मस्यौदा लेखन कार्यदल**
विद्यालय शिक्षाको **१०** वर्षे योजना

# विषयसूचि


मेरो भन्नु
शुभकामना
दुईशब्द
योजनाको सारांश

**परिच्छेद १ : परिचय**

| | |
|---|---|
| १.१ वर्तमान अवस्था | १ |
| १.१.१ भौगोलिक अवस्थिति | २ |
| १.१.२ जनसाङ्ख्यिक संरचना | ३ |
| १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था | ४ |
| १.१.४ आर्थिक अवस्था | ५ |
| १.१.५ शैक्षिक अवस्था | ६ |
| १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण | ११ |
| १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण | १३ |
| १.४ योजना निर्माणको प्रक्रिया | १४ |

**परिच्छेद २ : लक्ष्य निर्धारण**

| | |
|---|---|
| २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार | १५ |
| २.२ दूरदुष्टि | १९ |
| २.३ लक्ष्य | १९ |
| २.४ उद्देश्य | १९ |
| २.५ रणनीति | २० |
| २.६ मुख्य कार्यसम्पादन सूचकहरू तथा लक्ष्य निर्धारण | २४ |

**परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू**

| | |
|---|---|
| ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा | |
| ३.१.१ परिचय | २७ |
| ३.१.२ वर्तमान अवस्था | २७ |
| ३.१.३ उद्देश्यहरू | २८ |
| ३.१.४ रणनीतिहरू | २८ |
| ३.१.५ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलापहरू, लक्ष्य | २९ |
| ३.२ आधारभूत शिक्षा | |
| ३.२.१ परिचय | ३१ |
| ३.२.२ वर्तमान अवस्था | ३१ |
| ३.२.३ उद्देश्यहरू | ३२ |
| ३.२.४ रणनीतिहरू | ३३ |

३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप लक्ष्य निधारण ३५
३.३ माध्यमिक शिक्षा
३.३.१ परिचय ३८
३.३.२ वर्तमान अवस्था ३८
३.३.३ उद्देश्यहरू ३८
३.३.४ रणनितीहरू ३९
३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप लक्ष्य निर्धारण ४०
३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा
३.४.१ परिचय ४३
३.४.२ वर्तमान अवस्था ४४
३.४.३ उद्देश्य ४४
३.४.४ रणनीतिहरू ४५
३.४.५ उपलब्धि र नतिजा ४५
३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य ४६
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ
३.५.१ परिचय ४६
३.५.२ वर्तमान अवस्था ४७
३.५.३ उद्देश्यहरू ४७
३.५.४ रणनीतिहरू ४७
३.५.५ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ४८
**परिच्छेद ४ : अन्तरसम्बन्धित क्षेत्रहरू**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन
४.१.२ परिचय ५०
४.१.२ वर्तमान अवस्था ५१
४.१.३ अवसर र चुनौतीहरू ५२
४.१.४ उद्देश्य ५२
४.१.५ रणनीतिहरू ५२
४.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ५३
४.२ शिक्षक व्यवस्थापन तथा विकास
४.२.१ परिचय ५६
४.२.२ वर्तमान अवस्था ५७
४.२.३ उद्देश्यहरू ५८
४.२.४ रणनीति ५८
४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ६०
४.३ शिक्षाा समता र समावेशीकरण
४.३.१ परिचय ६१

४.३.२ वर्तमान अवस्था ६२
४.३.३ चुनौती र अवसर ६२
४.३.४ उद्देश्यहरू ६३
४.३.५ रणनीतिहरू ६३
४.३.६ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ६४
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम
४.४.१ परिचय ६५
४.४.२ वर्तमान अवस्था ६६
४.४.३ चुनौती र अवसर ६६
४.४.४ उद्देश्यहरू ६७
४.४.५ रणनीतिहरू ६८
४.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ६९
४.५ विद्यालय सुरक्षा, विपतन्यूनीकरण तथा उत्थानशीलता
४.५.१ परिचय ७०
४.५.२ वर्तमान अवस्था ७१
४.५.३ अवसर तथा चुनौतीहरू ७१
४.५.४ उद्देश्य ७२
४.५.५ रणनीतिहरू ७३
४.५.६ उपलब्धि, नतिजा तथा क्रियाकलापहरू ७३
४.६ विद्यालयको भौतिक पूर्वाधार विकास
४.६.१ परिचय ७४
४.६.२ वर्तमान अवस्था ७५
४.६.३ अवसर तथा चुनौतीहरू ७६
४.६.४ उद्देश्य ७७
४.६.५ रणनीतिहरू ७७
४.६.६ उपलब्धि, नतिजा तथा क्रियाकलापहरू ७७
४.७ विद्यालया सूचना तथा सञ्चार प्रविधि
४.७.१ परिचय ७९
४.७.२ वर्तमान अवस्था ८०
४.७.३ अवसर तथा चुनौतीहरू ८०
४.७.४ उद्देश्य ८१
४.७.५ रणनीतिहरू ८१
४.७.६ उपलब्धि, नतिजा तथा क्रियाकलापहरू ८२
**परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन**
५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ८४
५.१.१ वर्तमान अवस्था ८५

५.१.२ उद्देश्य ८६
५.१.३ रणनीतिहरू ८६
५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप, लक्ष्य ८७
५.२ स्थानीय शिक्षाको योजना कार्यान्वयनको प्रबन्ध ८९

**परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन**

६.१ परिचय ९०
६.२ वर्तमान अवस्था ९०
६.३ अवसर तथा चुनौतीहरू ९१
६.४ उद्देश्य ९२
६.५ रणनीतिहरू ९२
६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान ९२
६.७ योजना कार्यान्वयन लागि वार्षिकरण नीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ९४

**परिच्छेद ७ : अनुगमन मूल्याङ्कन**

७.१ परिचय ९५
७.२ वर्तमान अवस्था ९५
७.३ अवसर तथा चुनौतीहरू ९५
७.४ उद्देश्य ९६
७.५ रणनीतिहरू ९६
७.६ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ९७

**सन्दर्भ सामग्रीहरू**

अनुसूची – २ : शिक्षा योजनाको लेखाजोखा (Plan Appraisal) ९९

**तालिकाहरू**

तालिका नं. १ : वडागत जनसङ्ख्या विवरण ३
तालिका नं. २ : जातिगत र लैङ्गिक संरचना ५
तालिका नं. ३ : शैक्षिक तथ्याङ्क (Flash Report २०८०) ८
तालिका नं. ४ : नगरको शैक्षिक अवस्था १०
तालिका नं. ५ : मुख्य कार्यसम्पादन सूचकहरू तथा लक्ष्य निर्धारण २४

**चित्रहरू**

चित्र नं. १ : उमेर र लैङ्गिक संरचना ४
चित्र नं. २ : आर्थिक अवस्था ६
चित्र नं. ३ : साक्षरता प्रतिशत ७

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले परिकल्पना गरे अनुसारको संघीय गणतन्त्रात्मक राज्य व्यवस्था अनुरुप संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील छन्। आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क गरेको छ भने माध्यमिक तहसम्मको शिक्षालाई निशुल्क गर्ने हकको सुनिश्चत गरेको छ। उक्त संविधानले निर्धारण गरेको प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले पनि शिक्षा सम्बन्धी हकहरूलाई प्रत्याभूत गरेको छ। साथै राष्ट्रिय शिक्षा नीति २०७६ संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति महत्वपूर्ण नीतिगत व्यवस्थाको रूपमा कार्यान्वयनमा रहेको छ।

नेपालको आधुनिक शिक्षाको इतिहास धेरै लामो छैन। राणाकालको सुरुवातदेखि औपचारिक शिक्षाको जग बसालेको भएता पनि व्यवस्थित रुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले शिक्षाको सुधार एवम् परिवर्तनका लागि कोशेढुंगाको रुपमा कार्य गरेको देखिन्छ। यसैगरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८–२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८ जस्ता आयोगका प्रतिवेदनहरु तयार गरी कार्यान्वयन भइसकेका छन्। यसका साथै विभिन्न परियोजना तथा कार्यक्रमहरू रेडियो शिक्षा, शिक्षक तालिम परियोजना २०३५, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९ दोश्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००३–२००८)का साथै सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१–२०१५), सहस्राब्दी विकास लक्ष्य (२०००–२०१५), विद्यालय क्षेत्र सुधार योजना (सन् २००९–२०१५), विद्यालय क्षेत्र विकास योजना (२०१६–२०२२), विद्यालय शिक्षा क्षेत्र योजना (२०२३–२०३०) एवम् दीगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५–२०३०) मा उल्लिखित उद्देश्य एवम् सूचकहरूलाई परिपूर्ति गर्न चौदण्डीगढी नगरपालिकाले शिक्षा क्षेत्रको योजना (Education Sector Plan –ESP) आगामी १० वर्षे शिक्षा विकासको दृष्टिकोण सहित सन् २०२४–२०३३(वि.स. २०८१–२०९०) का लागि तयार गरेको छ। संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखी शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरू स्थापित गरेको छ। ती प्राथमिकता र स्थानीय सरकारका शिक्षाका २३ वटा अधिकार, संघीय सरकारको शिक्षा क्षेत्रको १० वर्षे योजना, राष्ट्रिय शिक्षा नीति २०७६ एवम् १६ औं आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ। यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा

स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्ने नीतिगत व्यवस्था भएको छ । सामाजिक आर्थिक रूपान्तरणका लागि न्यूनत्तम सिकाइ वातावरणको सुनिश्चितता गर्दै विद्यालय उमेर समूहका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँचमा सुधार गर्ने लक्ष्य र यसैसँग सम्बन्धित उद्देश्य र क्रियाकलापहरू यस शिक्षा योजनाले निर्धारण गरेको छ । उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, गुणस्तरीय शिक्षामा विद्यालय उमेर समूहका सबैलाई सरल र सहज पहुँच वृद्धि गर्ने, लैङ्गिक समानता तथा समावेशीकरण, विपत् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिई दीर्घकालीन किसिमका योजनाको सूची (project bank) तयार तथा सहभागितामूलक योजना तर्जुमा, सरोकारवालाहरूको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ ।

स्थानीय सरकारले हरेक वर्ष वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था छ । हाल सर्त सहितको कार्यक्रम र बजेट विनियोजन भएता पनि आगमी दिनमा संघीय सरकारबाट एकमुष्ट बजेट प्राप्त हुने र त्यसबाट स्थानीय सरकारले आफ्ना आवश्यकताहरु निर्धारण गर्दा समग्र नगरको विकास र समृद्धिका लागि आँफैले वार्षिक कार्यक्रम बनाउनु पर्ने अवस्था सृजना हुने भएको छ । कोभिड **१९** ले पारेको शैक्षिक क्षतिको सिकाइ आपूरण तथा द्रुत सिकाइलाई समेट्ने एवम् विविध प्रकारका विपदहरुले आगामी दिनमा शिक्षा क्षेत्रमा पार्न सक्ने प्रभाव न्यूनीकरणको आँकलन गर्दै शिक्षा क्षेत्रको सुधारका लागि आफ्ना सीमित स्रोत साधन तथा शिक्षा क्षेत्र सुधारका असीमित आवश्यकता तथा समस्याहरूको सम्बोधनका लागि व्यावहारिक रूपमा कार्यान्वयन योग्य योजनाको विकल्प नभएको अवस्था छ । तसर्थ नगरपालिकाका माग र आवश्यकताहरू पूरा गर्न आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको **१०**वर्ष योजना तयार गर्नु आजको आवश्यकता रहेको हुँदा शिक्षा क्षेत्रको सुधार तथा विकासका लागि यो योजना तयार गरिएको छ ।

### १.१.१ भौगोलिक अवस्थिति

कोशी प्रदेशको पश्चिममा पर्ने उदयपुर जिल्लाको पूर्वी भू–भागमा अवस्थित **२८३.७८** वर्ग कि.मी क्षेत्रफल फैलिएको चौदण्डीगढी नगरपालिका साविकको बेल्टारबसाहा नगरपालिकामा चौदण्डीगढी, सिद्धिपुर, हडिया र सुन्दरपुर गाउँ विकास समितिहरूलाई गाभेर हाल **१०** वटा वडाहरुमा संगठित छ। यो नगरपालिका **२६°४१'२६"** उत्तरी आक्षांशदेखि **२६°५४'२७"** उत्तरी आक्षांशसम्म, **८६°४६'०७"** पूर्वी देशान्तरदेखि **८६°५९'३२"** पूर्वी देशान्तरसम्म फैलिएको छ । पूर्वमा उदयपुरको बेलका नगरपालिका, पश्चिममा त्रियुगा नगरपालिका अवस्थित छ भने उत्तरमा खोटाङ जिल्ला र भोजपूर जिल्लाको सीमाना जोडिएको छ भने दक्षिणमा सप्तरी जिल्लाको सीमाना पर्दछ । योनगरपालिकाको मुख्य आय स्रोत कृषि, पशुपालन, जडीबुटी, वैदेशिक रोजगार तथा व्यापार रहेको छ । वडा नं **१** स्थित ऐतिहासिक चौदण्डीगढी एउटा सुन्दर पर्यटकीय स्थलको रूपमा चिरपरिचित छ । उक्त

ठाउँबाट मकालु हिमाल, धनकुटाको पाख्रीबास, हिले, पात्लेपानी, सुनसरीको ईटहरी, मोरङको विराटनगर लगायत भोजपुरको केही भाग समेत अवलोकन गर्न सकिन्छ । उत्तर – पश्चिमतर्फ खोटाङको सुनपातल डाँडा आदि दृश्यावलोकन गर्न सकिने, उत्तरतर्फ विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको खुम्बु क्षेत्रको हिमश्रृंखला, चिसापानी, सोकपे डाँडा, दक्षिणतर्फ चौदण्डीगढी नगरपालिकाको सबै वडाका साथै, सप्तरी, सिराहा लगायत नेपाल भारतको विहारतर्फको सीमा क्षेत्र आदि दृश्यावलोकन गर्न सकिन्छ । चौदण्डीगढीमा एउटा निकै पुरानो दीर्घजीवी बरको वृक्ष छ जुन स्थानीयका अनुसार करिब ३५० वर्ष भएको अनुमान गरिएको छ ।

पन्धौँ शताब्दी ताकाका तत्कालीन राजा रुद्रसेनका छोरा मुकुन्द सेनले एउटा सबल राज्य खडा गरेकामा उनैका ६ भाइ छोराहरूको कचिङ्गलमा परेर राज्यलाई ६ टुक्रा गरी वाड्नु परेको थियो । त्यही क्रममा राज्य टुक्रिँदै, चोइटिदै जाँदा पूर्वतिर टुक्रिएको मकवानपुरको एक टुक्रा राज्य चौदण्डीगढीको रुपमा रहन गई नामाकरण भएको र यसै ऐतिहासिक ठाँउको नामबाट यस नगरपालिकाको नाम "चौदण्डीगढी" नामाकरण भएको हो ।

### १.१.२ जनसाङ्ख्यिक संरचना


राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या ५३६३१ रहेको छ । जस मध्ये पुरुष ४६.९ प्रतिशत (२५१५६ जना) र महिला ५३.१ प्रतिशत (२८४७४ जना) रहेको छ। सोही अनुसार लैङ्गिक अनुपात ८८.३५ रहेको छ। जनघनत्व १८९ जना प्रति वर्ग किलोमिटर रहेको छ भने यस नगरपालिकामा १२,७०३ घरघुरी रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको वडागत जनसंख्या विवरण तलको तालिका नं. १ मा देखाइएको छ ।

**तालिका नं १ : वडागत जनसंख्या विवरण**

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १६९१ | १७५१ | ३४४२ |
| २ | २३७८ | २७६० | ५१३८ |
| ३ | १८५३ | २१६३ | ४०१६ |
| ४ | ३२३० | ३७०६ | ६९३६ |
| ५ | २९९९ | ३३६० | ६३५९ |
| ६ | २६१० | २९४० | ५५५० |
| ७ | २८८१ | ३२३६ | ६११७ |
| ८ | १७७१ | १९५८ | ३७२९ |
| ९ | ३५३९ | ४००७ | ७५४६ |
| १० | २२०५ | २५९३ | ४७९८ |
| जम्मा | २५१५७ | २८४७४ | ५३६३१ |

प्रस्तुत तालिका नं १ ले नगरपालिकाको वडागत जनसंख्यालाई देखाएको छ । यस तालिका अनुसार वडागत जनसंख्यामा धेरै अन्तर रहेको छ । जनसंख्याको हिसाबले सबैभन्दा बढी जनसंख्या भएको वडाहरुमा क्रमशः वडा नं ९, वडा नं ४ र वडा नं ५ पर्दछन् भने यसो हुने मुख्य कारण भूगोल र व्यापार व्यवसायको तथा रैथानै जनसमुदाय नै रहेको तथ्य उल्लेख गरिन्छ । नगरपालिकाको कुल जनसंख्यालाई उमेर र लिङ्ग अनुसार अध्ययन गर्दा तलको पिरामिड प्रस्तुत गर्न सकिन्छ ।

**चित्र नं १ : उमेर र लैङ्गिक संरचना**




**श्रोत: जनगणना**, २०७८

माथिको चित्र नं १ (पिरामिड) लाई नियाल्दा **१५–१९** वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा बढी रहेको देखिन्छ भने त्यसै गरी **२०–२४** र **१०–१४** उमेर समूह क्रमशः दोस्रो र तेस्रो स्थानमा रहेका छन् । जनगणना **२०७८** को तथ्याङ्कले यस नगरपालिकाको जनसंख्याको संरचना उतार चढाव भैरहेको तथ्य पुष्टि गर्दछ ।

### १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था

चौदण्डीगढी नगरपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरू रहेका छन् । यहाँ बसोबास गर्ने प्रमुख दश जातिहरु क्षेत्री, राई, थारू, मगर, विश्वकर्मा, ब्राह्मण–पहाड, तामाङ, परियार, मिजार तथा नेवार रहेका छन् । यहाँ नेपाली, थारू,

चाम्लिङ, बान्तवा, मगर, मैथिली, राई बान्तबा र तामाङ आदि मातृभाषाहरु बोलिन्छन् । यस नगरपालिकामा हिन्दु धर्म मान्ने मानिसको सङ्ख्या उच्च रहेको छ । जनगणना **२०७८** को प्रतिवेदन अनुसार यस भेगमा मुख्य रूपमा बसोबास गर्ने **१०** (दश) जातजातिहरुको सङ्ख्या निम्न तालिका नं **२** मा प्रस्तुत गरिएको छ ।

**तालिका नं २ : जातिगत र लैङ्गिक संरचना**


| क्षेत्र | दुवै लिङ्ग | पुरुष | महिला |
|---|---|---|---|
| **क्षेत्री** | २४ | २४ | २४ |
| **राई** | २३ | २३ | २३ |
| **थारु** | १४ | १४ | १४ |
| **मगर** | ७ | ७ | ७ |
| **विश्वकर्मा** | ७ | ७ | ७ |
| **ब्राह्मण – पहाड** | ४ | ४ | ४ |
| **तामाङ** | ४ | ४ | ४ |
| **परियार** | ३ | ३ | ३ |
| **मिजार** | ३ | ३ | ३ |
| **नेवाः (नेवार)** | ३ | ३ | २ |

**श्रोतः जनगणना**, २०७८

१.१.४ आर्थिक अवस्था

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुर्‍याउने सरकारको महत्त्वकाङ्क्षी लक्ष्यलाई चौदण्डीगढी नगरपालिकाले टेवा दिन पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरूलाई अगाडि बढाएकोछ । यहाँका मानिसहरू मुख्यत कृषि पेसामा आवद्ध रहेको र आर्थिक स्तर माथि उकास्न अम्रिसो, धान, मकै, कोदो, निबुवा, कागती, नासपती, केरा र आँप लगायत उन्नत जातको पशुपालन, बीउविजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएका छन् । यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रूपमा फैलिएको कोभिड–**१९** ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ । जनगणना **२०७८** का अनुसार यस नगरपालिकाको आर्थिक रूपले सक्रिय जनसङ्ख्याको प्रतिशत **३१.९** रहेको छ भने त्यसैगरी कुनै न कुनै पेसामा सक्रिय सहितको जनसङ्ख्या रहेको आधारमा ९२.२ प्रतिशत रोजगारी रहेका छन् । चित्र नं **२** मा आर्थिक अवस्थाबारे देखाइएको छ ।

**चित्र नं. २ : आर्थिक अवस्था**




**श्रोतः जनगणना २०७८**


यस नगरपालिकाको आर्थिक अवस्थाको विश्लेषण गर्नु पर्दा प्रस्तुत चित्र नं २ मा देखाइए अनुसार एक तिहाइ भन्दा बढी जनसंख्या कुनै पनि आर्थिक क्रियाकलापमा संलग्न नहुने गरेको पाइन्छ । त्यस्तै १२.२ प्रतिशत जनसंख्या ३ महिनाभन्दा कम समय आर्थिक उपार्जनमा संलग्न हुने गरेको पाइएको छ । यस हिसाबले अध्ययन गर्दा यस नगरपालिकाको झण्डै आधा जनसंख्याको आर्थिक अवस्था न्यून स्तरको देखिएको हुँदा समग्रमा यस क्षेत्रको जनजीवन मध्यम स्तरको नै रहेको अनुमान लगाउन सकिन्छ ।

### १.१.५ शैक्षिक अवस्था

शिक्षा ऐन २०२८ को आठौं संशोधनले विद्यालय शिक्षालाई प्रारम्भिक बालविकास सहित आधारभूत तह र माध्यमिक तह गरी २ भागमा विभाजन गरेको हुँदा दुई प्रकारका शिक्षालयहरु यस भेगमा सञ्चालनरत छन् । जस अन्तर्गत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेर पुगेका बालबालिकाहरुलाई अध्ययन अध्यापन गराइन्छ । ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व यस नगरपालिकाको रहेको छ । नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गराई माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क

गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चाललनमा आएका छन् । यसैगरी चौदण्डीगढी नगरपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चाललनमा आएका छन् । राष्ट्रिय शिक्षा निति **२०७६** मा सबै तहको शिक्षालाई प्रतिस्पर्धी प्रविधिमैत्री रोजगारमूलक र उत्पादनशील बनाई देशको आवश्यकता अनुरुपको मानव संसाधन विकास गर्ने लक्ष्य राखेको छ । यसै गरी **१६** औँ योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको सोच राखेको छ सोही अनूरुप स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवाप्रवाहमा सामाजिक न्याय स्थापित गर्नु राष्ट्रिय उद्देश्य राखेको छ। यसै सन्दर्भमा यस नगरपालिकाले नेपालको संविधान **२०७२** र स्थानीय सरकार सञ्चालन ऐन **२०७४** मा उल्लेखित हक अधिकारको कार्यान्वयनका निम्ति नगर शिक्षा ऐन **२०७६** र सोही अनूरुप नगर शिक्षा नियमावली **२०७९**, शिक्षक कर्मचारी छनौट कार्यविधिहरू बनाई कार्यान्वयन गरिरहेको छ । यस नगरपालिकाको साक्षरताको अवस्थालाई नियाल्दा करिब **७८** प्रतिशत जनसङ्ख्या साक्षर रहेको देखिएको छ जुन राष्ट्रिय साक्षरता प्रतिशत भन्दा बढी नै छ । साक्षरताको अवस्थालाई जनगणना **२०७८** को तथ्याङ्क अनुसार चित्र नं **३** मा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**चित्र नं ३ : साक्षरता प्रतिशत**




**श्रोत: जनगणना,** २०७८

**अवस्था, उपलब्धि र अन्तर**

यस नगरपालिकामा हाल ४५ सामुदायिक विद्यालयहरू रहेका छन् जस अन्तर्गत एक परम्परागत विद्यालयको रुपमा कक्षा ३ सम्म मदरसा सञ्चालनरत छ । सामुदायिक अन्तर्गत आधारभूत तहका २६ र माध्यमिक तहका १९ वटा रहेका छन्। यस नगरपालिकामा बालविकास केन्द्रहरू ५८ वटा, प्राविधिक विद्यालयहरू ३ वटा र १ वटा नमुना विद्यालय रहेका छन् । यी सामुदायिक विद्यालयहरूमा इमिसमा शै.स. २०८१ का लागि ८७७५ छात्रछात्राको विवरण अद्यावधिक गराई अध्ययन गराइ रहेका छन्। जस मध्ये बालविकास केन्द्रमा ५७५ जना छात्रा र ५६० जना छात्र, कक्षा १–५ मा १६७३ जना छात्रा, १६१८ जना छात्र, कक्षा ६–८ मा १३१३ जना छात्रा र ११३७ जना छात्र, माध्यमिक तह कक्षा ९–१२ मा ९९० जना छात्रा ९०९ जना छात्रहरू अध्ययनरत रहेको तथ्याङ्क पाइन्छ । त्यसैगरी २ वटा सामुदायिक क्याम्पसमा मुख्य गरी शिक्षा शास्त्र तथा वाणिज्य शास्त्रु अन्तर्गत अंग्रेजी, नेपाली, स्वास्थ्य, लेखा, बजार शास्त्र, अर्थशास्त्र लगायतका विषयहरू पढाइ भइरहेका छन्। यी दुवै सामुदायिक क्याम्पसले यस क्षेत्रको उच्च शिक्षाको माग सम्बोधन गर्दै करिब ४५० भन्दा बढी विद्यार्थीहरूको आवश्यकतालाई परिपूर्ति गरेको छ । सबै नागरिकहरूको शैक्षिक पहुँच सुनिश्चिगतता गर्न अनौपचारिक शिक्षा तर्फ ४ वटा सामुदायिक सिकाइ केन्द्र समेत सञ्चालनरत रहेको अवस्था छ। संस्थागत विद्यालयतर्फ कुल २१ वटा विद्यालयहरू सञ्चालन भएकोमा आधारभूत तहका १० र माध्यमिक तहका ११ वटा विद्यालयहरूले शै.स. २०८१ मा कुल ४८५६ को हाराहारीमा छात्रछात्राहरूलाई अध्यापन गराइ रहेको अवस्था छ ।

यस नगरपालिकाको स्थापना सँगै शिक्षामा जोड दिँदै आइएको छ। हरेक वर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिँदै आएको देखिन्छ । विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतीको विषय रहेको छ । CEHRD Flash Report २०८० को आधारमा केही शैक्षिक तथ्याङ्कहरूलाई तलको तालिका नं ३ मा विश्लेषण गरिएको छ ।

**तालिका नं ३ शैक्षिक तथ्याङ्क** (Flash Report)

| | | |
|---|---|---|
| इसिडिको कुल भर्नादर | छात्रा | १०२.४ |
| | छात्र | ११०.२ |
| | जम्मा | १०६.४ |
| इसिडिको खुद भर्नादर | छात्रा | ७७.२ |
| | छात्र | ८६.४ |
| | जम्मा | ८१.९ |

| | | |
|---|---|---|
| कुल प्रवेश दर कक्षा १ | छात्रा | १२४.० |
| | छात्र | ११९.९ |
| | जम्मा | १२१.९ |
| खुद प्रवेश दर कक्षा १ | छात्रा | ९६.४ |
| | छात्र | ९६.१ |
| | जम्मा | ९६.२ |
| कुल भर्ना दर कक्षा १ बाट ५ | छात्रा | ११८.४ |
| | छात्र | १२३.१ |
| | जम्मा | १२०.८ |
| खुद भर्ना दर कक्षा १ बाट ५ | छात्रा | ९५.६ |
| | छात्र | ९५.४ |
| | जम्मा | ९५.५ |
| कुल भर्ना दर कक्षा ६ बाट ८ | छात्रा | १२८.६ |
| | छात्र | १२१.७ |
| | जम्मा | १२५.१ |
| खुद भर्नादर कक्षा ६ बाट ८ | छात्रा | ९५.३ |
| | छात्र | ९६.९ |
| | जम्मा | ९६.१ |
| कुल भर्ना दर कक्षा १ बाट ८ | छात्रा | १२२.१ |
| | छात्र | १२२.६ |
| | जम्मा | १२२.४ |
| खुद भर्ना दर कक्षा १ बाट ८ | छात्रा | ९५.५ |
| | छात्र | ९५.९ |
| | जम्मा | ९५.७ |
| कुल भर्ना दर कक्षा ९ बाट १० | छात्रा | ९५.३ |
| | छात्र | ९६.८ |
| | जम्मा | ९६.० |
| खुद भर्ना दर कक्षा ९ बाट १० | छात्रा | ७६.७ |
| | छात्र | ७९.९ |
| | जम्मा | ७८.३ |
| कुल भर्ना दर कक्षा ११ बाट १२ | छात्रा | ७३.५ |
| | छात्र | ५४.८ |
| | जम्मा | ६४.० |

| | | |
|---|---|---|
| खुद भर्ना दर कक्षा ११ बाट १२ | छात्रा | ४१.० |
| | छात्र | २९.९ |
| | जम्मा | ३५.४ |
| कुल भर्ना दर कक्षा ९ बाट १२ | छात्रा | ८४.२ |
| | छात्र | ७४.४ |
| | जम्मा | ७९.३ |
| खुद भर्ना दर कक्षा ९ बाट १२ | छात्रा | ५८.५ |
| | छात्र | ५३.३ |
| | जम्मा | ५५.९ |
| कक्षा ८ सम्मको टिकाउ दर | छात्रा | ८७.० |
| | छात्र | ८७.७ |
| | जम्मा | ८७.३ |

**श्रोतः** CEHRD Flash Report २०८०

**तालिका नं. ४ : शैक्षिक अवस्था**

| | | दोहोऱ्याउने दर | छोड्ने दर | उतिर्ण दर |
|---|---|---|---|---|
| कक्षा १–५ | छात्रा | ३.८ | २.८ | ८९.५ |
| | छात्र | ४.१ | ३.० | ८८.९ |
| | जम्मा | ३.९ | २.९ | ८९.२ |
| कक्षा ६–८ | छात्रा | २.२ | २.० | ९३.५ |
| | छात्र | २.८ | ३.७ | ९०.३ |
| | जम्मा | २.५ | २.८ | ९१.९ |
| कक्षा ९–१० | छात्रा | ०.८ | १.० | ९५.० |
| | छात्र | १.३ | १.९ | ९३.६ |
| | जम्मा | १.० | २.६ | ९४.३ |
| कक्षा ११–१२ | छात्रा | ०.० | ०.७ | ९१.५ |
| | छात्र | ०.० | १.१ | ९१.५ |
| | जम्मा | ०.० | ०.९ | ९१.५ |

**श्रोतः** CEHRD Flash Report, २०८०

यसरी तथ्याङ्कलाई विश्लेषण गर्दा प्रारम्भिक बाल विकास केन्द्रको कुल भर्नादर र खुद भर्नादर क्रमशः १०६.४ प्रतिशत र ८१.९ प्रतिशत देखिएको छ । यस तथ्याङ्कले बालबालिकाहरू सही उमेरमा प्रारम्भिक बाल कक्षामा भर्ना हुने नगरेको देखिन्छ । अझै पनि १८.१ प्रतिशत बालबालिकाहरूको प्रारम्भिक बालकक्षाको उमेर (४ वर्ष) मा भर्ना हुने अवस्था सिर्जना गर्नु पर्ने चुनौती छ । त्यसैगरी आधारभूत तह (कक्षा १–५) मा ४.५ प्रतिशत बालबालिकाहरू अझ पनि विद्यालय बाहिर रहेका छन् । कक्षा ८

सम्मको टिकाउदर हेर्दा पनि १२.७% बालबालिकाहरू प्रणालीमा टिकाउ हुन नसकेको देखिन्छ । त्यसैगरी कक्षा दोहोऱ्याउने दर र कक्षा छोड्ने दर पनि उच्च देखिन्छ । बालबालिकाको सही उमेरमा सही समयमा भर्ना नहुने कुराको तथ्य पनि कुल भर्ना दरले देखाएको छ । यसरी हेर्दा प्रणालीगत सक्षमतामा पनि सुधारको क्षेत्रहरू देखिएका छन् ।

यस पालिकाको समग्र सिकाइ उलब्धि९१.७२ प्रतिशत मात्र रहेको देखिन्छ भने कक्षा ८ मा १.६ माथिको ग्रेड ल्याउन विद्यार्थी प्रतिशत ८७.३ प्रतिशत मात्र रहेको छ भने एसइइमा १.६ माथिको ग्रेड ल्याउने विद्यार्थी प्रतिशत ९४.२९ प्रतिशत मात्र रहेको छ । यी शैक्षिक अवस्थालाई थप सुधार गर्न यस शिक्षा योजनाले विशेष जोड दिनेछ ।

१.२ **मुख्य समस्या तथा चुनौतीको विश्लेषण** :

यस नगरपालिकाको विद्यालय शिक्षामा देखिएका समस्याहरूले शिक्षाको गुणस्तरमा गम्भीर चुनौतीहरू सिर्जना गरेका छन् । विद्यालय जाने उमेरका सबै बालबालिकाहरूको पूर्ण भर्ना हुन नसक्नु पहिलो ठूलो समस्या हो, जसले विद्यालयको पहुँच र जनचेतनाको कमीलाई स्पष्ट पार्छ । दिवा खाजा मापदण्ड बमोजिम कार्यान्वयन गर्न नसक्नुले पोषण र विद्यार्थीको उपस्थिति घट्ने समस्यालाई थप गम्भीर बनाएको छ । तालिम प्राप्त शिक्षकहरूले आफ्नो ज्ञान र सीपलाई प्रभावकारी रूपमा लागु गर्न नसक्नु र यसैगरी, अंग्रेजी, विज्ञान, र गणित विषयका शिक्षकहरूको अभाव, तालिम प्राप्त शिक्षकहरूले प्राप्त गरेका ज्ञान र सीपको प्रभावकारी कार्यान्वयन गर्न नसक्नु, र शिक्षक विद्यार्थी अनुपात मिलाउन नसक्नुले सिकाइ प्रक्रियामा अवरोध सिर्जना गरेको छ । दरबन्दी पुनर्वितरण गर्न नसक्नु, विद्यालय नक्सांकन गर्न नसक्नु, र सिकाइ उपलब्धीमा देखिएका कमजोरीले नगरपालिकाका विद्यालयहरूमा शैक्षिक व्यवस्थापन कमजोर रहेको संकेत गर्दछ । विद्यालयमा विद्यार्थी टिकाउन नसक्नु, शिक्षक–विद्यार्थी अनुपात मिलाउन नसक्नु र धार्मिक विद्यालयलाई मुख्यधारमा समावेश गर्न नसक्नुले पनि समावेशी र गुणस्तरीय शिक्षाको आवश्यकता देखाउँछ । आन्तरिक स्रोत जुटाउन नसक्नु, शिक्षामा पर्याप्त लगानीको अभाव र विद्यालयहरूको नियमित अनुगमन नहुनु, यी सबै समस्याहरूले विद्यालयहरूको व्यवस्थापनमा चुनौती थपेको छ ।

कक्षा ८ को नगर स्तरीय वार्षिक परीक्षा, कक्षा १० को एसईई, र कक्षा १२ को एसएलसीको नतिजा लगातार खस्कँदै जानुले शिक्षा व्यवस्थाको खस्कँदो अवस्थामा रहेको संकेत गर्दछ । यी नतिजाहरूले विद्यार्थीहरूको सिकाइ स्तर कमजोर हुनुको साथै, शिक्षामा आधारित दक्षता अभाव भएको देखाउँछ । शिक्षालाई प्रविधिसँग जोड्न नसक्नु, विद्यालयमा शिक्षकहरूको अनुपस्थितिको दर उच्च हुनु, र अभिभावक–शिक्षक सम्बन्धमा सुधार ल्याउन नसक्नुले पनि शिक्षा योजनाको खाँचो महशुस गराएको छ । यी समस्याहरूको समाधानका लागि, दिगो शिक्षा योजना आवश्यक छ, जसले शिक्षामा स्रोत व्यवस्थापन, शिक्षकहरूको क्षमता विकास, विद्यार्थीहरूको नियमितता सुनिश्चित गर्ने, र शैक्षिक संरचनालाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

शिक्षकहरूको पेसागत सहयोग प्रणाली र स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्न नसक्नु, सरोकारवालाहरूको सहभागिता नहुनु र प्रविधिसँग शिक्षालाई जोड्न नसक्नु जस्ता समस्याहरूले शिक्षामा नवीनता र सुधार आवश्यक भएको देखाउँछ । अभिभावकहरूको सचेतनाको कमीले

विद्यार्थीको नियमितता कायम राख्न कठिनाइ उत्पन्न गरेको छ, जबकि शिक्षकहरूको अनुपस्थिति, भौतिक संरचनाको अभाव र बालमैत्री वातावरणको कमीले विद्यालयलाई शिक्षण–सिकाइका लागि उपयुक्त स्थान बनाउन समस्या उत्पन्न गरेको छ । यी सबै चुनौतीहरूले चौदण्डीगढी नगरपालिकामा दिगो, समावेशी, र गुणस्तरीय शिक्षा योजनाको खाँचो महशुस गराएको छ, जसले स्थानीय स्तरमै स्रोत साधन जुटाउन, शिक्षकहरूको क्षमता विकास गर्न, र प्रविधिलाई समेटेर शिक्षामा सुधार ल्याउन मद्दत पुर्‍याउनेछ । यद्यपि यस नगरपालिकाको विद्यमान समस्याहरूलाई बुँदागत रुपमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

- विद्यालय जाने उमेरका सबै बालबालिकाहरुको भर्ना गर्न नसक्नु ।
- दिवा खाजा मापदण्ड बमोजिम कार्यान्वयन गर्न नसक्नु ।
- तालिम प्राप्त शिक्षकले प्राप्त गरेका ज्ञान सीप र दक्षतापूर्ण रुपमा कार्यान्वयन गर्न नसक्नु ।
- अंग्रेजी विज्ञान र गणित शिक्षकको व्यवस्थापन गर्न नसक्नु ।
- दरबन्दी पुनर्वितरण गर्न नसक्नु ।
- सिकाइ उपलब्धी कमजोर हुनु ।
- विद्यार्थी टिकाउन नसक्नु ।
- विद्यालय नक्साङ्कन गर्न नसक्नु ।
- शिक्षक विद्यार्थी अनुपात मिलाउन नसक्नु ।
- विद्यालयमा तहगत र विषयगत शिक्षकको कमी ।
- धार्मिक विद्यालयलाई मूल प्रवाहीकरण गर्न नसक्नु ।
- विज्ञ जनशक्ति परिचालनको अभावमा विद्यालयको नियमित अनुगमन गर्न नसक्नु ।
- शिक्षकको पेसागत सहयोग प्रणाली कार्यान्वयन गर्न नसक्नु ।
- स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गर्न नसक्नु ।
- सरोकारवालाहरूको अपेक्षित सहभागिता र अपनत्व विकास नहुनु ।
- शिक्षालाई प्रविधिसँग जोड्न नसक्नु र प्रविधिको अभाव ।
- अभिभावक सचेतनाको कमी ।
- विद्यार्थी नियमितता गराउन नसक्नु ।
- शिक्षकको अनुपस्थिति बढी हुनु ।
- पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्न नसक्नु ।
- विद्यालयको व्यवस्थापन तथा सुशासनलाई प्रभावकारी बनाउन नसक्नु ।
- विव्यस, शिअसं कर्तव्य र दायित्वबोधको कमी ।
- शिक्षकमा दायित्वबोधको कमी ।
- भौतिक संरचना अभाव तथा पहुँचयोग्य र बालमैत्री नहुनु ।
- शैक्षिक सामग्री तथा ल्याबको अभाव रहनु आदि ।

### १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण :

यस नगरपालिकाको विद्यालय शिक्षा योजना विद्यालय शिक्षालाई सुदृढ, समावेशी र गुणस्तरीय बनाउन लक्षित छ । शिक्षामा संलग्न सबै पक्षको सहभागिता, सुशासन र पहुँचलाई सुनिश्चित गर्दै आर्थिक स्रोतको प्रभावकारी व्यवस्थापनमार्फत नगरपालिकाको शिक्षालाई नयाँ उचाइमा पुऱ्याउनु यसको मुख्य उद्देश्य हो । यसले शिक्षामा देखिएका विविध चुनौतीहरूको समाधान गर्न प्रयास गर्दछ, साथै विद्यमान अवसरहरूको पहिचान गरी उनीहरूलाई सदुपयोग गर्ने दिशामा काम गर्छ । चौदण्डीगढी नगरपालिकाको शिक्षा योजनाको SWOT विश्लेषणमा निम्न चुनौतीहरू (Weaknesses) र अवसरहरू (Opportunities), साथै बलियो पक्ष (Strengths) र जोखिमहरू (Threats) समेटिन्छन् :

| तत्वहरू | उदाहरणहरू |
|---|---|
| **सवल पक्ष (Strengths)** | – संवैधानिक र कानुनी प्रबन्धले शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको,<br>– स्थानीय तहलाई विद्यालय शिक्षामा व्यापक अधिकार,<br>– निःशुल्क र अनिवार्य शिक्षा प्रणालीको विस्तार,<br>– प्रविधिमैत्री शिक्षणको प्रयोग,<br>– विद्यालयको नक्साङ्कन र व्यवस्थापनमा सुधार आदि । |
| **कमजोरीहरू (Weaknesses)** | – विद्यालय उमेर समूहका बालबालिकाको पूर्ण भर्ना नहुनु,<br>– अंग्रेजी, विज्ञान र गणित शिक्षकको अभाव,<br>– विद्यालयमा आधारभूत भौतिक संरचनाको कमी,<br>– प्रविधिमा आधारित शिक्षणमा जनशक्तिको अभाव आदि । |
| **अवसरहरू (Opportunities)** | – साक्षरता दरमा सुधार र लैङ्गिक समता कायम हुँदै जानु,<br>– प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तारको सम्भावना,<br>– संघीय र स्थानीय सरकारको शिक्षामा लगानी र प्रतिबद्धता,<br>– अन्तर्राष्ट्रिय साझेदारहरूबाट शिक्षा क्षेत्रमा सहयोग आदि । |
| **जोखिमहरू (Threats)** | – आन्तरिक र बाह्य बसाइँसराइको प्रवृत्ति,<br>– सामुदायिक विद्यालयप्रतिको जनविश्वासमा कमी,<br>– योग्य शिक्षकको नटिक्नु,<br>– प्राकृतिक प्रकोप र महामारीले विद्यालय पूर्वाधारमा क्षति पुऱ्याउने जोखिम आदि । |

चौदण्डीगढी नगरपालिकाको शिक्षा योजनामा बलियो पक्ष र अवसरहरूको उच्चतम सदुपयोग गर्दै कमजोरी र जोखिमहरूलाई समाधान गर्न योजनाबद्ध ढङ्गले अघि बढ्न यो योजना तयार पारिएको हो । विशेषतः विद्यालय शिक्षामा सामुदायिक सहभागिता अभिवृद्धि, भर्नादर सुधार, शिक्षक व्यवस्थापन र प्रविधिको सशक्त प्रयोगमा ध्यान दिएर योजनालाई दिगो बनाउनु चुनौतीको समाधान हुनेछ ।

**१.४ योजना निर्माणको प्रक्रिया**

शिक्षा सार्वजनिक सरोकारको विषय हो र यसको आमूल परिवर्तनका लागि व्यवस्थित तथा संरचनागत कार्यक्रम आवश्यकता पर्दछ । शिक्षा योजनाले वर्तमान परिवेशलाई आत्मसात् गर्दै भावी पुस्ताको आवश्यकतालाई समेट्ने प्रयास गर्नु पर्दछ । यस शैक्षिक योजनालाई सर्वस्वीकार्य तथा सबै वर्गको समान सहभागिता सुनिश्चित गराउने बनाउन, सुझाव संकलन तथा Review समेत गर्नको लागि योजना निर्माणका लागि तपशिल बमोजिमको प्रक्रिया अबलम्बन गरिएको छ :

- शिक्षा शाखा प्रमुख तथा योजना शाखा पदाधिकारीलाई शिक्षा योजना निर्माणका लागि आ.व. २०८०।८१ मा युएसएड प्रारम्भिक कक्षा सिकाइ मार्फतबाट २ दिने क्षमता विकास तालिम प्रदान गरिएको थियो ।
- मिति २०८१।०३।२७ को बैठकले श्री रामेश्वर कुंवरको संयोजकत्वमा नगर शिक्षा योजना निर्माणका लागि १३ सदस्य भएको एक योजना निर्माण समिति बनेको ।
- मिति २०८१।०५।०५ को बैठकले श्री रामेश्वर कुंवरको संयोजकत्वमा १३ सदस्यीय शिक्षा योजना मस्यौदा लेखन समिति बनेको ।
- मिति २०८१।०५।०५ योजना निर्माणको लागि युएसएआइडी प्रारम्भिक कक्षा सिकाइको प्राविधिक सहयोगमा शिक्षा समिति, योजना निर्माण कार्य समिति र योजना मस्यौदा लेखन कार्यदलका सदस्यहरूलाई एक दिने समीक्षा बैठक सञ्चालन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको ।
- शिक्षा शाखाको नेतृत्वमा तथा लेखन कार्यदलबाट नियमिति रुपमा शैक्षिक तथ्याङ्कहरू संकलन विश्लेषण भएको ।
- मिति २०८१।०५।२० मा लेखन कार्यदलको नेतृत्वमा मस्यौदा तयारको लागि लेखन कार्यशाला सञ्चालन गरिएको ।
- मिति २०८१।०६।०७ गते प्रधानाध्यापक बैठकमा प्रअहरुबाट सुझाव तथा अपेक्षा संकलन र योजनामा समावेश गर्ने विषय समावेश गरेको ।
- पहिलो मस्यौदा माथि सबै सरोकारवालाहरूको सहभागितामा सुझाव संकलन कार्यशाला मिति २०८१।०६।१६ गते सञ्चालन भएको ।
- योजना लेखन कार्यशाला पश्चात प्राविधिक तथा लेखन समितिले पृष्ठपोषण सहित तयार पारेको योजनाको मस्यौदामाथि थप सल्लाह सुझाबका लागि जननिर्वाचित पदाधिकारी तथा शिक्षा सरोकारवालाहरूसँग मस्यौदामाथि सल्लाह सुझाब संकलन गरेको थियो ।
- प्राप्त सल्लाह सुझावलाई समेटी नगर शिक्षा योजनालाई अन्तिम रुप प्रदान गरेको थियो ।
- मिति २०८१।०९।१६ गते सर्व पक्षीय सरोकारवालाहरूको बैठकबाट आवश्यक सुझावहरूसहित रणनीतिहरू परिमार्जन गरेको ।
- नगरपालिकाको १६ औं हिउँदे अधिवेशन (नगर सभा) ले यस योजनालाई अनुमोदन गरेको थियो र मिति २०८१।०९।१६ गते स्वीकृति प्रदान गरेको ।

# परिच्छेद २ : लक्ष्य निर्धारण

२.१ **स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार** :

शिक्षा योजना निर्माणका लागि नेपाल सरकारका कानूनी र नीतिगत प्रावधानहरू आधार बनाइन्छ । नेपालका संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, र अन्य कानुनी दस्तावेजहरू (जस्तैः अनिवार्य र निःशुल्क शिक्षा ऐन, शिक्षा नीति २०७६, आदि) मुख्य स्रोतका रूपमा प्रयोग गरिन्छ । संघीय, प्रदेश, र स्थानीय तहबीच समन्वय स्थापित गर्दै शिक्षा योजनालाई समग्र विकास रणनीतिसँग मिलाएर निर्माण गर्नुपर्छ । योजना निर्माण गर्दा स्थानीय तहको जनसाङ्ख्यिक, सामाजिक, सांस्कृतिक, र आर्थिक अवस्था, विद्यालयहरूको वर्तमान स्थिति, भर्नादर, शैक्षिक उपलब्धि, सिकाइ सामग्री र भौतिक पूर्वाधारहरूको अवस्थाको विश्लेषण गरी प्राथमिकता निर्धारण गर्नुपर्छ । साथै, समावेशी शिक्षा, लैङ्गिक समानता, बालमैत्री वातावरण, प्रविधिमा आधारित शिक्षण प्रणाली र अनुगमनका प्रभावकारी प्रणालीको व्यवस्थापन गरिनु पर्छ ।

२.१.१ संवैधानिक प्रावधान

धारा ३१

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ ।

धारा ५१ राज्यका नीतिः (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति :

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,

यसै गरी धारा ३८ को महिलाको हक सम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हक सम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हक सम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

### २.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४

दफा ११ (२) ज (स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार)

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन,
५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन,
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
८. विद्यालयको नामकरण,
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन,

दफा २४ योजना बनाई कार्यान्वयन गर्नेः

क) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने छ ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छ :

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ ।

ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ ।

२.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी) :

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमा सम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीय स्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ ।

२.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था : स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ ।
२. चारवर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ ।
३. दफा १४ अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने ।
४. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने ।
५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने
६. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था
७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा
८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने
९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था
१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकता अनुसार क) सामुदायिक सिकाई केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम । (नियम ३)
११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ । (नियम ४)

१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाई शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम । (नियम ५)

१३. छात्रवृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोत कक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधा सहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि) । (नियम ६)

१४. जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिको छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ ।

## २.२ **दूरदृष्टि**

"विद्यालयलाई नीति, विधि र प्रविधिले चलाउँछौं, समतामूलक गुणस्तरीय शिक्षाको केन्द्र बनाउँछौं"

## २.३ **लक्ष्य**

सामाजिक आर्थिक रूपान्तरणका लागि न्यूनतम सिकाइ वातावरणको सुनिश्चिततता गर्दै विद्यालय उमेर समूहका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको पहुँचमा सुधार गर्ने ।

## २.४ **उद्देश्य**

- प्रारम्भिक बालविकासदेखि माध्यमिक तहको शिक्षासम्म सबै बालबालिकाको पहुँचमा वृद्धि गर्नु ।
- सिकाइका लागि न्यूनतम सिकाइ वातावरणको अवस्थामा सुधार गर्नु ।
- शिक्षकको पेसागत विकासको प्रणाली लागू गर्नु ।
- विद्यालय शिक्षाको सिकाइ उपलब्धिमा सुधार गर्नु ।
- विद्यालय नेतृत्वको पारदर्शिता, सुशासन, उत्तरदायित्व र जवाफदेहितामा अभिवृद्धि गर्नु ।
- आधारभूत तहको स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्नु ।
- अपाङ्गता भएका बालबालिकाहरूको विद्यालय तहको शिक्षामा पहुँच अभिवृद्धि गर्नु ।
- अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु ।
- आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि गर्नु ।
- प्राविधिक, व्यावसायिक तथा प्रविधिमैत्री शिक्षाको न्यून स्तरको जनशक्ति तयार गर्नु ।

## २.५ रणनीति

- हरेक वर्षको शैक्षिक सत्रको पहिलो महिनाभित्र विद्यालय स्तरमा वि.व्य.स. र शि.अ.सं. आमा समूह नेतृत्वमा एक कार्यदल निर्माण गरी निश्चित फारामको आधारमा लक्षित वर्गसम्म पुगी भर्ना अवस्थाको यकिन गरी भर्ना अभियानलाई सशक्त र सबल बनाउने ।
- पहिचानका आधारमा विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई शैक्षिक लगायतका आवश्यक सामाग्रीको व्यवस्थापन गरी भर्ना गर्ने ।
- विद्यालय आउन नसक्ने बाल बालिकाका लागि कार्यविधि निर्माण गरी गृहशिक्षा सञ्चालनका लागि लागु गर्ने ।
- निश्चित उमेर समूहका बालबालिकाहरूलाई विद्यालयमा समय मै भर्ना गराउनका लागि तथा अभिभावक सचेतनाका लागि शैक्षिक सत्रको सुरुवात मै निश्चित अभिभावक शिक्षा प्याकेजको विकास गरी हरेक विद्यालयबाट नै अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- बालबालिकाको टिकाउका लागि प्र.अ.को नेतृत्वमा कार्यदल गठन गरी विद्यालय छाड्नका कारण पहिचान गरी सुझावका आधारमा बाल बालिका टिकाउ सुधार कार्यक्रम लागु गर्ने ।
- सिकाइका लागि न्यूनतम वातावरण सुनिश्चित गर्न वार्षिक रूपमा निश्चित खाकाका आधारमा विद्यालयको अवस्था पहिचान गरी वि.सु.यो.मा आधारित भई प्रस्तावना मार्फत "**विद्यालयको विविध आवश्यकता र शैक्षिक समस्या समाधानमा पूर्णता**" कार्यक्रम लागू गर्ने ।
- शिक्षकको पेसागत विकास र सहयोगका लागि वार्षिक रूपमा प्रमाणीकरण तालिम, शिक्षक मेन्टरिङ, छोटो अवधिको कस्टमाइज्ड तालिम, कार्यमूलक अनुसन्धान, सिकाइ सञ्जाल, सहपाठी कक्षा अवलोकन तथा सहपाठी सिकाइ, स्वमूल्याङ्कन र विज्ञ समूह परिचालन गर्ने ।
- सिकाइ सुधारको लागि शिक्षण सुधार योजना (TIP) लाई पूर्ण रूपमा कार्यान्वयनमा लाने ।
- **एक पाठ एक शैक्षिक सामग्री**को अवधारणालाई अनिवार्य कार्यान्वयनका लागि प्र.अ. समक्ष मासिक प्रतिवेदन पेश गर्ने प्रबन्ध मिलाइने छ र सबै भन्दा बढी शैक्षिक सामग्री निर्माण गर्ने शिक्षकलाई वार्षिक रूपमा विद्यालयबाट सम्मान गर्ने ।
- विद्यालय तहका सबै कक्षामा कम लागत अर्थात् Low cost no cost मा आधारित शिक्षण सिकाइ तथा सन्दर्भ सामग्री सहित व्यवस्थापन गर्ने ।
- **एक कक्षा एक विद्यार्थी**का लागि सिर्जनात्मक कुनाको स्थापना गरी कक्षाकोठा व्यवस्थापना गर्ने ।

- शिक्षकसँग आफ्नो विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तकको प्रयोगलाई पूर्ण रूपमा कार्यान्वयन ल्याउने र सोही बमोजिम कक्षाकोठामा सिकाइ सहजीकरण प्रक्रिया भए नभएको सुनिश्चत गरी त्यसको अनुगमन सहित मासिक प्र.अ. बैठकमा प्रतिवेदन पेश गर्ने प्रबन्ध मिलाउने ।
- शिक्षकको पेसागत विकासको लागि वार्षिक रूपमा **पालिका स्तरीय शैक्षणिक सम्मेलन** गर्ने ।
- विद्यालयको शिक्षक अभावलाई सम्बोधनका लागि **विद्यालय समायोजन**, **दरबन्दी मिलान**, **नगर शिक्षकको प्रबन्ध**, **स्वयंसेवक शिक्षक**को प्रबन्ध मिलाउने ।
- शिक्षकको अनुपस्थितिलाई न्यूनीकरण गर्नको लागि विदा पूर्व स्वीकृत लिने व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयन गर्ने ।
- **नछोडौं विद्यालय परिसर खाली**, **बनाऔं विद्यालय हरियाली** कार्यक्रम मार्फत सबै सामुदायिक विद्यालयको सरसफाइ, बगैंचा तथा हरित पार्क निर्माणको व्यवस्था वडा मार्फत व्यवस्था गर्न पहल गर्ने ।
- शिक्षक अनुपस्थितिको कारण खाली परियड भएको अवस्थामा अतिरिक्त शिक्षकले शिक्षण गरे बापत त्यसको मूल्याङ्कन गरी थप प्रोत्साहन प्रदान गर्ने तथा विद्यार्थीलाई **साथी शिक्षक** को व्यवस्था गरी प्रबन्ध गर्ने ।
- हरेक विद्यालयमा महिनाको कम्तिमा **१** दिन सम्बन्धित विद्यालयले शिक्षण कार्यलाई बाधा नपर्ने गरी आफ्नो विद्यालयको जनशक्ति वा नजिकको विद्यालय वा स्थानीय तहको सहयोगमा शिक्षकको आवश्यकताको विषयवस्तुमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।
- प्रारम्भिक बाल विकास केन्द्रको सिकाइ सुधारका लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम **२०७७** लाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइने छ र कार्यान्वयन नभएका विद्यालयलाई नियमित रुपमा विद्यालयमा जाने प्रति विद्यार्थी अनुदानलाई रोक्का गर्ने ।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि "**पढ्नको लागि सिक्ने**" धारणा सहित क्रमिक सिकाइ सहजीकरण रणनीतिलाई पूर्ण कार्यान्वयनमा लाने ।
- बालबालिकाहरूको सिकाइ सुधारको लागि न्यूनत्तम सिकाइ वातावरण सुधार गर्दै प्रारम्भिक कक्षा **१–३** को पढाइ तथा गणितीय सीप केन्द्रित क्रियाकलापहरूलाई जोड दिने ।
- वार्षिक रूपमा वडागत रूपमा शैक्षिक सामग्री सहितको सिकाइ मेला आयोजना गर्न वडा शिक्षा समिति मार्फत गर्ने ।
- विद्यालयमा हुने हरेक गतिविधिहरू वडा शिक्षा समितिसँगको समन्वयमा कार्यान्वयन गर्ने ।

- प्रारम्भिक कक्षामा छापामय कक्षाकोठा व्यवस्थापन, शिक्षण सिकाइ सामग्री, सन्दर्भ पढाइ तथा गणितीय सामग्रीको व्यवस्थापन, विद्यालयमा सिकाइ मेला तथा प्रतियोगिता सञ्चालन, शिक्षकको क्षमताको विकास तथा पेसागत विकासमा सहयोग, कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइ सीप परीक्षण, बालबालिकाहरूका लागि प्रारम्भिक पहिचान कार्यक्रम जस्ता क्रियाकलापहरू गर्ने ।
- शिक्षा सिकाइ र अनुभवका लागि शैक्षिक भ्रमणको अभ्यासलाई कार्यान्वयनमा गर्ने ।
- सिकाइका लागि मूल्याङ्कनको अवधारणालाई अवलम्बन गर्दै कक्षा १ बाट ३ सम्म थिमगत मूल्याङ्कन र ४ बाट १२ सम्म आन्तरिक र बाह्य मूल्याङ्कनलाई पूर्ण रुपमा लागू गर्ने र त्यसको निश्चत साधनको आधारमा अनुगमन गरी त्यसको प्रतिवेदन सहित समीक्षा गर्ने ।
- विद्यालय स्तरमा विद्यालयले र पालिका स्तरमा शिक्षा शाखाले विद्यार्थीको सिकाइ उपलब्धिको विभिन्न सूचकका आधारमा विश्लेरषण गरी सिकाइ उपलब्धी सम्बन्धी एक प्रतिवेदन तयारी गरी सबै सरोकारवालाहरूको सहभागितामा वर्षको कम्तिमा १ दिन वार्षिक रुपमा छलफल अन्तरक्रिया गर्ने अभ्यासको सुरुवात गर्ने ।
- विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि अनिवार्य रूपमा विद्यालयले विद्यालयमा शिक्षण नभएको समयमा विद्यालयमा वा समुदाय स्तरमा नै मुख्य विषयहरुको वा सुधारको क्षेत्रहरू आधारमा उपचारात्मक वा सुधारात्मक कक्षा सञ्चालन गर्ने । उक्त कार्यको लागि सम्बन्धित विद्यालयले विद्यार्थीका अभिभाबकहरू तथा पालिकाबाट आर्थिक स्रोत व्यवस्थापन हुने व्यवस्था मिलाउने ।
- न्यून सिकाइ उपलब्धि भएको विषयगत शिक्षकसँग छलफल गरी सुधारको योजना बनाउन लगाइ सुधारको अभियान गर्ने ।
- **शिक्षण सिकाइ सुधारको लागि शिक्षक डायरीको व्यवस्था** गरी पूर्ण रूपमा त्यसको कार्यान्वयन गर्ने ।
- विद्यालयको नेतृत्वलाई वार्षिक रूपमा क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गर्ने ।
- **सबै सामुदायिक विद्यालयका प्र.अ.को नियुक्ति** सरकारले तोकेको मापदण्डलाई पूर्ण रुपमा क्रमशः कार्यान्वयनमा लाने ।
- पालिकाले वार्षिक रूपमा विद्यालयको प्र.अ.सँगको कार्यसम्पादन करार सम्झौता गरी कार्यान्वयनमा लाने । उक्त सम्झौता अनुसारको कार्य सम्पादन मूल्यांकनको आधारमा वार्षिक रूपमा प्र.अ.लाई थप प्रोत्साहन भत्ता प्रदान गर्ने ।
- **प्र.अ. करार सम्झौताको अवधि (५ वर्ष)** कार्यसम्पादन मूल्यांकन गरी करार अवधिलाई बढाउने/नबढाउने व्यवस्था गर्ने ।

- नगर अनुगमन समिति मार्फत विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्याङ्कन गर्ने ।
- नगर शिक्षा समितिले एक निश्चित मापदण्ड तयार गरी वार्षिक रूपमा पालिकास्तरीय **उत्कृष्ट वडा, विद्यालय, शिक्षक, प्रअ, विव्यस, र विद्यार्थीको घोषणा** गरी पुरस्कृत गर्ने ।
- विद्यालयको समग्र शिक्षा प्रणालीलाई थप सहयोगका लागि कम्तिमा "**एक विद्यालय एक अक्षय कोष**" र शैक्षिक गुणस्तर सुधार पूर्व विद्यार्थी सञ्जाल निर्माण गरी स्रोतको खोजी गर्न अभिप्रेरित गर्दै स्रोत व्यवस्थापन गर्ने रणनीति लिने ।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिताका लागि विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन गर्ने । हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।
- सरकारले तोके बमोजिम नै विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखा परीक्षणलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने । उक्त कार्यको सघन रूपमा शिक्षा शाखाबाट मूल्याङ्कन गरी गुणस्तर यकीन गर्ने र उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोडिने अभ्यासलाई कार्यान्वयनमा लाने ।
- समयमा तथ्याङ्क अद्यावधिक नगर्ने तथा प्रभावकारी अभिलेख नराख्ने कार्यलाई कम गर्न उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोड्ने ।
- निश्चित सूचक र खाकाको विकास गरी **एक वडा एक नमुना विद्यालय** को अवधारणालाई कार्यान्वयन गर्न नमुना सामुदायिक विद्यालय हाम्रो प्रयास कार्यक्रम लागु गर्ने ।
- स्थानीय विज्ञहरूको परिचालन गरी स्थानीय आवश्यकता विषयवस्तु समेटेर आधारभूत तहको स्थानीय पाठ्यक्रम विकास गरी त्यसलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।
- कक्षाकोठा भित्र सुनिश्चित सिकाइ वातावरणको सिर्जना गर्दै क्षतिपूर्ति सहितको सामुदायिक शिक्षाको आधार तयार पार्न एक कार्यविधि तयार गरी त्यसलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।
- बालिका समावेशी शिक्षा सञ्जाल निर्माण तथा गुनासो संयन्त्र निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वय गर्दै विद्यालयमा सुरक्षित वातावरण निर्माणको अभियान सञ्चालन गर्ने ।
- साक्षर भएका व्यक्तिहरुलाई निरन्तर सिकाइ र सीप विकासको लागि सामुदायिक सिकाइ केन्द्रलाई महिनामा कम्तिमा ४ पटक सेवा क्षेत्र भित्रका सामुदायमा आवश्यकता अनुरुप सहजीकरण गर्ने व्यवस्था मिलाउने ।
- निरन्तर सिकाइका लागि माध्यमिक तहका विद्यार्थीहरूलाई परियोजना कार्यका रूपमा जोड्दै लाने ।

- संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिका स्तरमा एक छुट्टै योजना तयार गरी नियमित विद्यालय सञ्चालन गर्ने वातावरण मिलाउने ।
- विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको वैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा लाने ।
- उच्च शिक्षा तथा प्राविधिक एवम् यावसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि थप प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गर्ने ।
- प्रिन्सिपल एसोशियन अफ नेपाल (PAN) सँगको सहकार्य र समन्वयमा शैक्षिक अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने ।
- माध्यमिक तहमा **पढ्दै कमाउँदै कार्यक्रम** लाई सबै विद्यालयमा क्रमशः लागु गर्ने ।

**२.६ मुख्य कार्यसम्पादन सूचकहरू तथा लक्ष्य निर्धारण :**

| **मुख्य कार्यसम्पादन सूचक** | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **तह** | **सुचांक** | **आधार वर्ष २०८१** | **मध्यम वर्ष २०८५** | **अन्तिम वर्ष २०९०** |
| १.१ | प्रारम्भिक बाल विकास | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर ८ (%) | १०६ | १०३ | १०० |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्नादर ८ | ८१.९ | ९० | ९८ |
| १.३ | | न्यूनतम योग्यता पूरा भएका शिक्षक २ (%) | ८४.२ | ९० | १०० |
| १.४ | | आधारभूत तालिम प्राप्त शिक्षक २ (%) | ५२.६ | ६० | ७० |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका ८ (%) | ८०.९० | ९० | ९८ |
| २.१ | आधारभूत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेशदर ८ (%) | ९६.२ | ९८ | १०० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेशदर ८ (%) | १२१.९ | ११२ | १०५ |
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १–५) मा खुद भर्नादर ८ (%) | ९५.५ | ९८ | १०० |

| क्र. सं. | तह | सुचांक | आधार वर्ष २०८१ | मध्यम वर्ष २०८५ | अन्तिम वर्ष २०९० |
|---|---|---|---|---|---|
| २.४ | आधारभूत तह | आधारभूत तह (प्राथमिक कक्षा १–५) मा कुल भर्नादर ८ (%) | १२०.८ | ११० | १०५ |
| २.५ | | आधारभूत तह (कक्षा ६–८) मा खुद भर्नादर ८ (%) | ९६.१ | ९८ | १०० |
| २.६ | | आधारभूत तह (कक्षा ६–८) मा कुल भर्नादर ८ (%) | १२५.१ | ११२ | १०५ |
| २.७ | | आधारभूत तह (कक्षा १–८) मा खुद भर्नादर ८ (%) | ९५.१ | ९७ | १०० |
| २.८ | | आधारभूत तह (कक्षा १–८) मा कुल भर्नादर ८ (%) | १२२.४ | ११२ | १०५ |
| २.९ | | आधारभूत तह(कक्षा १–८) खुद भर्नादरमा लैङ्गिक समता सूचक ८ | १ | १ | १ |
| २.१० | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर८ (%) | ८७.३ | ९३ | ९६ |
| २.१२ | | विद्यालय वाहिर रहेका बालबालिका ८ (%) कक्षा १–८ | ४.९ | २ | ० |
| ३.१ | माध्यमिक तह | माध्यमिक तह (कक्षा ९–१२) मा खुद भर्नादर ८ (%) | ५५.९ | ६० | ७० |
| ३.२ | | माध्यमिक तह (कक्षा ९–१२) मा कुल भर्नादर ८ (%) | ७९.३ | ८५ | ९० |
| ३.३ | | कक्षा १–१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक ८ | ०.९८ | १ | १ |
| ४.१ | अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ | ५ वर्ष माथिको साक्षरता दर ३ | ७७.९ | ८१ | ८६ |
| ४.२ | | ५–२४ वर्षको साक्षरता दर ३ | ९६.९ | ९७.५ | ९८.१ |
| ४.३ | | १५ वर्ष माथिको साक्षरता दर ३ | ६४.३ | ६५ | ६६ |
| ५.१ | महिला शिक्षक प्रतिशत | आधारभूत तह (कक्षा १–८) | ४२ | ४५ | ५० |
| ४.२ | | माध्यमिक तह (कक्षा ९–१२) | १९ | २२ | २५ |
| ६.१ | PMEC पूरा गरेका विद्यालयको प्रतिशत | बाल विकास २ | १९ | २९ | ४१ |
| ६.२ | | आधारभूत तह २ (१–८) | ५ | १५ | २१ |
| ६.३ | | माध्यमिकतह २ | ९ | १४ | १९ |

| क्र. सं. | तह | सुचांक | आधार वर्ष २०८१ | मध्यम वर्ष २०८५ | अन्तिम वर्ष २०९० |
|---|---|---|---|---|---|
| ६.४ | स्थानीय तहमा शिक्षाको वजेट प्रतिशत | कुल वजेटको शिक्षा क्षेत्रमा विनियोजित वजेट ४ (%) (संघीय र स्थानीय दुबैको) | ३६.८८ | ३८.१ | ४० |
| ७.१ | छोड्ने दर | आधारभूत तह ८ (कक्षा १–५) | २.९ | १.३ | १.२ |
| ७.२ | | आधारभूत तह ८ (कक्षा ६–८) | २.८ | १.६ | ०.५ |
| ७.३ | | माध्यमिक तह ८ (कक्षा ९–१०) | २.६ | १.६ | ०.६ |
| ८.१ | दोहोऱ्याउने | आधारभूत तह ८ (कक्षा १–५) | ३.९ | २.९ | १.९ |
| ८.२ | | आधारभूत तह ८ (कक्षा ६–८) | २.५ | १.५ | ०.५ |
| ८.३ | | माध्यमिक तह ८ (कक्षा ९–१०) | २.६ | १.६ | ०.६ |
| ९.१ | सिकाइ उपलब्धि दर | कक्षा ८ मा ३.२ देखि ३.६ जिपिए ल्याउने ८ % | १३ | २० | ३० |
| ९.२ | | कक्षा ८ मा ३.६ देखि ४.० जिपिए ल्याउने ८ % | ३ | १० | २० |
| ९.३ | | कक्षा ३ को सिकाइ उपलब्धी नेपाली ८ | ८२ | ८८ | १०० |
| ९.४ | | कक्षा ३ को सिकाइ उपलब्धी गणित ८ | ८४ | ९० | १०० |

**श्रोतहरू** :
*Education Flash report 2080
@इमिस 2081(educationbranchcnp076@gmail.com)
#Population Census 2078
$chaudandigadhimun.gov.np

परिच्छेद : ३

# विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१ परिचय

विद्यालयको औपचारिक कक्षा सुरु हुनु पूर्व उमेर समूहका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्न तथा आधारभूत शिक्षा (कक्षा १) का लागि तयारी हुन सहयोग गर्ने शिक्षा प्रारम्भिक बालविकास शिक्षा हो। सर्वाङ्गीण विकास अन्तर्गत बालबालिकाको शारीरिक बौद्धिक, सामाजिक रसंवेगात्मक विकास पर्दछन् । कुनै एक पक्षमा कमजोरी हुँदा बालबालिकाको व्यक्तित्व विकासमा बाधा पुग्दछ, त्यसैले बालबालिकालाई लेखपढ मात्र गराउनेभन्दा खेलकुद, संगीत तथा विभिन्न क्रियाकलापका माध्यमबाट सबै पक्षको सन्तुलित विकासमा जोड दिनुपर्छ। बालबालिकाहरूलाई पठन सिप तथा गणितीय सिपको विकास गरी कक्षा १ का लागि पूर्ण तयारी गराउन प्रचलित शिक्षा ऐन तथा नियमावलीमा नै चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास शिक्षा कार्यक्रम संचालन हुने व्यवस्था गरिएको छ ।

### ३.१.२ वर्तमान अवस्था

यस नगरपालिकामा ५० वटा संघीय सरकारबाट अनुदान प्राप्त हुने र ८ वटा नगर पालिकाबाट अनुदान प्राप्त हुने सामुदायिक विद्यालयमा जम्मा ५८ वटा बालविकास कक्षाहरू संचानल भएका छन्।। यस नगरपालिका भित्र ४ वर्ष उमेर पूरा भएका अर्थात बालविकास शिक्षा प्राप्त गर्ने उमेर समूहका जम्मा बालबालिकाको सङ्ख्या २४१५ रहेको छ भने हाल सामुदायिक विद्यालयमा ११४१ जना बालबालिका भर्ना भई अध्ययन गरिर हेका छन्। यसरी हेर्दा उनीहरूको सहजै देखिने भर्नादर १०६ प्रतिशत र खुद भर्नादर ८२ रहेको छ । कक्षा १ मा प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहितको भर्नादर ८१ प्रतिशत रहेको छ (श्रोतः emis.cehrd.gov.np & projected data by cehrd २०८०)। यस नगरपलिका भित्रका बालविकास केन्द्रमा कार्यरत सबै शिक्षकहरू महिला हुनुहुन्छ । यस नगरपालिका भित्रका बालविकास केन्द्रहरूको भौतिक र शैक्षिक अवस्था ज्यादै थोरै विद्यालयको मात्र सन्तोषजनक रहेको छ। बालविकास कक्षामा अध्ययन गर्ने बालबालिकाका अभिभावकहरूलाई हालसम्म कुनै पनि प्रकारको शिक्षा प्रदान गर्न सकिएको छैन ।

प्रारम्भिक बाल विकास तथा शिक्षा अन्तर्गत विविध प्रकारका समस्याहरू विद्यमान रहेका छन् । ती मध्ये यस नगरपालिका अन्तर्गत देखिएका प्रमुख समस्याहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- बालबालिकाको संख्याको आधारमा समानुपातिक रूपमा बालविकास कक्षाहरू वितरण नहुनु ।
- बालविकास शिक्षाको तोकिएको उमेरभन्दा कम र बढी उमेरका बालबालिकाहरू सहभागी हुँदा सिकाइ सहजीकरणमा कठिनाई हुनु ।
- सबै बालविकास कक्षाहरूमा तोकिएको मापदण्ड पूरा नहुनु ।
- भौगोलिक विकटताका कारणले सहज पहुँचको सुनिश्चितता नहुनु ।
- बालबालिकाको पढाइप्रति अभिभावकहरू उदासिन हुनु ।
- बालविकास सहजकर्ताहरूलाई तोकिए बमोजिमको क्षमता विकास प्रदान गर्न नसक्नु ।

३.१.३ **उद्देश्यहरू :**

सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो । यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :–

- मापदण्ड पूरा भएको बालमैत्री भौतिक व्यवस्थापन गर्नु ।
- प्रारम्भिक बालविकास शिक्षामा पहुँच र गुणस्तर बढाउनु ।
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।
- विशेष आवश्यकता भएका बालबालिकाहरूलाई शिक्षाको अवसर प्रदान गर्नु ।
- सबै बालबालिकाहरूलाई बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गर्नु ।

३.१.४ **रणनीतिहरू :**

- यस नगरपालिकाले तय गरेका प्रारम्भिक बालविकास शिक्षाको उद्देश्यहरू हासिल गर्न निम्न लखित रणनीतिहरू अवलम्बन गरिनेछ :–
- नक्साङ्कनका आधारमा बालविकास केन्द्र स्थापना, समायोजन र पुनःवितरण गरी उपयुक्त पूर्वधारसहितको बालमैत्री वातावरण तयार पारी प्रारम्भिक बालविकास शिक्षाको अवसर विस्तार गर्ने ।
- बालबालिकाको सर्वाङ्गीण विकासका लागि सुविधा सम्पन्न बालविकास केन्द्र र बालविकास कक्षाको व्यवस्थापन सहित नवीनतम् प्रविधिको उपयोग गरी सिकाइमा गुणस्तर कायम गर्ने ।
- तोकिएका उमेर समूहका सबै बालबालिका लागि बालविकास शिक्षा अनिवार्य बनाउने ।
- प्रत्येक वडामा नमूना बालविकास केन्द्र बनाउन प्रोत्साहित गर्ने ।

- सबै बालविकास केन्द्रमा तोकिएको मापदण्ड पूरा गरी बालविकास शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ।
- बालविकासका शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्न तालिम लगायतका अवसरहरू प्रदान गर्ने ।
- बालविकासका शिक्षकहरूको समायानुकूल पारिश्रमिक वृद्धि गर्ने ।
- अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरी बालबालिकालाई नियमित विद्यालय पठाउने तथा सिकाइ सामग्रीको व्यवस्थापन गर्न वातावरण सिर्जना गर्ने ।

**अवसर र चुनौतीहरू :**

- बाल विकास शिक्षाको उमेर पुगेका सबै बालबालिकाहरूलाई बालविकास केन्द्रमा पुऱ्याउनु ।
- सबै बालविकास केन्द्रलाई मापदण्ड अनुसार व्यवस्थापन गर्नु ।
- तुलनात्मक रूपमा न्यून पारिश्रमिक भएकाले त्यहाँ कार्यरत शिक्षकलाई उत्प्रेरित गर्नु ।
- अभिभावक सचेतना तथा अभिमुखीकरण तालिम संचालन गर्नु ।

### ३.१.५ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलापहरू र लक्ष्य

**उपलब्धि**

१. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

२. प्रारम्भिक बालविकास तहको कूल तथा खुद भर्नादर १०० पुगेको हुनेछ ।

३. प्रारम्भिक बालविकास तहमा न्यूनतम योग्यता पुगेका शिक्षक सत प्रतिशत पुगेको हुनेछ ।

४. कक्षा १ मा नव प्रवेश गर्ने प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त गर्ने बालबालिका १०० प्रतिशत पुगेको हुनेछ ।

**प्रमुख नतिजाहरू**

यस योजनाको अन्त्यसम्ममा निम्नानुसार नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ :

१. ४ वर्षका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास र शिक्षामा सहज पहुँच हुनेछ ।

२. उमेर समूह सबै बालबालिकाहरू प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ ।

३. सबै बालविकास केन्द्र र कक्षाहरूमा न्यूनतम मापदण्ड पूरा भएको हुनेछ ।

४. प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनमा परिवारको जिम्मेवारी बोध हुनेछ ।

५. बालविकासका शिक्षकले नियमित पारिश्रमिक प्राप्त गर्ने छन् ।

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य निर्धारण

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सघन भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | बालविकास केन्द्रको नक्साङ्कन तथा बालविकास केन्द्रको थपघट हुने र पुनःवितरण | विद्यालय | | १ | १ | | १ | ३ | ४ | |
| ३ | एक वडा एक नमुना बालविकास केन्द्रको विकास | विद्यालय | | १ | १ | १ | १ | ५ | १० | |
| ४ | कक्षा १ मा भर्ना हुनका लागि बालविकास र शिक्षाको अनुभवलाई अनिवार्य गर्ने नीतिगत निर्णय | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | बालविकासका बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि आमालाई सचेतना कार्यक्रम सञ्चालन | जना | १५० | २०० | २५० | ३०० | ३५० | १२५० | १६०० | |
| ६ | बालविकास र शिक्षाका शिक्षकहरूलाई प्रविधिमा आधारित सिप अनुशासन, संस्कार र सरसफाई लगायतको तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | न्यून मापदण्ड अनुसार सुरक्षित, बालमैत्री अपाङ्गतामैत्री शौचालय खेल सामग्री र खेल मैदानको व्यवस्थापन | विद्यालय | १ | २ | ४ | ५ | ७ | १९ | २६ | |
| ८ | बालविकास र शिक्षाका मापदण्डहरूको प्रबोधीकरण | पटक | | १ | | | | १ | २ | |
| ९ | बालविकास सहजकर्ताहरूलाई टिपिडि मोडेलको प्रमाणिकरण तालिम | शिक्षक | ५ | ५ | ५ | ५ | ४ | २५ | ५८ | |
| १० | बालविकास र शिक्षाका शिक्षकलाई थप पारिश्रमिक प्रदान | शिक्षक | ५८ | ५८ | ५८ | ५८ | ५८ | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

औपचारिक वा अनौपचारिक दुवै माध्यमबाट कक्षा १ देखि कक्षा ८ सम्म दिइने शिक्षा आधारभूत शिक्षा हो। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्छ। नेपालको परिवेश हेर्दा अझै पनि कतिपय बालबालिकाहरू विधि कारणले औपचारिक शिक्षा भन्दा बाहिर रहेका छन् । विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई पनि अनौपचारिक शिक्षामार्फत आधारभूत तहको शिक्षाको दायरामा ल्याउनु राज्यको दायित्व भित्र पर्दछ । आधारभूत तहको शिक्षाले व्यक्तिलाई निरन्तर सिकाइको मार्ग प्रदान गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। नेपालको संविधान २०७२ ले आधारभूत शिक्षा प्राप्त गर्ने हकलाई मौलिक हकका रूपमा लिएको छ ।

त्यसै गरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तब्य हुनेछ भनी उल्लेख गरेको छ । आधारभूत शिक्षामा पहुँच तथा गुणस्तर सुनिश्चित गर्नका लागि आधारभूत विद्यालय, शिक्षणको भाषाका रूपमा मातृभाषाको प्रयोग, सक्षम शिक्षक एवम् सहयोगी सामग्रीको उपलब्धता, विद्यार्थी विश्वसनीय परीक्षणको प्रावधान, अपाङ्गता भएका विद्यार्थीका आवश्यकताको सम्बोधनका लागि पाठ्यक्रमको निरन्तर पुनरावलोकन तथा परिमार्जनको व्यबस्था गर्ने विद्यालय क्षेत्र विकास योजनाको लक्ष्य छ । नेपालको संविधान (२०७२) ले विद्यालय तहको शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारभित्र पनि राखेको छ । जे होस् सम्पूर्ण बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न तीनै तहका सरकारहरू जिम्मेवार हुनुपर्ने देखिन्छ ।

आधारभूत तह कक्षा (१–३), कक्षा ४–५ र कक्षा ६–८ सञ्चालन भएका विद्यालयहरूलाई विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ ले विद्यालय शिक्षाको पुनःसंरचना गरी कक्षा १–८ लाई आधारभूत शिक्षाको रूपमा परिभाषित गरेको छ।

### ३.२.२ वर्तमान अवस्था

यस चौदण्डीगढी नगरपालिकाभित्र हाल कक्षा १–३ संचालित ५ वटा, कक्षा १–५ सञ्चालित ७ वटा, कक्षा ६–८ संचालित १० गरी जम्मा आधारभूत विद्यालयको संख्या २२ र हेका छन्। यस विवरणलाई तलको तालिका नं. ५ बाट पनि हेर्न सकिन्छ ।

**तालिका नं ५ आधारभूत तहको वर्तमान अवस्था**

| **क्षेत्रहरू** | **शै.स.** २०८० |
|---|---|
| सामुदायिक विद्यालयको संख्या | २२ |
| संस्थागत विद्यालयको संख्या | १२ |
| कक्षा १–३ को विद्यालयको विद्यार्थी संख्या | ३३९५ |
| कक्षा १–५ को विद्यालयको विद्यार्थी संख्या | ५६३६ |
| कक्षा १–८ को विद्यालयको विद्यार्थी संख्या | ८९६६ |
| कक्षा १–५ को उत्तीर्ण प्रतिशत | ८९.१६ |
| कक्षा १–८ को उत्तीर्ण प्रतिशत | ९०.५३ |
| पालिकागत कक्षा (१–८) को सिकाइ उपलब्धिस्तर | ७७ |
| आधारभूत तह (६–८) खुद भर्नादर | ९६.१ |
| आधारभूत तह (१–८) खुद भर्नादर | ९५.१ |
| कक्षा ८ सम्मको टिकाउदर | ८७.३ |
| आधारभूत तहमा महिला शिक्षक अनुपात | १.३५ |
| आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात | २२.८९ |

**श्रोत**: Flash report २०२३/२४

माथिको तालिकालाई विश्लेषण गर्दा यस नगरपालिकामा कूल **२२** वटा आधारभूत तह सञ्चालित विद्यालयहरू छन् ती विद्यालयहरूमा **६९५६** जना विद्यार्थीहरू अध्ययनरत छन भने संस्थागत विद्यालय **१२** वटा छन जस्मा **२०१०** जना विद्यार्थी गरी कूल **८९६६** जना आधारभूत तहमा अध्ययनरत छन्। यस पालिकाको कक्षा **१–५** र **१–८** को उत्तीर्णदर क्रमश ८९.१६ र ९०.५३ देखिएको छ भने कक्षा **१–८** को खुद भर्नादर ९५.१ प्रतिशत देखिएको छ। त्यसै गरी सन **२०२३/२४** को फ्ल्यास प्रतिवेदन अनुसार यस पालिकाको कक्षा ८ सम्मको टिकाउ दर ८७.३ प्रतिशत देखिंदा अझै पनि **१२.७** प्रतिशत बालबालिकाहरूले आधारभूत तह पूरा गर्न नसकेको देखिन्छ। यस पालिकामा पुरुषको तुलनामा महिला शिक्षकको संख्या कमी देखिए पनि प्रति **३** जना पुरुष बराबर एक जना महिला शिक्षक हुनु पर्ने कानूनी मान्यता अनुसार यो अनुपात भने ठिकै देखिएको छ। आधारभूत तहमा शिक्षक विद्यार्थी अनुपात भने प्रति एक शिक्षक बराबर कुल **२३** जना विद्यार्थी हुन आएको छ।

३.२.३ **उद्देश्यहरू :**

चौदण्डीगढी नगरपालिकाको **१०** वर्षे शिक्षा योजनाको आधारभूत तहका उद्देश्यहरू निम्नानुसार रहेका छन्।

क) आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागितामा सुनिश्चिरत गर्ने।

ख) विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरण सुधार गरी विद्यालयलाई बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउने।

ग) सबै बालबालिकाको आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गरी सिकाइ उपलब्धिमा उल्लेख्य सुधार गर्ने ।

घ) आधारभूत तह उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालयमा भर्ना गरी अनिवार्य शिक्षाको पहुँचमा सुनिश्चितता गर्ने ।

३.२.४ **रणनीतिहरू** :

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गर्ने –

- विद्यालय नक्साङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चितता गरी विद्यालय दरवन्दीलाई पुनःवितरण तथा समायोजन गर्ने ।
- सेवा क्षेत्रमा विद्यालय बाहिर रहेका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी उनीहरूको आवश्यकताका आधारमा विभिन्न सेवा सुविधा प्रदान गर्दै विद्यालयमा आउने वातावरण तयार गरी उनीहरूका पहुँचमा सुनिश्चितता गर्ने ।
- मापदण्डका आधारमा विद्यालयको वातावरण अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री बनाउन भौतिक संरचनाहरूको पुनःनिर्माण तथा सुधार गर्ने ।
- वैकल्पिक, अनौपचारिक, खुला, परम्परागत, धार्मिक तथा सिकाइ लक्षित, प्रोत्साहनमूलक कार्यक्रम र आवसीय सुविधा आदि कार्यक्रम संचालन गर्ने ।
- सूचना तथा संचार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच र दक्षता वृद्धि गरी शिक्षण सिकाइमा अधिकतम मात्रामा प्रयोग गर्ने ।
- शिक्षकलाई पेसागत विकासका लागि तालिमको आवश्यक वातावरण मिलाई उनीहरूले सिकेको कुरालाई कक्षा कोठामा अनिवार्य कार्यान्वयन गर्ने वातावरण बनाउने ।
- शिक्षकले कक्षाकोठामा बिताउने समय पद्धति सुधारको कार्यविधि कार्यान्वयनमा लाने ।
- मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अंङ्को रूपमा कक्षा १–३ मा कार्यसञ्चिका (Port–folio) लाई अनिवार्य गर्ने तथा कक्षा ४–८ मा पाठ्यक्रमले तोकेको आन्तरिक मूल्याङ्कनका साथै पक्षहरूलाई कार्यान्वयन गर्ने ।
- कक्षा १–३ सम्मका बालबालिकाहरूको नेपाली, गणित र अंग्रेजी विषयको क्षमतामा अभिवृद्धि गर्न तथा पठन सिपको विकास गर्नका लागि पठनसिपमा आधारित कक्षा कोठालाई सिकाइमैत्री बनाई सिकाइ क्रियाकलापहरूलाई प्रभावकारी बनाउने ।
- कक्षा ४ र ५ सम्मका बालबालिकाहरूका लागि बालमैत्री सिकाइ वातावरणका लागि छापामय कक्षाकोठा व्यवस्थापनको सुनिश्चितता गर्दै समयानुसार जीवनोपयोगी, व्यावहारिक, गणितीय सिप विकास सम्बन्धी क्रियाकलापहरू संचालन गर्ने ।
- कक्षा ६ देखि कक्षा ८ सम्म आधारभूत तह पूरा गर्ने प्रत्येक उमेर समूहका बालबालिकाहरूमा रहेका अन्तरनिहित प्रतिभा प्रस्फुटनका अवसरलाई सुनिश्चितता गर्ने ।

- कक्षा १–८ सम्मका बालबालिकाको शिक्षण सिकाइ अभिवृद्धिका लागि पालिका स्तरीय शैक्षिक मेला आयोजना गर्ने ।
- आफ्ना नानीहरूको पठन पाठन सम्बन्धी अभिभावकहरूलाई जागरूक बनाउनका लागि अभिभावक सचेतना कार्यक्रम गर्ने र बढी जिम्मेवार अभिभावकको मूल्याङ्कन गरी पालिका स्तरीय सम्मान कार्यक्रम संचालन गर्ने ।
- आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरी पालिकाभित्रका सबै विद्यालयहरूमा कार्यान्वयन गर्ने ।
- स्थानीय स्तरमा उत्पादन गरिएका पौष्टिक आहारलाई दिवा खाजामा समावेश गरिनेछ ।
- नगरभरिका सम्पूर्ण आधारभूत विद्यालयहरूमा इन्टरनेट सेवाको पहुँच विस्तार गर्दै प्रविधिमैत्री सिकाइ वातावरण निर्माण गर्ने ।
- विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरिनेछ ।
- विद्यालयमा रहेका वि.व्य.स., सि.अ. संघ, आमा समूहलाई अद्यावधिक गरी विद्यार्थी भर्ना अभियानमा सक्रिय रूपले सहभागी गराई विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय आउने वातावरण सृजना गर्ने ।
- शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउनका निम्ति पुस्तकालय, ई–पुस्तकालय, साइन्स तथा आइसिटी ल्याबको व्यवस्थापन आधारभूत तहमा पनि गर्दै लाने ।

**चुनौती तथा अवसरहरू** :

- निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागितामा सुनिश्चितता गर्नु ।
- सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु ।
- विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्गमैत्री, बालमैत्री, छात्रामैत्री बनाउनु ।
- विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउनु ।
- सूचना तथा सञ्चार प्रविधिमा दक्षता वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु ।
- आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य गर्नु ।
- खुद भर्नादर शतप्रतिशत पुऱ्याउने, कक्षा दोहोर्‍याउने र छोड्ने दरमा कमी ल्याउनु ।
- शिक्षकहरूको विषयगत र कक्षागत दरबन्दीको व्यवस्था मिलाउनु ।
- आवश्यकता अनुसार अतिरिक्त कक्षा सञ्चालन गर्नु ।
- पोषण, स्वास्थ्य तथा दिवा खाजा लगायत विपन्न विद्यार्थी सहायता प्रणाली स्थापना गर्नु ।

- विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा विकास गर्नु र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी परीक्षालाई विश्वसनीय र वैध बनाउनु ।
- विद्यालयमा आवश्यक दक्ष र सीपयुक्त जनशक्तिको व्यवस्थापन र विद्यालयमा उपलब्ध दक्ष र सीपयुक्त जनशक्तिको सदुपयोग गर्नु ।

**३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण :**

**उपलब्धि**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुनेछ ।
- सबै बालबालिकाहरूलाई विद्यालयभित्र ल्याई गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ ।
- आधारभूत तहको कूल तथा खुद भर्नादर शत प्रतिशत पुगेको हुनेछ ।

**नतिजाहरू**

- विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनःवितरण तथा समायोजन भएको हुने ।
- स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।
- आधारभूत तह पूरा गर्ने प्रत्येक बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
- स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति सचेत बनाउने ।
- विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी  सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने ।
- जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने ।
- आधारभूत तहमा शिक्षक, प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने गरी कार्यसम्पादन करार (TOR) लागु भएको हुने ।
- आधारभूत तहमा शिक्षक, प्रधानाध्यापकलाइ कार्यसम्पादन मूल्याङ्कनका आधारमा पुरस्कार तथा दण्ड सजायको व्यवस्था हुने ।
- विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने ।
- गैर सरकारी संस्थाहरूसँग लागत साझेदारी र समन्वय गरी प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास हुने ।

**प्रमुख क्रियापलाप र  लक्ष्य निर्धारण**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | | | १ | २ | ३ | |
| २ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | स्वयम् सेवक शिक्षकको व्यवस्था | जना | | ४ | २ | १ | | ७ | १० | |
| ४ | सघन भर्ना कार्यक्रम सञ्चालन | समय | | १ | १ | १ | १ | ४ | ९ | |
| ५ | अभिभावक शिक्षा सञ्चालन | समय | १ | | १ | | १ | ३ | ५ | |
| ६ | अतिविपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरूका लागि शैक्षिक सामग्रीहरू जस्तैः ड्रेस, झोला, स्टेशनरीको सहयोग | समय | १ | १ | १ | १ | १ | ५ | ८ | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | संख्या | २ | ३ | ३ | ३ | २ | ८ | १५ | |
| ८ | सिकाइका लागि न्यूनत्तम वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० | |
| ९ | शैक्षिक सामग्रीको विकास वितरण तथा व्यवस्थापन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० | |
| १० | छापामय कक्षाकोठा व्यवस्थापन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० | |
| ११ | शिक्षकको क्षमता विकास तालिम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास र कार्यान्वयन | पटक | १ | १ | ० | ० | ० | २ | २ | |
| १४ | सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | संख्या | १० | १० | १० | १० | १० | ५० | ५० | |

| क्र.सं. | प्रमूख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १५ | विद्यालयमा सिकाइ मेला तथा प्रतियोगिता सञ्चालन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ४० | |
| १६ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सव सहित शैक्षिक प्रदर्शनी मेला सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| १७ | एक वडा एक नमूना आधारभूत विद्यालय निर्माण कार्यक्रम | पटक | ० | १ | १ | १ | २ | ५ | १० | |
| १८ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धि वृद्धिका लागि छलफल तथा अन्तरक्रिया | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| २० | शिक्षकले कक्षा कोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | ५ | ७ | ८ | १० | १० | ४० | ४० | |
| २१ | विषयगत घुम्ती शिक्षक/प्र.अ. बैठक | पटक | १० | १० | १० | १० | १० | ५० | १०० | |
| २२ | कक्षा ८ सम्म खाजा कार्यक्रमको व्यवस्थापन | विद्यालय | | १ | १ | १ | २ | ५ | १० | |
| २३ | वर्षको २ पटक बालबालिकाहरूको स्वास्थ्य नजिकको स्वास्थ्य चौकीबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| २४ | बालबालिकाहरूको अपाङ्गता तथा कार्यरत सीमितता पहिचानका लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २५ | छात्राहरूलाई सेनिटरी प्याडको खरिद र वितरण | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| २६ | प्रारम्भिक कक्षामा पढाइ तथा गणितीय सामग्रीहरूको खरिद र व्यवस्थापन | विद्यालय | १ | १ | १ | | | ३ | ६ | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारुप, **२०७६** अनुसार विद्यालय शिक्षा अन्तर्गत कक्षा ९ देखि **१२** सम्मलाई माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ। आधारभूत शिक्षा पश्चात दिइने तथा लिइने शिक्षा माध्यमिक शिक्षा हो। स्वावलम्वी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्ने तर्फ माध्यमिक शिक्षा केन्द्रित रहेको छ। माध्यमिक तहका लागि तहगत सक्षमता पन्ध्र वटा कायम गरिएको छ।

### ३.३.२ वर्तमान अवस्था

चौदण्डीगढी नगरपालिकामा **४५** सामुदायिक र संस्थागत **२२** गरी कुल जम्मा **६७** वटा विद्यालय रहेका छन। माध्यमिक तह अन्तर्गत **१९** सामुदायिक र **१२** संस्थागत गरी कुल जम्मा **३१** माध्यमिक विद्यालय रहेका छन। यस मध्ये प्राविधिक तथा व्यावसायिक अन्तर्गत **३** वटा रहेका छन् भने हाल **१** वटा प्राविधिक तथा व्यावसायिक धार सञ्चालित विद्यालयमा विद्यार्थीको संख्या निकै कम रहेको हुँदा प्राय शून्य अवस्थामा रहेको पाइन्छ। यो नगरपालिकामा माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको शैक्षिक सत्र **२०८१** को विवरण तालिका तालिकामा राखिएको छ।

**तालिका नं. ९ माध्यमिक विद्यालय र विद्यार्थी संख्या विवरण**

| कक्षा | सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ९ | ४०३ | ३१३ | ७१६ | ६८ | ११० | १७८ | ४७१ | ४२३ | ८९४ |
| १० | ३५२ | ३६८ | ७२० | ७१ | ७५ | १४६ | ४२३ | ४४३ | ८६६ |
| ११ | २७६ | २६४ | ५४० | २५ | २६ | ५१ | ३०१ | २९० | ५९१ |
| १२ | ११७ | ९८ | २१५ | ३० | ४० | ७० | १४७ | १३८ | २८५ |
| जम्मा | ११४८ | १०४३ | २१९१ | १९४ | २५१ | ४४५ | १३४२ | १२९४ | २६३६ |

### ३.३.३ उद्देश्यहरू:

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु।
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।
- माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्‍याउने दर घटाउनु।

- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
- निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्नु ।
- विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानसील र जवाफदेही बनाउनु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्र विस्तार गरी व्यावसायिक शिक्षा पठन पाठन संचानल गर्नु ।
- उच्च शिक्षा अध्ययनका लागि योग्य र स्वःपहिचान सहितको जनशक्ति उत्पादन गर्नु ।
- शिक्षकको पेसागत सहयोगका लागि विज्ञ समूहको परिचालन तथा पुनर्ताजगी तालिमहरू संचालन गर्नु ।

### ३.३.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गर्ने :-

- विद्यालय नक्शाङ्कनमार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गर्ने ।
- माध्यमिक आवासीय विद्यालय विस्तार गर्ने ।
- हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाउने ।
- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित थप सेवा सुबिधा सहितको प्र.अ. व्यवस्थापन गर्ने ।
- विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री बनाउने ।
- सामुदायिक विद्यालयमा कक्षा ११-१२ मा विज्ञान, अंग्रजी, गणित र लेखा विषय अध्ययनका लागि आकर्षण बढाउन आवश्यक व्यवस्था गर्ने ।
- आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनःवितरण, समायोजन तथा थप गर्ने ।
- आर्थिक समस्याका कारणले माध्यमिक शिक्षा अध्ययन गर्न नसक्ने अवस्थाका बालबालिकाहरूका लागि छात्रवृतिको व्यवस्था गर्ने ।
- विद्यार्थीको मनोबल बढाउन विद्यार्थी मनोपरामर्श कार्यक्रम सञ्चालन गर्ने ।
- सामुदायिक विद्यालयमा नेपाल सरकाबाट प्राप्त दरबन्दीको पुनःवितरण गरी अपूग रहेका विद्यालयहरू विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी थप गर्न नेपाल सरकार समक्ष पहल गरिनेछ र सो कार्य पूरा नहुन्जेलसम्मका लागि नगरपालिकाले योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा निजी शिक्षक छनोट तथा परिचालन गर्ने ।

- सम्पूर्ण माध्यमिक विद्यालयमा ई–पुस्तकालय, बिषयगत प्रयोगशाला, पुस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गर्ने ।
- माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय व्यवस्थापन तथा विकासप्रति प्र.अ.लाई उत्तरदायी बनाउने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच विस्तार गर्न विद्यालयको नक्साङ्कनका आधारमा प्राविधिक धारको कार्यक्रम सञ्चालन गर्ने ।
- व्यावसायिक शिक्षामा पहुँच बिस्तार गर्नका लागि नमुनाको रूपमा विद्यालयको नक्साङ्कन गर्ने ।
- निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको शैक्षिक गुणस्तर परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने ।
- कक्षाकोठामा आधारित र आवधिक मूल्याङ्कनलाई बढी जोड दिने ।
- शैक्षिक क्रियाकलापसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने ।

**अवसर र चुनौती**

- निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई कार्यान्वयन गर्ने ।
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने ।
- विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने ।
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने ।
- शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र मापन योग्य बनाई व्यवस्थित गर्ने ।
- विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने ।
- विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्ने ।
- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गर्ने ।
- कक्षा **१०** उत्तीर्ण गरेका विद्यार्थीहरूको कक्षा **११** मा भर्नादर बढाउने
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पहुँच विस्तार गर्ने
- सिकाइको गुणस्तर सुधार गरी सिकारुको सिकाइमा सुधार ल्याउने

### ३.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धि**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।
- सबै बालबालिकाहरूलाई गुणस्तरीय माध्यमिक शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ ।

- माध्यमिक तहको कुल भर्नादर १०० तथा खुद भर्नादर १०० प्रतिशत पुगेको हुनेछ ।
- कक्षा ८ बाट उत्तीर्ण भइ कक्षा ९ मा प्रवेश हुने दर १०० प्रतिशत पुगेको हुनेछ ।
- नमुनाको रूपमा व्यावसायिक शिक्षाको सुरुवात भई बालबालिकाहरूलाई गुणस्तरीय व्यावसायिक शिक्षामा पहुँचको अवसर सुनिश्चित भएको हुनेछ ।

**नतिजा**

- निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोर्‍याउने दरमा कमी आउने ।
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने ।
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने ।
- माध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
- विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने ।
- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन हुने ।
- माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।
- माध्यमिक तहमा अपुग शिक्षक व्यवस्थापनका लागि नगरपालिकाले योग्यता पुगेका व्यक्तिहरूबाट प्रतिस्पर्धाका आधारमा निजी शिक्षक छनोट गरेको हुने ।
- विद्यालय सम्बद्ध पदाधिकारी तथा अन्य सरोकारवालासँग माध्यमिक शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन हुने ।
- माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।
- विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरिएको हुने ।
- माध्यमिक तहमा शिक्षक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने गरी कार्यसम्पादन करार (TOR) लागू भएको हुने ।
- माध्यमिक तहमा शिक्षक, प्रधानाध्यापकलाई कार्यसम्पादन मूल्याङ्कनका आधारमा पुरस्कार तथा दण्ड सजायको व्यवस्था हुने ।
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।

- नगरपालिका भित्रका सबै माध्यमिक विद्यालयहरूमा आवश्यकता अनुसार विद्यालय भवन, विषयगत प्रयोगशाला, पुस्तकालय, कम्पुटर ल्याव, शुद्ध खानेपानी, वास सहितको शौचालयका साथै अन्य आवश्यक पुर्वाधारको व्यवस्था भएको हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स. | प्रमूख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक दरबन्दी मिलान | पटक | ० | १ | १ | १ | ० | ३ | ६ | |
| २ | नगर तथा स्वयमसेवक शिक्षक व्यवस्थापन | विद्यालय | ० | ५ | ५ | ५ | ४ | १९ | २९ | |
| ३ | अभिभावक शिक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खाजाघर, खानेपानी, घेराबेरा, खेलमैदान | | २ | | २ | | ४ | १० | | |
| ५ | सिकाइका न्यूनत्तम वातावरणका लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | विद्यालय | | | | | | | निरन्तर | |
| ६ | शिक्षकको क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | प्रधानाध्यापकहरूको सिकाइ भ्रमण | पटक | | १ | | १ | | २ | ४ | |
| ८ | माध्यमिक आवासीय विद्यालय विस्तार कार्यक्रम | विद्यालय | | | १ | | | १ | २ | |
| ९ | उत्कृष्ट शिक्षक तथा प्र.अ. प्रोत्साहन/सम्मान कार्यक्रम | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |
| १० | अद्यावधिक शिक्षकका लागि एक शिक्षक एक ल्यापटप कार्यक्रम | पटक | | | १ | | | १ | २ | |
| ११ | छात्राहरूलाई सेनिटरी प्याडको खरिद र वितरण | विद्यालय | | | | | | | नियमित | |
| १२ | शैक्षिक सामग्रीयुक्त शिक्षक | विद्यालय | | १ | १ | २ | १ | ५ | १० | |

| क्र.स. | प्रमूख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १३ | प्राविधिक तथा व्यावसायिक शिक्षा | संख्या | | २ | | | | २ | २ | |
| १४ | शिक्षकले कक्षाकोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० (डायरी) | |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.४.१ परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा भन्नाले सीपमूलक र व्यावहारिक ज्ञान प्रदान गर्ने शिक्षालाई जनाउँछ, जसले विद्यार्थीलाई विशेषतः कुनै एक व्यावसायिक क्षेत्रमा दक्षता हासिल गर्न सक्षम बनाउँछ । यो शिक्षाले उत्पादनशीलता बढाउन, रोजगारीको अवसर सिर्जना गर्न, र उद्यमशीलता विकास गर्न मद्दत गर्छ । इन्जिनियरिङ, कृषि, स्वास्थ्य, सूचना प्रविधि, र पर्यटन जस्ता क्षेत्रहरूमा विशेषज्ञता हासिल गर्न यो शिक्षा प्रभावकारी मानिन्छ । नेपालको सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा अपरिहार्य विषयको रुपमा रहेको छ । यसलाई वर्तमान अवस्थामा आवश्यकताको रूपमा लिइएको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यता पनि अघि सारिएको छ । विद्यालय शिक्षा कक्षा १ देखि १० सम्म प्राविधिक शिक्षा र व्यावसायिक शिक्षामा जोड दिनु बढी उपयुक्त र सान्दर्भिक देखिन्छ । नेपाल सरकारको निर्णय र स्वीकृत ऐन, नियम तथा निर्देशिका बमोजिम प्राविधिक तथा व्यावसायिक शिक्षा सामुदायिक विद्यालयहरूमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो । शिक्षा मन्त्रालय तथा शिक्षा विभाग मार्फत सामुदायिक विद्यालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चालन गर्ने निर्णय वि.सं. २०६८ सालमा गरेको थियो । सोही निर्णयानुसार २०७० सालदेखि कक्षा कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ वटा विद्यालयहरूमा पठनपाठन प्रारम्भ भयो । तत्पश्चात २०७२ सालदेखि ९३ वटा सामुदायिक विद्यालयहरूमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन सुरु भयो । यस अन्तर्गत ईन्जिनियरिङ्ग तर्फ सिभिल, इलेक्ट्रिकल कम्प्युटर र कृषि तथा पशु विज्ञान तर्फ बालीविज्ञान र पशुविज्ञान कार्यक्रम सञ्चालनमा छन् । विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्थाबाट कार्यमूलक, व्यावहारिक, प्राविधिक तथा व्यावसायिक सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरी विश्व श्रम बजारमा सहज प्रवेशको सम्भावना बढाउन तथा

रोजगारीको सुनिश्चितता प्रदान गर्न शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्नु नितान्त जरुरी रहेको छ ।

३.४.२ **वर्तमान अवस्था**

हरेक देशमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ, मुलुकको भौतिक, शैक्षिक राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि योग्य र दक्ष जनशक्तिको जरुरी पर्दछ तसर्थ यस नगरपालिका अन्तर्गत रहेको श्री नारद आदर्श माध्यमिक विद्यालय बसाहा वर्षेडाँडामा प्राविधिक धारको सिभिल इन्जिनियरिङ्ग कक्षा (९–१२) सञ्चालन भइरहेको छ । त्यसै गरी सिटिइभिटीको सम्बन्धनमा श्री माध्यमिक विद्यालय आमसाल बसाहामा **१८** महिने प्रि–डिप्लोमा कम्प्युटर इन्जिनियरिङ्ग तथा **३** वर्षे डिप्लोमाइन कम्प्युटर इन्जिनियरिङ्ग सञ्चालन भइरहेको छ । त्यसै गरी श्री ज्योति माध्यमिक विद्यालयमा **१८** महिने बालीविज्ञान (कृषि) को कार्यक्रम सञ्चालन भैरहेको छ । यस बाहेक अन्य कुनै पनि विद्यालयमा प्राविधिक तथा व्यावसायिक धारका कक्षाहरू सञ्चालन गर्न सकिएको छैन । यसको मुख्य कारण प्राविधिक दक्ष जनशक्तिको अभाव तथा व्यवस्थित र सुविधाजनक भौतिक व्यवस्थापनको समस्या रहेको देखिन्छ । तथापि विश्व बजारको माग र प्रतिस्पर्धात्मक युग भएको हुदाँ हरेक माध्यमिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउन अपरिहार्य रहेको छ ।

**प्राविधिक तथा व्यावसायिक शिक्षामा देखिएका चुनौतीहरू**

- प्राविधिक तथा व्यावसायिक धारको कक्षा सञ्चालन गर्न सम्बन्धन र अनुमति लिनमा समस्या देखिएको ।
- भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्न ।
- प्राविधिक तथा व्यावसायिक धारको जनशक्ति व्यवस्थापन गर्न ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रत्याभूति दिलाउन ।
- प्राविधिक तथा व्यावसायिक धारको स्थापनाका लागि स्थान तय गर्न आर्थिक व्यवस्थापन गर्न ।

३.४.३ **उद्देश्यः**

- प्राविधिक तथा व्यावसायिक शिक्षाको संस्थागत विकास गरी सहज पहुँच अभिवृद्धि गर्नु ।
- प्राविधिक तथा व्यावसायिक धारको पूर्वाधार विकास गरी दक्ष जनशक्तिको उत्पादन गर्नु ।
- शिक्षालाई प्राविधिक तथा रोजगारमूलक रूपमा प्रदान गरी व्यावसायिक तथा आत्मनिर्भर जनशक्ति निर्माण गर्नु ।

### ३.४.४ रणनीतिहरू

- कम्तिमा एउटा स्नात्तक तहको प्राविधिक तथा व्यावसायिक धार सञ्चालित शिक्षालयको व्यवस्थापन गर्ने ।
- स्थानीय तह मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनको व्यवस्था मिलाउने ।
- प्राविधिक तथा व्यावसायिक धारको विकासका लागि विद्यालयमा पढ्दै कमाउदै कार्यक्रमहरू सन्चालन गर्ने ।
- शिक्षण सिकाइ सबलीकरणका लागि प्रविधिमैत्री वातावरणको विकास गर्ने ।
- प्राविधिक तथा व्यावसायिक धारका (पशुविज्ञान, वनविज्ञान, इलेक्ट्रोनिक इन्जिनियरिङ्ग, नर्सिङ्ग आदि) कक्षाहरू आवश्यकता अनुसार थप गर्ने ।
- प्राविधिक जनशक्ति तथा उत्पादित वस्तुहरूको बजारीकरणको व्यवस्थापन गर्ने ।

### ३.४.५ उपलब्धि र नतिजा

- स्थानीय स्तरमै स्नातकसम्मको (उच्च) प्राविधिक तथा व्यावसायिक धार सञ्चालित शिक्षालयको व्यवस्था हुनेछ ।
- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने अवसर प्राप्त हुनेछ ।
- दक्ष, रोजगार उन्मुख तथा आत्मनिर्भर जनशक्ति तयार हुनेछ ।
- उत्पादित जनशक्ति तथा वस्तुहरूको बजारीकरणको सुनिश्चितता हुनेछ ।
- शिक्षण सिकाइ सबलीकरणका लागि प्रविधिमैत्री वातावरण तयार हुनेछ ।

**नतिजा**

- स्थानीय स्तरमै स्नातकसम्मको (उच्च) प्राविधिक तथा व्यावसायिक धार सञ्चालित शिक्षालयको व्यवस्था हुने ।
- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहित उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने अवसर हुने ।
- दक्ष, जनशक्ति तथा बस्तुहरूको बजारीकरणको सुनिश्चिरतता हुने ।
- शिक्षण सिकाइ सबलीकरणका लागि प्रविधिमैत्री वातावरण तयार हुने ।

### ३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ५ वर्ष | १० वर्ष | |
| १ | प्राविधिक तथा व्यावसायिक सम्वन्धन र अनुमति | पटक | | | | १ | | १ | २ | |
| २ | पूर्वाधार विकास सहितको प्राविधिक तथा व्यावसायिक शिक्षालय निर्माण | संख्या | | | | | १ | १ | २ | |
| ३ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको स्थायित्व तथा सुदृढीकरण | निरन्तर | | | १ | १ | १ | ३ | ५ | |
| ४ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको विद्यालयलाई स्तरोन्नति गर्न | निरन्तर | | १ | | | | २ | ३ | |
| ५ | प्रशिक्षक तथा सहायक प्रशिक्षकहरूको क्षमता विकासका अवसरहरु सृजना गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | १ | १० | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो । सिकाइ कोक्रोदेखि मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो । विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ । समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन् । समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरूमा रहेको अन्तर्निहित प्रतिभाको प्रष्फुटन गर्दै उनीहरूको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ । औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन । अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरिमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो । गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन । जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो ।

### ३.५.२ वर्तमान अवस्था

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन **२०७४** ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित तथ्याङ्क, **२०७६** अनुसार हालसम्म राष्ट्रिय युवा साक्षरता **१५-२४** वर्ष ९२ प्रतिशत र राष्ट्रिय प्रौढ साक्षरता **१५+** वर्षको **५८** प्रतिशत रहेको छ। हाल पाथीभरा याङ्वरक नगरपालिकाको साक्षरता दर ९७.९४ प्रतिशत रहेको छ । शिक्षा क्षेत्र एउटा सिङ्गै पाटोको रूपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले न व्यक्तिगत रूपमा न त संस्थागत रूपमा र प्रणालीगत रूपमा नै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ ।

### ३.५.३ उद्देश्यहरू

यस योजनाले निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरू राखेको छः

- निरक्षर व्यक्तिहरूलाई साक्षर बनाउनु,
- निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसँग सम्बन्धित आवश्यकताहरूको परिपूर्ति गर्नमा सहयोग गर्नु,
- विभिन्न कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छोड्ने बालबालिकाहरूलाई वैकल्पिक कक्षा मार्फत सिकाइ गरी साधारण विद्यालयको प्रवाहमा समाहित गर्नु,
- साक्षरतालाई सीपसँग आवद्ध गरी रोजगारका अवसर प्रदान गर्नु।

### ३.५.४ रणनीतिहरू

निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा सम्बन्धी उद्देश्यहरू हासिल गर्न देहाए बमोजिमका रणनीतिहरू अवलम्बन गरिने छन् :

- निरक्षर व्यक्तिहरूलाई साक्षर हुने अवसर प्रदान गर्ने ।
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा संचालन गर्ने संघ संस्थाबीच समन्वय समूह बनाई परिचालन गर्ने
- निरन्तर, जिवनपर्यन्त र खुला शिक्षाको कार्यक्रम आयोजना गर्ने।
- स्थानीय परिवेश र आवश्यकता अनुसार आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने।
- सीप सिकेकाहरूलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने।
- सबैलाई कक्षा ८ सम्मको आधारभूत शिक्षाको अवसर प्रदान गर्ने।
- बिचमा विद्यालय छोड्ने दरमा न्यूनीकरण गर्ने।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुऱ्याउने।

**समस्या तथा चुनौती–**

- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित ।
- साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन ।
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरूको विकास नहुनु ।
- साक्षर व्यक्तिहरूलाई निरन्तर शिक्षाको कार्यक्रम दिन नसक्नु ।
- साक्षरता कार्यक्रममा सहभागि भएका व्यक्तिहरूले सिकेका ज्ञान र सीपलाई रोजगारसँग जोड्न नसकिनु
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षा संचालन गर्ने संस्था र संयन्त्रको प्रयाप्त विकास र व्यवस्था र विकास नहुनु
- साक्षर भएकाहरू सीपको प्रयोग र अभ्यास नहुँदा पुनः निरक्षर हुनु परेको ।
- शैक्षिक सत्र पूरा नगरी बिचैमा छोड्ने र नियमित नहुने बालबालिकाको सङ्ख्या समेत बढिरहेको ।
- महिला, पछाडि परेका वर्गलाई लक्षित गरी जीवनोपयोगी सीप, लघु ऋण, अनुदान र रोजगारीको अवसर दिने जस्ता कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन नगरिएको ।

### ३.५.४ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**उपलब्धि**

- १५ वर्षभन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
- ५ वर्षभन्दा माथिको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
- १५ देखि २४ वर्षको साक्षरता १०० प्रतिशत पुगेको हुनेछ ।
- विद्यार्थीहरूको बीचमा विद्यालय छोड्ने दर ० प्रतिशत पुगेको हुनेछ ।

**नतिजा**

- सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त शिक्षा र सिकाइको अवसर प्राप्त हुने ।
- निरन्तर, खुला, अनौपचारिक जीवनपर्यन्त शिक्षा र सिकाइबाट सीपमुलक जनशक्ति उत्पादन हुने ।
- विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध हुने ।
- लक्षित वर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने ।
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरूको विवरण संकलन | पटक | १ | | १ | | १ | ५ | |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | संख्या | | | | | | आवश्यकता अनुसार | |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसँग आबद्ध गर्ने | पुस्तकालय | | १ | १ | १ | १ | ४ | |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | | १ | | १ | | ४ | |
| ६ | सा.सि.के.ले समुदायमा आधारित संघसंस्थासँग समन्वय गर्ने | निरन्तर | आवश्यकता अनुसार | | | | | निरन्तर | |
| ७ | विज्ञ समूह निर्माण (अनौपचारिक शिक्षा) | पटक | | १ | | १ | | २ | |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | ४ | | ४ | | १२ | |
| ९ | परिचालकको क्षमता विकास | पटक | | १ | | १ | | ३ | |
| १० | सासिके परिचालिकाहरूको न्यूनतम पारिश्रमिक प्रोत्साहन | नियमित | | | | | | | |

**परिच्छेद : ४**

# अन्तर सम्बन्धित क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । पाठ्यक्रमले मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरू समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जन गर्न सहयोग गर्दछ । मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरू, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरी बालबालिकाका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरूप परिवर्तन भइरहन्छ । निर्धारित सिकाइ उपलब्धिहरू प्राप्तिका लागि विद्यार्थीहरूलाई विभिन्न अनुभवहरू हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो ।

वर्तमानमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ले दिशानिर्देश गरेअनुसार विद्यालयमा हाल कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम, कक्षा ४ देखि १० सम्म सक्षमतामा आधारित पाठ्यक्रम र कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम ढाँचा कार्यान्वयनमा रहेको छ । पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो । यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ । पाठ्यक्रम निश्चित रूपमा सान्दर्भिक हुनुपर्छ । समयसापेक्ष हुनुपर्छ । जनचाहाना पूरा गर्न सक्नुपर्दछ । कक्षाकोठाको वातावरण अनुकूल हुनुपर्छ । व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रूपमा पर्छ । पाठ्यक्रम समावेशी हुनुपर्छ । यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ । स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रूपमा लिइन्छ ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले

सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो। स्थानीय पाठ्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा विद्यार्थी मूल्याङ्कनलाई पनि पाठ्यक्रमको मर्म अनुसार नै सञ्चालन गर्नुपर्छ ।

### ४.१.२ वर्तमान अवस्था

यस नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागु गर्दै आएको सर्वविदितै छ । यसै शैक्षिक सत्र २०८१ देखि आधारभूत तह कक्षा १–८ को स्थानीय विषयको पाठ्यक्रम निर्माणका लागि अन्तिम तयारीमा जुटिरहेका छौँ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याउन बालबालिकाहरूलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुऱ्याउँछ । स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १–८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।

यस पालिकामा सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रबाट निर्मित तथा स्वीकृत पाठ्यपुस्तकको प्रयोग गर्ने गरेका छन् । यहाँ शैक्षिक सत्र सुरु हुनासाथ विद्यार्थी भर्ना गरी पाठ्यपुस्तक विरतण गर्ने गरिएको छ ।

विद्यार्थी मूल्याङ्कनलाई वर्तमान पाठ्यक्रम अनुसार र मूल्याङ्कनका साधनहरूको उद्देश्य अनुसार उपयोग गर्नुपर्छ। आधारभूत तह कक्षा १–३ मा १०० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नेति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४–८ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ । कक्षा ५ र ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ ।

४.१.३. **अवसर र चुनौतीहरू**

- प्रारम्भिक कक्षाहरुमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा र बहुभाषाको प्रयोग गर्नु,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु,
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग तथा पहुँच वृद्धि गर्नु,
- स्थानीय पाठ्यक्रम कार्यान्वियन तथा मूल्याङ्ककनमा स्थानीय तहको अर्थपूर्ण सहभागिता बढाउनु,
- अपाङ्गतामैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग गर्नु,
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु,
- विद्यार्थी मूल्याङ्कनलाई निन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वियन गर्नु,
- पाठ्यपुस्तकको सुधार र गुणस्तर, स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग गर्नु,
- विद्यार्थीहरूका लागि मुद्रित तथा डिजिटल साथै प्रविधिमैत्री सामग्रीको विकास र उपलब्धता हुनु,
- मूल्याङ्कन पद्धतिलाई सिकाइ र जीवनउपयोगी सिपसँग जोड्न ।

४.१.४. **उद्देश्य**

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धमा निम्न लिखित उद्देश्यहरू राखेको छ ।

- स्थानीय पाठ्यक्रमको विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलापलाई प्रभावकारी कार्यान्वयन गर्नु ।
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गरी सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ।
- पाठ्यक्रमलाई प्रविधिसँग सम्बन्धित गराई प्रविधिमैत्री सिपयुक्त जनशक्ति तयार गर्नु ।
- निर्माणात्मक, निर्णयात्मक र निदानात्मक स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
- स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

४.१.५. **रणनीतिहरूः**

उद्देश्यहरू हासिल गर्नका लागि निम्न लिखित रणनीतिहरू अवलम्बन गर्ने :–

- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने,
- स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाउने ।

- पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याउने र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गर्ने ।
- स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षादेखि नै बालबालिकालाई सक्षम बनाइँदै लाने ।
- विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिने ।
- प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाई प्राथमिकता दिने ।
- अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा लाने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गर्ने ।
- मूल्याङ्कन प्रक्रिया सम्बन्धी शिक्षकहरुलाई क्षमता विकास तालिम संचालन गर्ने ।
- आधारभूत तहको कक्षा ५ को वार्षिक परीक्षालाई समेत पालिका स्तरीय बनाउने ।
- पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गरी शिक्षक सहायता प्रणालीको कार्यान्वयन गर्ने ।

### ४.१.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने ।
- स्थानीय स्तरका आवश्यकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भएको हुनेछ ।
- राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रबोधीकरण भएको हुनेछ ।
- स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्य सामग्रीहरूको विकास भएको हुनेछ ।

**नतिजा**

- स्थानीय पाठ्यक्रम २०८० प्रारम्भिक बाल विकासदेखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने,
- प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १–५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने,
- शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने,
- शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने,
- स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने,
- प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्यसञ्चिका फायल खडा भएको हुने,
- आधारभूत तहमा अध्ययनरत सबै विद्यार्थीहरूको पहुँचमा स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्य सामग्री पुगेको हुने,
- सम्पूर्ण विद्यालयहरूमा आधारभूत तहमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन भएको हुने,
- स्थानीय पाठ्यक्रम निर्माण तथा प्रबोधीकरणमा सरोकारवालहरू सबैको सहभागिता भएको हुने,
- नयाँ पाठ्यक्रमप्रति विद्यार्थी, शिक्षक, अभिभावक लगायतका सरोकारवालाहरू सबै समूहले अपनत्व ग्रहण गरी सो को सफल कार्यान्वयन भएको हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | कक्षा | १–८ | कार्यान्वयन कक्षा १–८ | | स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | कक्षा | १–८ | | |
| २ | स्थानीय पाठ्यपुस्तक विकास र वितरण कक्षा विकास | कक्षा १–५ वितरण १–५ | विकास | कक्षा ६–८ वितरण १–८ | निरन्तरता | कक्षा १–८ निरन्तरता | निरन्तरता | वितरण | | |
| ३ | पाठ्यक्रम सम्बन्धी प्रवोधीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | थिमगत मूल्यांकन र आन्तरिक तथा बाह्य मूल्यांकन लागू | पटक | निर्माणात्मक निरन्तर र निर्णयात्मक १ | निर्माणात्मक निरन्तर र निर्णयात्मक १ | निर्माणात्मक निरन्तर र निर्णयात्मक १ | निर्माणात्मक निरन्तर र निर्णयात्मक १ | निर्माणात्मक निरन्तर र निर्णयात्मक १ | निर्माणात्मक निरन्तर र निर्णयात्मक ५ | | |
| ५ | पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको वितरण कक्षा विकास | कक्षा १-५ वितरण १-५ | विकास | कक्षा ६-८ वितरण १-८ | निरन्तरता | कक्षा १-८ निरन्तरता | निरन्तरता | निरन्तर | | |
| ६ | वार्षिक रूपमा सिकाइ उपलब्धि विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | पटक | - | १ | १ | १ | १ | ५ | ९ | |
| ७ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धी समीक्षाको लागि घुम्ती शिक्षक बैठक सञ्चालन | वडा स्तीय | | सबै वडा | सबै वडा | सबै वडा | सबै वडा | सबै वडा | नियमित | |
| ९ | पालिका स्तरीय कक्षा ५ र ८ को निर्णयात्मक परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | नियमित | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | कक्षाकोठामा आधारित कक्षा पढाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ११ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | २ | २ | २ | २ | २ | २ | | |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

### ४.२.१ परिचय

बालबालिकाहरूको भावी जीवनलाई निर्देश गर्न तथा राष्ट्रको सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानवीय पुँजीको विकास गर्न शिक्षकको महत्वपूर्ण भूमिका रहन्छ । शिक्षकहरू परिवर्तनका बाहक हुने भएकाले सभ्य, सुसंस्कृत तथा शिक्षित समाज निर्माणमा उनीहरूको ठूलो योगदान रहन्छ । गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षक एक अर्काका पर्याय हुन् । यी सबै आकांक्षा पूरा गर्नका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । नेपालमा शिक्षक तयार गर्ने काम विश्वविद्यालयहरू  तथा विद्यालयहरू (कक्षा ११ र १२) ले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् ।

शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

नेपाल सरकारले सन् २०१५ मेको इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरु मध्ये लक्ष्य ४ "सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकेका अवसरहरू प्रोत्साहित गर्ने" पूरा गर्न नेपालले राष्ट्रिय कार्य ढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ । शिक्षक सदैव आफूले

अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेसाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरूबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरूमा आवश्यकीय सक्षमताहरू सुनिश्चित हुनु पर्दछ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्द्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस नगरपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हाँसिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.२ **वर्तमान अवस्था**

यस नगरपालिकामा ४५ वटा सामुदायिक विद्यालयहरु छन् जस्मा आधारभूत तह कक्षा १–५ मा स्थायी ११५ करार १० र राहत अनुदान ५२ गरी जम्मा १७७ जना शिक्षकहरु कार्यरत रहेका छन् भने आधारभूत तह कक्षा ६–८ को स्थायी २७, करार ३, र राहत अनुदान ४८ गरी जम्मा ७८ जना शिक्षकहरू कार्यरत रहेका छन्। त्यसै गरी माध्यमिक तह

९-१० मा २३ जना स्थायी, १ जना करार, १९ जना राहत र २७ जना संघीय शिक्षण सहयोग अनुदान गरी कुल ७० जना शिक्षकहरु कार्यरत छन् । माध्यमिक तह कक्षा ११-१२ अन्तर्गत कूल २६ जना साविक उ.मा.वि. अनुदानका शिक्षकहरु कार्यरत रहेका अवस्था छ ।

### ४.२.३ उद्देश्यहरू

उपयुक्त समीक्षा तथा चुनौतीहरूका आधारमा शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्य निर्धारण गरिएका छन् :-

- शिक्षण पेसालाई रोजाइको पेसा बनाई सक्षम जनशक्तिलाई शिक्षक पेसामा आकर्षित गर्नु ।
- शिक्षकको छनौट, नियुक्ति र पुनःवितरणलाई सुदृढ बनाउन सहयोग पुर्‍याउनु ।
- शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु ।
- सबै तहमा योग्य, दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु ।

### ४.२.४ रणनीति

माथि उल्लेखित उद्देश्यहरू पूरा गर्न निम्नानुसारका रणनीतिहरू तय गरिएका छन् :-

- शिक्षक सेवा आयोगबाट छनौट भइ आएका शिक्षकहरू भन्दा बाहेकका शिक्षकहरूको छनौट तथा नियुक्ति प्रकृयालाई व्यवस्थित, पारदर्शी तथा गुणस्तरमा आधारित बनाउने । साथै यसरी नियुक्त गरिने शिक्षक पदमा उच्च शैक्षिक योग्यता भएका जनशक्तिलाई प्राथमिकता दिने गरी व्यवस्थित गर्ने ।
- शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाउने ।
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन गर्ने ।
- यस योजनाले निर्धारण गरेका शिक्षक व्यवस्थापन र पेसागत विकासका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गर्ने :
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यस अनुरूप निर्मित पाठ्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि अभिमुखीकरण/प्रबोधीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरणको कार्य गर्ने ।
- विद्यमान स्रोत र साधनलाई मध्यनजर गरी स्वयंसेवक शिक्षक परिचालन गर्ने ।
- पालिका क्षेत्रभित्रका विद्यालयहरूमा अस्थायी/राहत शिक्षक नियुक्ति प्रक्रियामा एकरूपता, निष्पक्षता कायम गर्ने ।
- शिक्षकको निरन्तर पेसागत विकासको लागि संघीय र प्रदेश सरकार तथा शिक्षा तालिम केन्द्रहरूसँग समन्वय गर्ने ।

- विषयगत शिक्षक समूह (सञ्जाल) निर्माण गरी अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गर्ने ।
- उपस्थिति, नियमितता र शिक्षकले शिक्षणमा बिताउने समयावधि वृद्धि गरी शिक्षकको कार्यसम्पादनमा सुधार गर्ने ।
- प्रति विद्यार्थी लागतका आधारमा प्रवाह हुने अनुदान खर्चलाई शिक्षण सिकाइ सामग्री व्यवस्थानमा आबद्ध गर्ने ।
- शिक्षकहरूलाई अभिप्रेरित गर्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।
- शिक्षक सरूवा तथा पदस्थापनलाई आवश्यकतामा आधारित बनाउने ।
- शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने ।
- शिक्षक विधार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनःवितरण गर्ने ।
- स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नुपर्दा शिक्षक सेवा आयोगको प्रतीक्षा सूचीमा रहेका उमेद्वारहरूलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा स्थानीय स्तरको छनौट समितिद्वारा शिक्षक सेवा आयोगले निर्धारिण गरेको मापदण्ड अनुसार छनौट परीक्षा लिई गरेको सिफारिस भएकालाई पहिलो प्राथमिकता दिने ।
- विषयगत दक्षता भएका र तालिम प्रशिक्षण अनुभव भएका कार्यरत शिक्षक तथा सेवा निवृत शिक्षकद्वारा पेसागत सहयोग पद्धतिको विकास गर्ने ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाइसँग आबद्ध गर्ने ।

**अवसर तथा चुनौतीहरू**

माथि उल्लेख गरिएको राष्ट्रिय परिवेश, स्थानीय परिप्रेक्ष्यमा र प्रस्तुत तथ्याङ्कका आधारमा यस नगरपालिका क्षेत्रभित्र शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरूको पहिचान गरीएका छन् :–

- शिक्षण पेसामा उच्च शैक्षिक उपलब्धि भएका जनशक्तिलाई आकर्षण गर्नु ।
- शिक्षण पेसालाई सबैको रोजाइको पेसाका रूपमा विकास गर्नु ।
- शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु ।
- विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु ।
- शिक्षकको पेसागत विकासको अवसर र विस्तार गर्न ।
- तहगत रूपमा परीक्षा सञ्चालिन गरी अग्रिम रुपमा स्वयम्सेवक सूची प्रकाशन गर्नु ।
- सक्षम शिक्षक आपूर्तिका लागि शिक्षा विषय अध्यापन गर्ने संस्थाहरूमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मुल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित गराउनु ।

- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्नु गराउनु, शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउनु तथा शिक्षण क्रियाकलापमा विविधता ल्याउनु ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।

### ४.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- यस योजनाको कार्यान्वयन पश्चात सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुनेछ ।
- प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने ।

**नतिजा**

- स्थानीय स्तरबाट हुने शिक्षक नियुक्ति प्रकृया स्वच्छ र पारदर्शी हुने ।
- शिक्षण पेसा प्रतिस्पर्धी र सम्मानित हुनेछ ।
- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा आपूर्ति हुने ।
- पेसागत विकासका प्राबधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने ।
- शिक्षकहरूको उपस्थिति शिक्षण विधि तथा तौरतरिका र कार्य सम्पादनमा सुधार हुने ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान तथा पुनःवितरण भएको हुने ।

**प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक रूपमा आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | स्वयम्सेवक शिक्षकको नियुक्ति | जना | आवश्यकता अनुसार | | | | | | | |
| ३ | पालिका स्तरीय शिक्षक तालिम | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ४ | चौमासिक रूपमा विद्यालय स्तरीय शिक्षक तालिम | विद्यालय | प्रत्येक विद्यालयहरूले ३ पटक | | | | | १५ पटक | ३० पटक | |
| ५ | मासिक सिकाइ केन्द्रित स्टाफ बैठक | विद्यालय | नियमित | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ६ | चौमासिक घुम्ति शिक्षक बैठक | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ७ | शिक्षकले कक्षाकोठामा बिताउने समयको लागि लकबुक सञ्चालन | विद्यालय | सबै विद्यालयहरूमा निरन्तर | | | | | | | |
| ८ | शिक्षकको पेसागत सहयोग प्रणालीको कार्यान्वयन वा स्रोत विज्ञको नियुक्ति र परिचालन | पटक | १ | | १ | | १ | ३ | ५ | |
| ९ | शिक्षण सुधार योजनाको निर्माण तथा कार्यान्वयन | पटक | नियमित अद्यावधिक र कार्यान्वयन | | | | | | | |
| १० | शैक्षिक सामग्रीको निर्माण (एक शिक्षकले एक महिनामा कम्तिमा ५ वटा) | थान | विषयगत र पाठगत अनुसार निरन्तर | | | | | | | |
| ११ | दैनिक पाठयोजना वा पाठ नोटको निर्माण | पटक | नियमित | | | | | | | |
| १२ | वार्षिक रूपमा एक शिक्षक एक कार्यमूलक अनुसन्धान तयार र प्रस्तुत कार्यक्रम | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |
| १३ | पालिका स्तरीय कार्यमूलक अनुसन्धानको नतिजा प्रस्तुत गर्न शिक्षक सम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १४ | निश्चत सूचकको आधारमा शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १५ | साझेदारीमा एक शिक्षक एक ल्यापटप कार्यक्रम | पटक | | | | | | ? | | |
| १६ | शिक्षक अध्ययन,अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

समाजका सबै बालबालिकालाई शिक्षाको मूलप्रवाहमा ल्याई बाल श्रमिक, सडक बालबालिका, द्वन्द्व पीडित, असहाय, भाषिक कठिनाई भएका, भौगोलिक, सामाजिक र साँस्कृतिक कारणले पिछडिएका विविध खालका बालबालिकालाई उनीहरू कै आवश्यकता, क्षमता, रुचि र उमेर अनुसारको शैक्षिक वातावरण उपलब्ध गराएर शिक्षा दिनु नै समाहित शिक्षा हो । समानता भन्नाले लिङ्ग, वर्ण, धर्म, जातजाति, वर्ग, शारीरिक अवस्था वा अन्य कारणले भेदभाव नगरी सबैलाई समान दृष्टिले हेरी सेवा सुबिधा, स्रोत, अवसर वा अधिकार दिनुलाई बुझाउँदछ भने समता भन्नाले न्यायपूर्ण व्यवहार अपनाउनुलाई

बुझाउँदछ। महिलाहरूलाई प्रदान गरिने आरक्षण र क्षमता विकास तालिम, बालिकाहरूलाई प्रदान गरिने छात्रवृत्ति लैङ्गिक समताका उदाहरणहरू हुन् । विभिन्न कारणले शिक्षाको अवसरबाट वञ्चित भएकालाई शिक्षाको मूलधारमा समाहित गर्नु नै समावेशी शिक्षा हो भने यसरी मूलधारमा समाहित गर्ने अभियान चाहिँ समावेशीकरण हो अर्थात सेवा, सुविधा तथा अधिकारको समान उपयोग र उपभोग गर्न सहयोग पुऱ्याउने प्रक्रियालाई समावेशीकरण भनिन्छ ।

### ४.३.२ वर्तमान अवस्था

सन् १९९४ मा स्पेनको सालामाङ्कामा सम्पन्न भएको विशेष शिक्षा सम्बन्धी विश्व सम्मेलन भएसँगै समाहित शिक्षालाई व्यवहारमा ल्याउन थालिएको हो भने हाम्रो देशमा आ.व. २०५६/०५७ देखि समाहित शिक्षा लागू गरिएको थियो । शैक्षिक समतासँग सम्बन्धित न्यायपूर्ण व्यवहारलाई सुनिश्चित गर्न नेपालको संविधानमा आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क साथै माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क पाउने व्यवस्था गरेको छ । नेपाल सरकारले शिक्षा क्षेत्रमा रहेका असमानता हटाउन वि.सं. २०७१ मा एकीकृत **समतारण** नीति तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

सामुदायिक विद्यालयमा पठन पाठनको माध्यम नेपाली वा अङ्ग्रेजी भाषा मात्र हुँदा मातृभाषा नेपाली नभएका विद्यार्थीहरूलाईभाषिक कठिनाई हुन गई विद्यालय छोडेका कारण त्यस्ता खाले विद्यार्थीहरू शिक्षाको अवसरबाट वञ्चित हुनु परेको बर्तमान अवस्थामा नेपाल सरकारले कक्षा ८ सम्म ऐच्छिक विषयको रूपमा मातृभाषा पढ्न पाउने व्यवस्था शिक्षा ऐन तथा नियमावलीमा गरेको छ तथापि नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षा सञ्चालनको जिम्मेवारी स्थानीय निकायलाई प्रदान गरेसँगै धेरै जसो स्थानीय तहहरूमा सक्षम जनशक्तिको अभाव भएको हुँदा स्थानीय पाठ्यक्रम साथै पाठ्य पुस्तक निर्माण र कार्यान्वयनमा समस्या देखा परेको कारण मातृभाषाको शिक्षा प्रदान गर्न असहज बन्न पुगेको छ। फल स्वरुप वर्तमान अवस्थामा सबैवर्ग तथा समुदायका बालबालिकाहरूलाई शिक्षामा समावेश गर्ने प्रक्रियामा बाधा पुग्न गएको छ । यसरी नीतिगत तहमा धेरै नै प्रावधान भएता पनि कार्यान्वयन प्रभावकारी नहुँदा शिक्षाबाट वञ्चित भएका समूहलाई समाहित गर्न नसकिएको अवस्था छ ।

### ४.३.३ चुनौती र अवसर

- शिक्षाको मूलधारबाट वञ्चित वर्गको पहिचान गर्नु ।
- पहिचान भएकालाई शिक्षा दिने समातामूलक उपाय व्यवहारमा लागू गर्नु ।
- शिक्षाको माध्यम तथा प्रक्रियामा समावेशी तरिका अपनाउनु ।
- मातृभाषाका माध्यमबाट शिक्षण गर्ने व्यवस्था प्रभावकारी बनाउनु ।

- विद्यालय तथा परिवारमा भेदभावरहित वातावरणको सिर्जना गर्नु ।
- समावेशी शिक्षाको बारेमा सरोकारवालाहरूलाई प्रबोधीकरण गर्नु ।
- शिक्षालाई आवश्यकतामुखी र जीवनोपयोगी बनाउनु ।
- कार्यक्रमलाई प्रभावकारी र दीगो बनाउन स्थानीय तहको क्षमता अभिवृद्धि गर्नु ।

### ४.३.४ उद्देश्यहरू

यस चौदण्डीगढी नगरपालिकाको शैक्षिक समता र समावेशीकरण कार्य सम्बन्धी उद्देश्यहरूलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ :

- मूलधारबाट बाहिर रहेका वर्ग, समुदाय, क्षेत्रका मानिसहरू पहिचान गरी उनीहरूलाई अरू सरह बनाउने उपाय अबलम्बन गर्नु ।
- विद्यालयको कार्य व्यवहार तथा कक्षाकोठाको वातावरण बालमैत्री, भयरहित, दण्डरहित र शान्तिपूर्ण बनाउन सहयोग गर्नु ।
- कक्षा छाड्ने विद्यार्थीहरूको पहिचान गरी उनीहरूको विद्यालयभित्र र बाहिरको बाधा अड्चन हटाई सहभागिता, टिकाउदर र समावेशीतामा समता वृद्धि गर्नु ।
- आवश्यकता अनुसार बाल केन्द्र, सामुदायिक सिकाइ केन्द्र स्थापना गरी शिक्षा प्राप्त गर्ने अवसर सिर्जना गर्नु ।
- विद्यालय शिक्षाबाट वञ्चित वर्ग तथा समुदायका लागि अनौपचारिक शिक्षा कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नु ।

### ४.३.५ रणनीतिहरू

हालसम्म विद्यालय बाहिररहेका सबैभन्दा पिछडिएको र शिक्षाको अवसरबाट वञ्चित समूहहरूलाई विद्यालय शिक्षाको पहुँचमा समता ल्याउन १० वर्षे अवधिमा निम्न रणनीतिहरू अवलम्बन गर्नेः

- नगरभित्र रहेका अनाथ, असहाय, बाल श्रमिक, सडक बालबालिका, अतिविपन्न, दलित, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडा वर्ग लगाएत सम्पूर्ण घरधुरी सर्वेक्षण गरी शिक्षाको अवसरबाट वञ्चित रहेकाहरूको सङ्ख्या यकिन गर्ने ।
- शिक्षाको पहुँच, गुणस्तर अभिवृद्धिमा समावेशीतालाई विशेष ध्यान दिने ।
- शिक्षाको पहुँचबाट वञ्चित भएका परिवारका घरमुलीलाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालय तथा घर परिवारको वातावरण बालमैत्री बनाउन शिक्षक, अभिभावक र वि.व्य.स. साथै पिटिएलाई तालिम दिई सक्रिय भूमिका निर्वाह गर्न जिम्मेवारी दिने ।
- समावेशी कार्यक्रमलाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई प्रबोधीकरण गर्ने ।

- स्थानीय पाठ्यक्रम, पाठ्य पुस्तक निर्माण गर्दा शैक्षिक समता र समावेशीकरणलाई प्राथमिकता दिने ।
- बहुसङ्ख्यक जात वा समुदाय रहेको सेवा क्षेत्रमा मातृभाषाबाट पठनपाठन गर्नका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्ने ।
- विद्यालयबाट धेरै टाढा रहेका टोल बस्तीहरूमा आवश्यकतानुसार सामुदायिक सिकाइ केन्द्रको स्थापना गरी पढ्न पाउने अवसरलाई सुनिश्चित गर्ने ।
- स्थानीय तहको क्षमता अभिवृद्धि गरी आफ्नो अधिकार र कर्तव्यको पालनामा सक्रिय गर्ने ।
- समावेशी शिक्षाका लागि संघीय सरकार, प्रदेश सरकार, गैरसरकारी संघसंस्था र निजी क्षेत्रसँग समन्वय गरी कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउने ।
- शिक्षाको अवसरबाट वञ्चित भएकाहरूका लागि महिला शिक्षा, किशोरी शिक्षा, प्रौढ शिक्षा जस्ता अनौपचारिक शिक्षा सञ्चालन गरी शिक्षाको मूलधारमा लाने ।

### ४.३.६ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

१० वर्षे शिक्षा योजना कार्यान्वयनपश्चात शैक्षिक समता र समावेशीकरणमा प्राप्त हुने उपलब्धि र अपेक्षित नतिजाहरूका साथै प्रमुख क्रियाकलापहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**उपलब्धि**

- शिक्षाको अवसरबाट वञ्चित रहेका वर्ग, समुदायको पहिचान गरी तिनलाई शिक्षाको मूलधारमा ल्याइनेछ ।
- शिक्षाको अवसरबाट वञ्चित वर्गलाई सघन रूपमा अनौपचारिक शिक्षा सञ्चालन गरी समावेशी शिक्षालाई विशेष जोड दिई सबैका लागि शिक्षा कार्यक्रमलाई सफल तुल्याइनेछ ।

**नतिजाहरू**

- शिक्षाको अवसरबाट वञ्चित समूहको सङ्ख्या यकिन भएको हुनेछ र सोही आधारमा शिक्षामा समावेशीकरण कार्यक्रम प्रभावकारी ढङ्गबाट सञ्चालन भएको हुनेछ ।
- भर्नादर र विद्यालयमा टिकाउदर वृद्धि भई विद्यालय छाड्नेदर घटेको हुनेछ ।
- औपचारिक र अनौचारिक शिक्षाको माध्ममबाट सबै वर्ग र समुदायमा शिक्षाको पहुँच पुगेको हुनेछ ।

**प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

समावेशी तथा समताका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य तलको तालिकामा उल्लेख गरिएको छ :

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ? | ? | ? | ? | ? | ????? | | |
| १ | शिक्षाको मूलधारबाट वञ्चित वर्ग पहिचान गर्न घरधुरी सर्वेक्षण | पटक | १ | | | | | १ | २ | |
| २ | पहिचान भएका घरको अभिभावकलाई सचेतना कार्यक्रम | पटक | १ | | १ | | | २ | ४ | |
| ३ | लक्षित समूहलाई मातृभाषाका माध्यमबाट कक्षा सञ्चालन गर्न पाठ्यक्रम र पाठ्य पुस्तक निर्माण | पटक | | १ | | | | १ | २ | |
| ४ | घर र विद्यायलको वातावरणलाई बालमैत्री बनाउन शिक्षक, अभिभावक, वि.व्य.स. र पि.टि.ए. का लागि तालिम सञ्चालन | पटक | १ | | १ | | | २ | ४ | |
| ५ | स्थानीय तहको क्षमता अभिवृद्धि गरी कार्यक्रमलाई प्रभावकारी बनाउन नियमित अनुगमन। | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालय भन्दा धेरै टाढाको बस्तीमा सामुदायिक सिकाइ केन्द्र स्थापना | संख्या | | ३ | | २ | | ५ | ७ | |
| ७ | लैङ्गिक सम्पर्क व्यक्तिको छनोट र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | सबै विद्यालय | |
| ८ | समावेशी शिक्षक शिक्षा तालिम | पटक | १ | | १ | | १ | ३ | ६ | |
| ९ | पिछडिएका वर्गका बालबालिकाहरूका लागि सिकाइ प्रोत्साहन कार्यक्रम मनोपरामर्श तालिम सञ्चालन | पटक | | १ | | १ | | २ | ५ | |
| १० | मनोपरामर्श तालिम सञ्चालन | पटक | | १ | | १ | | २ | ५ | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको वृद्धि विकास र सिकाइका लागि पोष्टिक आहार महत्वपूर्ण भएको हुनाले "स्वस्थ्य शरीरमा स्वस्थ्य मस्तिष्कको निर्माण हुन्छा" भन्ने मान्यतालाई आत्मसात गर्दै नेपाल सरकारले आ.व. २०७७/०७८ देखि देशभरका सबै सामुदायिक विद्यालयहरूमा बाल कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि प्रति विद्यार्थी प्रतिदिन रू. १५ का दरले दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गर्दै आएकोछ। यसै क्रममा नेपाल सरकारले चालु आ.व. २०८१/०८२ मा पनि बाल कक्षादेखि कक्षा ५ सम्मका ३० लाख

विद्यार्थी लाभान्वित हुनेगरी दिवा खाजा कार्यक्रमका लागि रू. ८ अर्ब **३९** करोड रकम विनियोजन गरेको छ । जुन रकम शिक्षा क्षेत्रमा छुट्याइएको कुल बजेटको **४.१२** % हुन आउँछ । सामुदायिक विद्यालयमा गरिब तथा विपन्न वर्गका विद्यार्थीहरू धेरै हुने गरेकाले दिवा खाजा कार्यक्रम ल्याइएको हो । विद्यालयका बालबालिकाहरूका लागि दैनिक रूपमा चाहिने शक्ति (क्यालोरी) लगायत वृहत पोषकतत्व (प्रोटिन र चिल्लो पदार्थ) तथा सूक्ष्म पोषकतत्व (आयोडिन, आइरन, जीङ्क, भिटामिन (ए) को मात्राको **३०**% दिवा खाजाबाट परिपूर्ति हुनेगरी दिवा खाजाको मापदण्ड तयार गरेको छ । जसले गर्दा बालबालिकाहरूलाई कुपोषणबाट जोगाई स्वस्थ्यकर जीवन बाँच्न र शारीरिक साथै बौद्धिक विकासमा टेवा पुग्दछ ।

### ४.४.२ **वर्तमान अवस्था**

विश्व अहिले सबैका लागि शिक्षा र दिगो विकास लक्ष्य प्राप्तितर्फ क्रियाशिल रहेको छ । नेपालले पनि लक्ष्य प्राप्तिका लागि हस्ताक्षर गरी प्रतिबद्धता जनाएको छ । दिगो विकास लक्ष्य मध्ये**१**, **२** र **४** नम्बरका लक्ष्य बालबालिकाको शिक्षा, स्वास्थ्य र दिवा खाजा कार्यक्रमसँग सम्बन्धित रहेका छन् । नेपालको संविधान **२०७२** ले निःशुल्क र अनिवार्य आधारभूत शिक्षा साथै प्रत्येक नागरिकलाई स्वास्थ्य र खाद्य सुरक्षा समेत प्रत्याभूत गरेको छ । यो विषयलाई विद्यालय शिक्षा क्षेत्र कार्यक्रम (SESP) ले पनि उच्च महत्व दिएको हुनाले दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमलाई वर्तमान अवस्थामा मानव पूँजी विकासको दृष्टिले महत्वपूर्ण मानिन्छ ।

कोभिडले सिर्जना गरेको विश्वव्यापी आर्थिक मन्दीका कारण अभिभावकहरूको आय आर्जनमा कमी आई जीवन निर्वाह गर्न समेत कठिन भएको अवस्थामा शिक्षाका निम्ति सपोर्ट नहुने हो भने अभिभावकहरूले बालबालिकाहरूलाई विद्यालयबाट झिकेर काममा लगाउन सक्ने सम्भावना उति कै छ । तसर्थ दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गर्न सकियो भने विद्यार्थीले विद्यालय छाड्नेदरमा कमी आउन सक्छ । वर्तमान अवस्थामा चौदण्डीगढी नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयका विद्यार्थीहरूको उपस्थितिमा सुधार आउनु, विद्यार्थी भर्नादर र विद्यार्थी टिकाउ दरमा वृद्धि हुनु, विद्यार्थीहरूमा स्वास्थ्य सचेतना आई व्यवहारमा परिवर्तन ल्याउन सक्नुमा दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमको सकारात्मक प्रभाव मान्न सकिन्छ ।

### ४.४.३ **चुनौती र अवसर**

दिवा खाजा स्वास्थ्य सहित पोषण कार्यक्रमका चुनौती र अवसरहरू निम्न प्रकारका रहेका छन् ।

- दिवा खाजाको रकम न्यून भएको कारण तोकिएको मापदण्ड र मात्रा अनुसारखाजा खुवाउन नसक्नु,

- विद्यालयमा खाजा पकाउने जनशक्तिको व्यवस्था हुन नसक्नु । भान्से नहुँदा शिक्षकहरू नै खट्नु पर्ने अवस्थामा पठनपाठन प्रभावित हुनु,
- धेरैजसो विद्यालयमा खाजा पकाउने भाँडाकुँडा नहुँदा दिवा खाजाको रूपमा चिउरा, बिस्कुट, चट्पटे, चाउचाउ, बजारका प्याकिङ जङ्कफुड जस्ता ड्राइफुड खुवाउन बाध्य हुनु,
- विद्यालयले व्यवस्था गरेर राखेको भान्सेले उचित तरिकाले पकाउन नसक्दा पोषण तत्व नष्ट हुन सक्ने अवस्थामा भान्सेलाई आवश्यक तालिम दिने प्रबन्ध नहुनु,
- शिक्षक, प्र.अ., वि.व्य.स. र भान्सेलाई खाजाको गुणस्तर र मापदण्डका बारेमा जानकारीमूलक कार्यक्रम नहुनु,
- दिवा खाजाको मेनु अनुसार पोषणको मात्रा रतौलको मात्रा मिलाई खाजा खुवाउने कार्य भए नभएको बुझ्न नियमित अनुगमन नहुनु,
- दिवा खाजा व्यवस्थापन गर्दा स्थानीय कृषि उत्पादनलाई पूर्ण रूपमा जोड्न नसकिएको,
- कतिपय विद्यालयमा छात्राहरूलाई चेन्जिङ रुम सहितको लैङ्गिकमैत्री शौचालय र शुद्ध पिउने पानी नहुँदा सरसफाई सम्बन्धी गुणस्तरीय स्वस्थ्य सेवा प्रवाह गर्न नसक्नु ।

४.४.३ **उद्देश्यहरू**

दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमका उद्देश्यहरू निम्न अनुसारर हेका छन् :

- दिवा खाजा मार्फत कम्तिमा ३०% पोषण प्राप्त हुने सन्तुलित आहार उपलब्ध गराएर बालबालिकाको पोषण स्वास्थ्य स्थितिमा सुधार ल्याउनु ।
- विद्यार्थीहरूलाई अखाद्य वस्तुहरू, बजारका प्याकिङ् जङ्कफुडहरू, केमिकलयुक्त पेय पदार्थहरूबाट सजग गराई सफा, ताजा र स्थानीय उत्पादनको खाजा खान प्रेरित गर्नु ।
- स्वास्थ्य, सरसफाई तथा स्वच्छताको गुणस्तर वृद्धि गर्न विद्यालयमा प्राथमिक उपचार सेवा, लैङ्गिकमैत्री शौचालय, शुद्ध पिउने पानीको व्यवस्था मिलाउनु ।
- विद्यालयमा विद्यार्थीको भर्नादर, टिकाउदर र कक्षा पूरा गर्नेदर वृद्धि गर्नु ।
- विद्यालयमा विद्यार्थीको उपस्थितिलाई नियमित गराएर सिकाइ उपलब्धि वृद्धि गर्नु ।
- संविधान प्रदत्त शिक्षा सम्बन्धि हक, स्वास्थ्य रखाद्य सम्बन्धी हकलाई सुनिश्चित गर्दै सबैका लागि शिक्षा र आधारभूत तहसम्म अनिवार्य शिक्षाको अवधारणालाई मूर्त रुप दिनु ।

### ४.४.५ रणनीतिहरू

यो कार्यक्रम सञ्चालनमा देखिएका कमी कमजोरी हटाई प्रभावकारी ढङ्गले सञ्चालन गरी सबैलाई समान रूपमा शिक्षा दिन र गुणस्तरीय स्वास्थ्य सेवाको अवसरसुनिश्चित गर्न १० वर्षे अवधिमा चौदण्डीगढी नगरपालिकाले निम्न रणनीतिहरू अवलम्बन गर्ने :

- बालबालिकाको पोषण स्वास्थ्य स्थितिमा सुधार ल्याउन तोकिएको मापदण्ड र मात्रा अनुसार दिवा खाजा व्यवस्थापन गर्न प्रतिविद्यार्थी दैनिक रू. १५ बाट वृद्धि गरी समय सापेक्ष रकम थप गर्ने व्यवस्था चौदण्डीगढी नगरपालिकाले गर्ने, साथै कक्षा ८ सम्म निशुल्क दिवा खाजाको प्रबन्ध मिलाउन चौदण्डीगढी नगरपालिकाले प्रदेश साथै संघीय सरकारसँग र अन्य दातृ निकायसँग विशेष पहल गर्ने ।
- एक विद्यालय एक भान्सेको प्रबन्ध गरी भान्सेको क्षमता विकास गर्न तालिमको व्यवस्था मिलाउने ।
- खाजा पकाउन र वितरण गर्न आवश्यक भाँडाकुँडाहरू व्यवस्थापन गर्न वि.व्य.स. र अभिभावकलाई जिम्मेवारी दिने ।
- दिवा खाजाका लागि चौदण्डीगढी नगरपालिकाभित्र उत्पादन गरिँदै आएको जुनेलो, घैया, कागुनी, फापर, कोदो जस्ता रैथाने बालीहरू र सुठुनी, तरुल, सिमल तरुल, गिट्ठा, पुष्टकारी जस्ता रैथाने कन्दमुलहरूका साथै हरियो सागपात रफलफूलको उत्पादनमा जोड दिने र यसरी दिवा खाजामा स्थानीय कृषि उपजको उपयोग बढाएर रोजगारको अवसर सिर्जना गरी चौदण्डीगढीको युवा जनशक्ति विदेश पलायनको क्रमलाई न्यूनीकरण गर्ने ।
- अन्न समूह, गेडागुडी समूह, सागपात तथा फलफूल समूह र अन्य समूह (पशुजन्य समेत) समेटेर तयार पारिएको मेनु अनुसार ताजा दिवा खाजाको प्रयोग भए नभएको बुझ्नर गुणस्तर परीक्षण गर्न स्वास्थ्यकर्मी तथा खाद्य विज्ञ समेतको टोली खटाई अनुगमन कार्यलाई प्रभावकारी तुल्याउने ।
- एक विद्यालय एक करेसाबारीको नीति अवलम्बन गरी विद्यालयमा नै सागपात, तरकारी र फलफूल उत्पादन गर्ने उत्कृष्ट विद्यालयलाई पुरस्कृत गर्ने ।
- दिवा खाजाका लागि आवश्यक खाद्य सामग्री आपूर्ति गर्नका लागि पर्याप्त जग्गा भएका विद्यालयहरूको विघौं विघा जग्गामा व्यावसायिक तरकारी रफलफूल खेती कार्यक्रम सञ्चालन गरिनेछ साथै बडा नम्बर १ र ८ का पहाडी बाँझो जग्गामा तरकारी र फलफूल खेती लगाएर स्थानीय कृषकहरूको आयआर्जनमा वृद्धि गराई चौदण्डीगढी नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने ।
- ज्योति मा.वि. बेलटारमा सञ्चालनमा रहेको बालीविज्ञान विषयलाई ३ वर्षे बनाई त्यहाँ अध्ययन गर्ने विद्यार्थीहरूलाई व्यावसायिक खेतीमा प्रयोगात्मक रअनुसन्धनात्मक कार्यमा खटाई कमाउँदै पढ्ने प्रबन्ध मिलाउने ।

- हरेक बालबालिकाको नियमित स्वस्थ्य परीक्षण गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य सामग्री र औषधीहरू सहित एक विद्यालय एक नर्सको व्यवस्था गर्ने ।
- सबै विद्यालयहरूमा शुद्ध पिउने पानीको प्रबन्ध मिलाउने र छात्राहरूका लागि चेन्जिङ रुम सहितको लैङ्गिक मैत्री शौचालय निर्माण गरी विद्यालयको सरसफाइमा विशेष ध्यान दिने ।

### ४.४.५ उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाहरूले तोकिएको मापदण्ड अनुसारको दिवाखाजा खाए पछि स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुनेछ ।
- विद्यालयमा पढ्ने सम्पूर्ण बालबालिकाहरूले गुणस्तरीय स्वास्थ्य सेवा पाएका हुनेछन् ।

**नतिजाहरू**

- प्याड डिस्पोज गर्ने व्यवस्थासहित छात्रछात्रालाई विद्यार्थी सङ्ख्याका आधारमा अलग–अलग शौचालय, हात धुनका लागि सफा पानी र साबुनको व्यवस्था, किशोरीहरूका लागि चेन्जिङ रुम र आराम कक्षको व्यवस्था, सफा कक्षाकोठा र घेराबेरा सहितको विद्यालय हाताको व्यवस्था हुनेछ ।
- आधारभूत तहसम्मका बालबालिकाहरूलाई स्थानीय उत्पादनमा आधारित स्वास्थकर र पौष्टिक खाजा खाने व्यवस्था हुनेछ ।
- विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्था, बालबालिकाहरूको आवधिक रूपमा नियमित स्वास्थ्य परीक्षणको व्यवस्था, भिटामिन ए, आइरन चक्की, जुकाको औषधी तथा सुक्ष्म पोषण तत्वको व्यवस्था, किशोरीहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याडको व्यवस्था हुनेछ ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा लैङ्गिकमैत्री शौचालय, शुद्ध पानीको प्रबन्ध, हात धुनका लागि पानी र साबुनको व्यवस्था | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ४५ | |
| २ | बालबालिकालाई व्यक्तिगत सरसफाइ तथा स्वच्छता सम्बन्धी शिक्षा | विद्यालय | नियमित | | | | | | नियमित | |
| ३ | चेन्जिङ्रूम र आराम कक्षको व्यवस्था | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | २७ | |

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ४ | दिवा खाजका लागि विद्यालयहरूलाई थप सुविधा प्रदान ( भान्से, भाँडा बर्तन, चुलोको प्रबन्ध ) | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | ४५ | |
| ५ | विद्यालय दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका कार्यक्रमको नियमित अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ६ | स्यानिटरी प्याडको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | बालबालिकाका लागि भिटामिन ए, आइरन चक्की र फोलिकएसिड, जुकाको औषधि वितरण | विद्यालय | सबै विद्यालयहरूमा | | | | | | | |
| ८ | बालबालिकाको आवधिक स्वास्थ्य परीक्षण | विद्यालय | नियमित | | | | | | | |
| ९ | विद्यालयमा स्वास्थ्य किट वितरण एवम् प्रतिस्थापना | विद्यालय | नियमित | | | | | | | |
| १० | स्वास्थ्य सहितको विद्यार्थी हाजिरी रजिष्टरको प्रयोग | विद्यालय | सबै विद्यालयहरूमा | | | | | | ४५ | |
| १० | एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन | | | | ५ | ५ | ५ | १५ | २७ | |

## ४.५ विद्यालय सुरक्षा, विपन्न न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता शैक्षिक व्यवस्थापनको महत्वपूर्ण हिस्सा हो, जसले आपतकालीन अवस्थामा पनि बालबालिकाको सिकाइ निरन्तरतालाई सुनिश्चित गर्छ । प्राकृतिक प्रकोप, द्वन्द, महामारी, र अन्य संकटहरूको समयमा विद्यालयहरूको सञ्चालनमा अवरोध आई बालबालिकालाई शिक्षाबाट बञ्चित गर्न सक्छ । यस्तो परिस्थितिमा विद्यालयहरूलाई सुरक्षित राख्न, जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्न र शैक्षिक गतिविधिलाई निरन्तरता दिन यस योजनाले प्रत्यक्ष प्रभाव पार्नेछ ।

बृहत् विद्यालय सुरक्षा गुरु योजना २०१७ र विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ अनुसार विद्यालयको न्यूनतम सुरक्षाको उपाय सम्बन्धी क्रियाकलाप अपनाई शिक्षक विद्यार्थीलाई मृत्यू हुनबाट बचाउने आपतकालीन अवस्थामा विद्यालयको शिक्षण सिकाइ

वा बालबालिकाको शिक्षण सिकाइलाई निरन्तरता दिनु यस कार्यक्रमको मुख्य उद्देश्य हो। वि.स. २०७२ को भूकम्प र आ.व. ०७६।०७७ को कोभिड महामारीको अवस्थामा पनि नेपालका साधन श्रोत सम्पन्न भएका केही भूभागमा सिकाइलाई निरन्तरता दिई केही हदसम्म भए पनि शैक्षिक क्षतिलाई न्यूनीकरण गर्ने प्रयास गरेको पाइन्छ। विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता भनेको विद्यालय परिसरमा हुने सम्भावित जोखिमहरूलाई न्यून गर्न सुरक्षाका न्यूनतम मापदण्डहरू लाग गर्नु, शिक्षक, विद्यार्थी, र अन्य कर्मचारीको जीवनको सुरक्षा सुनिश्चित गर्नु, विद्यालय र सामुदायिक स्तरमा जोखिमको पहिचान गरी सम्भावित क्षतिको न्यूनीकरण गर्ने प्रक्रिया हो, जसले विपद्को समयमा तत्काल प्रतिक्रिया दिन सक्षमता प्रदान गर्छ।

विद्यालय सुरक्षा र विपत् व्यवस्थापनको आवश्यकता वि.स. २०७२ को विनाशकारी भूकम्प र आ.व. ०७६/०७७ को कोभिड महामारीको समयमा अझ स्पष्ट भएको थियो। संकटका बेला शिक्षण सिकाइलाई निरन्तरता दिन पूर्वतयारीका उपायहरू अवलम्बन नगर्दा शिक्षामा ठूलो क्षति पुगेको थियो। तसर्थ, विद्यालय सुरक्षा, विपत् न्यूनीकरण र उत्थानशीलता शिक्षाको गुणस्तर कायम राख्न र बालबालिकालाई निरन्तर सिक्न पाउने अधिकार सुनिश्चित गर्न आवश्यक रहेको छ।

४.५.२ **वर्तमान अवस्थाः**

पूर्वमा बेलका न.पा., पश्चिरममा त्रि.न.पा. उत्तरमा महाभारत डाँडा सुनकोशी नदी र दक्षिणमा चुरे पहाड तथा त्रियुगा नदीको बीचमा अवस्थित यस चौदण्डीगढी नगरपालिका वडा नं १ र ८ भौगोलिक विकटता बर्षादको बेला हावाहुन्डरी, चट्याङ्, महामारी रोग, खोलानाला त्रियुगा नदीको बाढी आदिले शिक्षाको नितन्तरतामा केही बाधा पुर्‍याइरहेको अवस्था छ। त्यसको अलावा विद्यालय रहेको सबै क्षेत्रमा रोगको महामारी भूकम्प आदिले पनि बालबालिकाको शिक्षण सिकाइलाई प्रत्यक्ष प्रभाव पारेको छ। विगत कोभिड महामारीको समयमा विद्यालय ठप्प (luck down) भएको बेला online कक्षा जस्ता शिक्षाको वैकल्पिक उपाय अपनाए तापनि साधन स्रोतको पहुँच र सबै विद्यालयमा internet को सुबिधा नभएकोले सो कुरा पनि प्रभावकारी हुन सकेन।

यसर्थ आगामी १० बर्षे शैक्षिक योजना अन्तर्गत प्रतिकार्य ढाँचामा वा विपद पूर्व तयारीको लागि यस्ता प्राकृतिक प्रकोप भूकम्प, महामारीको समयमा पूर्व तयारीको लागि साधन स्रोत तथा अन्य आवश्यक कार्यको पूर्व तयारी गर्न आवश्यक छ।

४.५.३ **अवसर तथा चुनौतीहरूः**

यसका अवसरहरू यसप्रकार छन्ः-

१ विपदको समयमा आएको शून्यताको समयलाई शिक्षक तथा विद्यार्थीले अन्य सृजनात्मक कार्यमा उपयोग गर्न सक्छन्।

२ असहाय, समस्यामा फसेका र जोखिमपूर्ण अवस्थामा रहेको व्यक्तिलाई सहयोग गर्ने अवसर प्राप्त हुन्छ।

३ संकटकाल तथा विपदको यस असमान्य अवस्थामा बढीभन्दा बढी सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सकिन्छ ।

४ संकटलाई वर्गीकरण गरी सो अनुरुप योजना बनाई शिक्षण सिकाइलाई निरन्तरता दिन सकिन्छ ।

५ संकटलाई मध्येनजर गरी तत्कालीन र दीर्घकालीन योजना बनाई शिक्षालाई बालबालिकाको पहुँचमा पुऱ्याउने र निरन्तरता दिन सकिन्छ ।

६ शिक्षासँग सरोकार राख्ने सम्बन्धित विद्यार्थी अभिभावकहरूमा आपतकालीन अवस्थामा पनि सचेतना कार्यक्रम सञ्चालन गरी शिक्षालाई निरन्तरता दिन सकिन्छ ।

यसका चुनौतीहरू यस प्रकार छनः–

- प्राकृतिक प्रकोप र महामारीको बेला राजनैतिक द्वन्दको कारण राहत सामग्री वितरण गर्न र सिकाइलाई निरन्तरता दिनु ।
- सचेतना, पूर्व तयारीको अभावमा तत्कालै हुने धनजन तथा शिक्षाको क्षतिलाई न्यूनीकरण गर्नु ।
- भौगोलिक विकटता र समस्याग्रस्त स्थानको पहिचान गरी सो अनुसार विपद् प्रतिकार्य योजना बनाई शिक्षालाई निरन्तरता दिनु ।
- पतकालीन अवस्थामा शिक्षा अन्तर सम्बन्धित विषयको रुपमा वा छुट्टै विद्याको रूपमा सम्बन्धित गर्ने ।
- प्राकृतिक प्रकोप र सोको जोखिम, महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने ।
- अकल्पनिय घटनालाई योजनामा समेट्ने तथा स्रोत व्यवस्थापन गर्ने ।
- संकटहरुको वर्गीकरण तथा योजना बनाउने ।
- तत्कालीन तथा दीर्घकालीन योजना बनाउने ।
- संकटकालीन शिक्षा योजना निर्माणमा सहभागी हुने ।

**४.५.४ उद्देश्य**

आपतकालीन र संकटकालीन अवस्थामा शिक्षाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :–

- विपद्को अवस्थामा शिक्षालाई निरन्तरता दिन विपद् व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्य ढाँचाको विकास गर्नु ।
- सम्भावित विपद्को व्यवस्थापन गर्न भौतिक सामग्री संरचना, आर्थिक स्रोत र मानवीय जनशक्तिको विकास गरी शिक्षण सिकाइलाई निरन्तरता दिनु ।
- विपद्को समयमा हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न र सो अनुसार रणनीतिक कार्य योजना बनाउनु ।

### ४.५.५ रणनीतिहरू

माथिको उद्देश्य प्राप्तिको लागि देहाय बमोजिमको रणनीतिहरू छन्:-

- विपदको समयमा शिक्षालाई निरन्तरता दिन विपद् पूर्व तयारी,पुनर्स्थापन, व्यवस्थापन सम्बन्धी प्रतिकार्य योजना र कार्यविधि तयार गरी विद्यालयको वि.व्य.स., प्र.अ.र वडा स्तरको जनप्रतिनिधि साथै वडा शिक्षा समितिलाई जिम्मेवार बनाई कार्यान्वयन गर्ने ।
- विपद तथा महामारीको समयमा शिक्षालाई निरन्तरता दिन र क्षतिलाई कम गर्न स्थानीय स्तरमा वा विद्यालय तहमा विद्यालय जोखिम न्यूनीकरण प्रतिकार्य समिति निर्माण गरी परिचालन गर्ने ।
- भयरहित शिक्षण सिकाइ निर्देशिका **२०६७** र बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप **२०६७** अनुसार बालबालिकाको सिकाइ सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्दै वैकल्पिक विधिहरूद्वारा विद्यालयमा सिकाइलाई निरन्तरता दिने ।
- नयाँ बन्ने संरचनाहरूमा विपदरहित पुर्वाधारको व्यवस्थापन गरिने तथा पुराना संरचनाहरूमा विपदरहित पूर्वाधारको पुनर्स्थापना गर्ने ।
- शिक्षण सिकाइ निरन्तरताको लागि आवश्यक पर्ने यन्त्र, उपकरण तथा अन्य सूचना प्रविधिको प्रबन्ध गर्ने ।
- विपद व्यवस्थापनको लागि विद्यालय, वडा कार्यालय, सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरी जिम्मेबार संयन्त्र निर्माण गर्ने ।
- विपद तथा संकट व्यवस्थापनको राष्ट्रिय तथा अन्तरराष्ट्रिय असल अभ्यासको अनुसरण गर्ने ।
- हरित विद्यालयको अभियान, जलवायू परिवर्तन न्यूनीकरण दिगो विकासको लक्ष्य अनुसार कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

### ४.५.६ उपलब्धि, नतिजा तथा क्रियाकलापहरू

**उपलब्धि**

- संकटकालीन तथा आपतकालीन अवस्थामा पनि बालबालिकाहरूको सिक्न पाउने अधिकार सुनिश्चित हुनेछ ।
- सम्भावित जोखिमबाट बच्न प्रत्येक व्यक्ति तथा बालबालिकाहरूमा पूर्व तयारीमा र हने र क्षतिलाई न्युनीकरण गर्न सिप तथा क्षमताको विकास भएको हुनेछ ।
- आपतकालिन तथा संकटको अवस्थामा पनि निरन्तरताको लागि वैकल्पिक सिकाइका विधिहरू अपनाइएको हुनेछ ।

**नतिजा**

- विपद व्यवस्थापन प्रतिकार्य संयन्त्र र कार्य ढाँचाको विकास भएको हुनेछ ।
- सम्भावित विपद व्यवस्थापनका लागि भौतिक सामग्री, आर्थिक स्रोत र मानवीय शक्तिको व्यवस्थापन भएको हुनेछ ।

- संकट तथा विपदको अवस्थामा पनि शिक्षण सिकाइ  कृयाकलाप निरन्तर सञ्चालन हुनेछ ।

**मुख्य क्रियाकलाप तथा लक्ष्य**

| क्र.स. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद व्यवस्थापन संयन्त्र तथा शिक्षण सिकाइ सहयोग समिति निर्माण (वडास्तरीय) | वटा | २ | २ | २ | २ | २ | १० | १० | |
| २ | विपद तथा संकटको मूल्याङ्कनको आधारमा योजाना निर्माण | विद्यालय | सबै विद्यालयहरूमा | | | | | ४५ | | |
| ३ | नगर क्षेत्रभित्रका विद्यालयमा विपद जोखिम न्यूनीकरण क्षमता विकास तालिम | विद्यालय | सबै विद्यालयहरूमा | | | | | ४५ | | |
| ४ | विपद प्रतिकार्य सम्बन्धी सामग्री व्यवस्थापन | विद्यालय | आवश्यकता अनुसार | | | | | | | |
| ५ | विपदको समयमा पनि सिकाइको निरन्तरता दिन पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | | |
| ६ | विद्यालय विपद कोष | विद्यालय | सबै विद्यालयहरुमा | | | | | | | |
| ७ | विद्यालयमा सामाजिक मनोपरामर्श कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | | |
| ८ | भूक्षय तथा पहिरो नियन्त्रण र वृक्षारोपण कार्यक्रम | विद्यालय | सबै विद्यालयहरूमा | | | | | | | |
| ९ | हरित विद्यालय संख्या | विद्यालय | सबै विद्यालयहरूमा | | | | | | | |

## ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सफाइ र पिउनका लागि खानेपानी, शौचका लागि शौचालय,बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक

तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्रीहरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था रहेको छ । तसर्थ यस खण्डमा चौदण्डीगढी नगरपालिका भित्र रहेका विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख लक्ष्य उल्लेख गरिएको छ ।

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सफाइ र पिउनका लागि खानेपानी, शौचका लागि शौचालय, बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति, यस पालिकाको शिक्षा सम्बन्धी नारा तथा हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजना प्रस्ताव गरिएको छ ।

यस खण्डमा चौदण्डीगढी नगरपालिका भित्र रहेका विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख लक्ष्य उल्लेख गरिएको छ ।

४.६.२ **वर्तमान अवस्थाः**

चौदण्डीगढी नगरपालिकाको स्थिति प्रतिवेदन २०७९/८० अनुसार हाल जम्मा सामुदायिक विद्यालय ४५ रहेका छन् । सामुदायिक विद्यालयतर्फ २२५ वटा भवन रहेकोमा झन्डै १९० वटा पक्की भवन छन्, जसमा ५९८ वटा कक्षाकोठाहरू छन् । ती मध्ये ४३० पक्की छन्

। यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ । सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरू ४५, छात्र शौचालय४५ तथा महिला शिक्षक शौचालय ७ वटा छन् । खानेपानीको आफ्नै श्रोत भएका विद्यालय ३७ बाहिरी श्रोत भएका विद्यालय ११ र अन्य कुनै श्रोत नभएका विद्यालय ४ वटा छन् । यस नगरपालिकामा आधारभूत तह कक्षा १-८ मध्ये धेरै विद्यालयहरुमा पुस्तकालय, आइसिटी तथा विज्ञान प्रयोगशालाहरू छैनन् । विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा ४१ विद्यालयमा स्टाफ कोठा, २२ विद्यालयमा स्टोर कोठा, ५ विद्यालयमा खेलकुद कोठा साथै १३ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन् । यस चौदण्डीगढी नगरपालिकामा केही विद्यालय भवन निर्माणाधीन अवस्थामा छन् । केही विद्यालयमा तारजाली सहितको घेरावारा भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण भएका छन् केही विद्यालयमा निर्माण सम्पन्न हुने क्रममा छन् । नगरपालिकाको भौतिक प्रगति ७७.०९ प्रतिशत भएको देखिन्छ (चौ.न.पा. स्थिति प्रतिवेदन २०८०/८१) ।

यस नगरपालिकाभित्रका धेरै विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरु पूर्ण रूपमा तयार गर्न सकिएको छैन । विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने कामहरू पूर्ण गर्न बाँकी छन् । विद्यालय भौतिक सुविधा विस्तारका कार्यक्रम कम प्राप्त हुने र माग र आवश्यकता बढी हुने जस्ता चुनौतीहरू छन् । साथै राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ ।

### ४.६.३ **अवसर र चुनौतीहरू**

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित अवसर र चुनौतीहरू रहेका देखिन्छन्;-

- भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका ।
- पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी एवं जवाफदेही बनाउनु ।
- सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु ।
- आवश्यक स्रोतको पहिचान र व्यवस्थापन गर्नु ।
- पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु ।
- विद्यालय भौतिक सुविधा विस्तारका कार्यक्रम कम प्राप्त हुने र माग र आवश्यकता बढी हुनु
- विद्यालयहरूमा आधारभूत भौतिक पूर्वाधार नहुनु ।

४.६.४ **उद्देश्यः**

- सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्ने ।
- आधारभूत भौतिक पूर्वाधारहरुको सुनिश्चित गर्नु ।
- पूर्वाधारहरुलाई पारदर्शी एवं जवाफदेहिताका आधारमा बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउने ।

४.६.५ **रणनीतिहरू**

- पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गर्ने ।
- विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघ संस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गर्ने ।
- विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, शुद्ध खानेपानी, शौचालय, भान्सा वा खाजाघर, लगायत सबैको योजना समावेश गरी डिजाइन गर्ने ।
- प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गर्ने ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गर्ने ।
- आंशिक रूपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार गर्ने ।
- विद्यालय मर्जरपश्चात खाली रहेका भौतिक संरचनाको उचित प्रयोगको व्यवस्था मिलाउने ।
- विद्यालय वातावरण सुन्दर वनाउन 'नछोडौं विद्यालय परिसर खाली, बनाऔं विद्यालय हरियाली कार्यक्रम' लागू गर्ने ।
- स्थानीय तह र समुदायको साझेदारीमा स्थानीय तहको प्रत्येक वडा बालबालिकाहरूलाई खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको बाल उद्यान निर्माण गर्ने ।

४.६.६ **उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरू**

**उपलब्धि**

- नगरपालिका भरिका सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

**नतिजा**

- चौदण्डीगढी नगरपालिका भित्रका विद्यालय शिक्षा अन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित हुने,
- चौदण्डीगढी नगरपालिका अन्तर्गत भौतिक पूर्वाधारको आवश्यकता र मापदण्ड सहितको १० वर्षे मास्टर प्लान तयार हुने,

- पूर्वाधार विकासका लागि स्रोत र जिम्मेवारीको बाँडफाँट सहितको कार्यान्वयन प्रारुप विकास हुने,
- नगरपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने,
- एक विद्यालय सम्पूर्ण पूर्वाधारको अवधारणा अनुरूप कम्तिमा १० विद्यालयमा पूर्वाधार विकास हुने,
- पूर्वाधार विकासका लागि आवश्यक विधि, मापदण्ड तथा स्तरीकरणका सूचक तयार हुने,
- सबै विद्यालयको क्षेत्रभित्र घेराबारा, खानेपानी, शौचालय, र बाह्य खेल मैदान सम्भव नहुने विद्यालयमा खेल कक्षको व्यवस्था भएको हुने,
- विद्यालयका भौतिक पुर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री हुने,
- सबै विद्यालयहरूमा आधारभूत सूचना तथा संचार प्रविधि तथा सबै माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशालाको व्यवस्था भएको हुने,
- कम्तिमा १० वटा वडामा बाल उद्यानको निर्माण भएको हुने ।

**मुख्य क्रियाकलाप तथा लक्ष्यहरू**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयको भौतिक निर्माण कार्यलाई थप व्यवस्थित गर्न एक कार्यविधि तयार | पटक | १ | ० | ० | ० | १ | २ | ३ | |
| २ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | नयाँ भौतिक संरचना निर्माण (भवन, शौचालय, घेराबारा, खानेपानी, चमेना गृह) | संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ४ | निर्माण भएका संरचनाहरूको मर्मत तथा पहुँचयुक्तता | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ५ | निरन्तर प्राविधिक तथा जनप्रतिनिधिहरूबाट अनुगमन तथा निरीक्षण | पटक | १ | | | १ | | २ | ४ | |
| ६ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं विद्यालय हरियाली कार्यक्रम | विद्यालय | २ | ५ | ५ | ५ | ५ | २२ | २६ | |
| ७ | वडागत बाल उद्यान | वडा | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

शिक्षामा सूचना तथा प्रविधि भन्नाले शिक्षण र सिकाइ प्रक्रियामा कम्प्युटर, इन्टरनेट, मल्टिमिडिया, रेडियो, टेलिभिजन जस्ता प्रविधिहरूको प्रयोगलाई बुझिन्छ । यसले कक्षा कोठामा श्रव्य, दृश्य, श्रव्यदृश्य, र अनलाइन शिक्षण सामग्रीको प्रयोग गरी सिकाइलाई सरल, प्रभावकारी, र इन्टरएक्टिभ बनाउँछ । यसले शिक्षक र विद्यार्थीबीचको अन्तरक्रियालाई बढाउँदै स्वाध्ययनलाई प्रेरित गर्न र शिक्षा प्रणालीलाई आधुनिक बनाउन मद्दत पुऱ्याउँछ । सामान्यतया शिक्षामा सूचना प्रविधिको प्रयोग भन्नाले श्रव्य, भिजुअल, श्रव्यदृश्य, मल्टिमिडिया र वेबमा आधारित कम्प्युटर र इन्टरनेटको माध्यमबाट ज्ञानमा आधारित शिक्षण सामग्री उपलब्ध गराउनु हो । यसले विद्यार्थीहरूका लागि प्रशासनिक कार्य र विशेष शिक्षालाई मात्र समर्थन गर्दैन तर आत्म-अध्ययन, अन्वेषण, र सिकाइमा सहयोगलाई पनि प्रेरित गर्दछ । सूचना र सञ्चार प्रविधिको दक्ष र प्रभावकारी प्रयोगले शिक्षण र सिकाइमा सुधार मात्रै गर्दैन, राष्ट्रिय विकास लक्ष्यहरू प्राप्त गर्नमा पनि महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगले सबै विद्यार्थीलाई सूचना तथा सञ्चार प्रविधिको पहुँच, डिजिटल असमानता घटाउने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षाको माध्यमको रूपमा प्रयोग गरी शिक्षणमा सुधार ल्याउने, शिक्षामा सबैको पहुँच पुऱ्याउने आधारभूत आधार प्रदान गर्दछ ।

शिक्षामा सूचना र सञ्चार प्रविधिको कार्यले सबै विद्यार्थीहरूका लागि सक्षरतामा आधारित सूचना र सञ्चार प्रविधिको विकास गर्न, सूचना र सञ्चार प्रविधिमा समान पहुँच सिर्जना गर्न, शैक्षिक गुणस्तर सुधार गर्न र सुशासन सहयोगको स्थापनाका लागि शैक्षिक व्यवस्थापनलाई दक्ष र प्रभावकारी बनाउने सुशासन जवाफदेहिता सुनिश्चित गर्नमा केन्द्रित छ । शिक्षामा सूचना र प्रविधिले शिक्षालाई समावेशी बनाउन, शिक्षाको स्तर सुधार गर्न र सेवाप्रवाह र शासन प्रणालीलाई अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । आजको संसार सूचना र प्रविधिको विकासले गहिरो प्रभाव पारेको छ, जसले शिक्षामा महत्त्वपूर्ण परिवर्तनहरू ल्याएको छ । शिक्षामा सूचना र प्रविधिको प्रयोगले सिकाइलाई थप रोचक, प्रभावकारी र पहुँचयोग्य बनाउँछ । अनलाइन शिक्षा, विभिन्न सिकाइ सामग्री, व्यक्तिगत शिक्षा, सहयोगात्मक शिक्षा, र विश्वव्यापी पहुँच यसका केही प्रमुख फाइदाहरू हुन् । तर डिजिटल डिभाइस, प्रविधि निर्भरता, साइबर सुरक्षा र शिक्षक क्षमता अभिवृद्धि पनि चुनौतीहरू हुन् । नीतिगत सुधार, पूर्वाधार विकास र शिक्षक क्षमता अभिवृद्धि सिकाइका लागि सूचना र प्रविधिको प्रभावकारी प्रयोगका लागि आवश्यक छ । विभिन्न प्रकारका प्रकोप र महामारीहरूमा, सूचना प्रविधिले निरन्तर सिक्नको लागि महत्त्वपूर्ण सहयोग प्रदान गर्न सक्छ । चुनौतीहरूको बावजुद, क्षमता र संरचनामा आधारित निरन्तर शिक्षा वृद्धि प्रदान गर्न मिश्रित शिक्षाको लागि भर्चुअल माध्यम प्रयोग गर्न सकिन्छ ।

### ४.७.२ वर्तमान अवस्था

चौदण्डीगढी नगरपालिकामा वर्तमान अवस्थामा सबै सामुदायिक विद्यालयमा इन्टरनेटको व्यवस्था छ । सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा प्रविधि सम्बन्धी संर चना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय योजनामा उल्लेख गरिएको छ । हाल मल्टिमिडियाको सुविधा भएका १९ वटा,स्मार्ट वोर्ड भएको ८ वटा विद्यालय छन् । चौदण्डीगढी नगरपालिकाका सबै विद्यालयमा विद्युतको पहुँच छन् । साथै ५ वटा विद्यालयहरूमा CCTV Camera जडान गरिएको छ भने धेरै जसो सामुदायिक विद्यालयहरूमा रमाइलो पढाइ कक्षाका लागि स्मार्ट टिभी जडान गरिएको छ र आइसीटी कार्यक्रम २५ वटा विद्यालयलाई वितरण गरिएको छ ।

चौदण्डीगढी नगरपालिकाले आफ्नो क्षेत्र भित्रका कक्षा–८ संचालित आधारभूत विद्यालय र माध्यमिक विद्यालयहरूमा विद्यार्थी परिचयपत्र, शिक्षक परिचय पत्र, परीक्षा तालिका, विद्यार्थी प्रगति प्रतिवेदन जस्ता विवरणहरू डिजिटल प्रविधिको प्रयोग गरी विकास गर्ने अभ्यास शुरू गरेको छ । साथै प्र.अ.हरूले आफ्नो मोवाइल एप्स म्यासेन्जरको माध्यमबाट शिक्षा शाखाको सूचना हेर्न मिल्ने व्यवस्था समेत मिलाएको छ । पालिकाको आफ्नै स्रोतबाट समेत सूचना तथा संचार क्षेत्रमा लगानी भएको छ । संघीय सरकार तथा पालिकाको संयुक्त लगानीमा आइटी फोकल शिक्षकहरूका लागि प्रविधि सम्बन्धी तालिम सञ्चालन गरिसकिएको छ ।

### ४.७.३ अवसर र चुनौतीहरू

यस प्रकारका राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :–

- कक्षा कोठामा विषय र माध्यमका रुपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि शिक्षण संस्थाहरूमा द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गर्नु ।
- डिजिटल प्रविधिको सदुपयोगको सुनिश्चितता गर्नु ।
- दक्ष जनशक्तिको विकास गरी सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण विधिका रूपमा कक्षा कोठामा प्रयोग गर्नु ।
- शिक्षक तथा प्रशिक्षकलाई नियमित रुपमा सूचना प्रविधिमा आधारित तालिमको सञ्चालन तथा व्यवस्थापन गर्नु ।
- अभिभावक तथा व्यवस्थापन समितिका पदाधिकारीहरू सूचना तथा सञ्चार प्रविधिमैत्री बन्नु ।

- सूचना प्रविधि सम्बन्धी उपकरणको व्यवस्था, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु ।
- सूचना प्रविधिको प्रयोगबाट क्षमता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु ।
- सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु ।
- शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई सहज हुने गरी विस्तार गर्नु ।
- सबै विद्यालयहरूको भौतिक अवस्था फरक फरक भएकोले विद्युत, इन्टरनेट कनेक्टिभीटि आदिको विस्तार गर्न कठिनाइ हुनु ।
- सूचना तथा संचार प्रविधिको प्रयोगको लागि आवश्यक अन्य पूर्वाधारहरूको प्रभावकारी व्यवस्था हुन नसक्नु ।
- सूचना तथा संचार प्रविधि प्रयोगको लागि क्षमताको विकास गराउन नसक्नु ।
- सेवाप्रदायक संस्थाहरूसँग समन्वयको अभाव रहनु ।

### ४.७.४ उद्देश्य

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी योजनाका निम्नानुसारका उद्देश्यहरू रहेका छन् :-

- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सुनिश्चित गर्नु ।
- सूचना प्रविधिमा आधारित जनशक्तिलाई अद्यावधिक गर्न तालिमको व्यवस्था गर्नु ।
- विद्यालयमा आधारित शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणालीलाई व्यवस्थित गर्नु ।
- शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाइ शैक्षिक गुणस्तर सुनिश्चित गर्नु ।

### ४.७.५ रणनीतिहरू

- सबै विद्यालयहरूमा सूचना तथा संचार प्रविधिका आधारभूत संरचनाहरू तथा उपकरणको प्रबन्ध गरी सुरक्षित भौतिक तथा प्राविधिक प्रबन्ध मिलाउने ।
- हरेक आधारभूत र माध्यमिक विद्यालयमा सिसि टिभी क्यामराको माध्यमबाट विद्यालयको गतिविधि अवलोकन गर्ने व्यवस्था मिलाउने ।
- हरेक विद्यालयहरूद्वारा विद्यालयका सम्पूर्ण शैक्षिक विवरणहरू डिजिटल प्रविधिको प्रयोग गरी व्यवस्थित गर्ने ।
- अभिभावकहरूले आफ्ना बालबालिकाको प्रगति प्रतिवेदन लगायतको अन्य विवरणहरू मोबाइलबाटै हेर्ने व्यवस्था मिलाउने ।
- कम्प्युटर सञ्चालन सम्बन्धी सीप विकास गर्न प्रधानाध्यापक तथा शिक्षकलाई तालिमको व्यवस्था गर्ने ।

- विपदको समयमा पनि शिक्षण सिकाइ सुचारु राख्न विद्यालयस्तरमा प्रविधि मार्फत वैकल्पिक सिकाइ सहजीकरणको व्यवस्था मिलाउने ।
- सबै विद्यालयमा प्रविधिमैत्री शिक्षणको लागि चाहिने न्यूनतम सामग्रीको व्यवस्था गर्दै लाने ।
- सिकारु केन्द्रित शिक्षण सिकाइ प्रभावकारी रुपमा सञ्चालन गर्न तथा व्यक्तिले सहजै प्रयोग गर्नसक्ने सामग्रीहरू जस्तै ट्याब्लेट, स्मार्ट फोन, मोवाईल आदिको प्रयोगमा जोड दिने ।
- प्रत्येक माध्यमिक विद्यालयमा क्रमशः ई–पुस्तकालयको स्थापना गर्दै लाने ।
- विद्यालय र सामुदायिक सिकाइ केन्द्रबिच सहकार्य गरी शिक्षण सिकाइ कार्य प्रभावाकारी बनाउने ।
- शिक्षक सहायता तथा पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रणालीको प्रयोग गर्ने ।
- IEMIS /SAS को प्रयोगलाई थप विस्तार तथा व्यवस्थित गर्ने ।
- नगरपालिका भित्र रहेका सामुदायिक अध्ययन केन्द्र तथा सामुदायिक पुस्तकालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र प्रभावकारी बनाउने ।

### ४.७.६ उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नाका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार भई सुशासन अभिवृद्धि हुने ।

**नतिजा**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने ।
- सबै विद्यालयहरूमा शिक्षण सिकाइ तथा अन्य व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग हुने ।
- सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोग विस्तार हुने ।
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुधार भई सुदृढ हुने ।
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति र समयको बचत हुने ।
- विद्यालय तथ्याङ्क पद्धति पूर्ण पेपरलेस हुने ।

- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि पालिका स्तरमा सूचना तथा सञ्चार प्रविधि स्रोत केन्द्रको स्थापना हुने छ ।
- पालिका स्तरमा सूचना तथा सञ्चार शिक्षक सहायता प्रणालीको विकास हुने ।
- पालिका स्तरमा रहेका सामुदायिक अध्ययन केन्द्र तथा पुस्तकालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग हुने ।

**मुख्य क्रियाकलापहरू तथा लक्ष्यहरू**

| क्र. सं. | क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य–५ वर्षे | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा ICT LAB बिस्तार | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | १० | |
| २ | सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटि व्यवस्थापन | वटा | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | २२५ | |
| ३ | सबै शिक्षकहरूलाई ICT को आधारभूत तालिम कार्यक्रम | जना | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | २२५ | |
| ४ | IEMIS सम्बन्धी तालिम | जना | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | २२५ | |
| ५ | SAS सम्बन्धी तालिम | जना | ४५ | ४५ | ४५ | ४५ | ४५ | २२५ | २२५ | |
| ६ | विद्यालयमा ई–लाइब्रेरी सञ्चालन | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | १० | |
| ७ | पालिका स्तरमा विद्यालयलाई प्रविधिमैत्री शिक्षक सहायता समूहको निर्माण र परिचालन | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | संचालनमा रहेका सामुदायिक अध्ययन केन्द्र तथा पुस्तकालयहरूमा ICT विस्तार | वटा | १ | १ | १ | | | ३ | | |
| ९ | शिक्षालायहरूमा स्मार्ट मोबाइल फोनमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन | वटा | १६ | १६ | १६ | १६ | १६ | ८० | २२० | |
| १० | विद्यालय तथ्याङ्क पद्धति पूर्ण पेपरलेस | वटा | ५ | ५ | ५ | १५ | १५ | ४० | | |

## परिच्छेद : ५

# सुशासन तथा व्यवस्थापन

सुशासन शब्दले असल शासन वा सुधारिएको शासन प्रणालीलाई बुझाउँछ । विद्यालय सुशासन तथा व्यवस्थापन भन्नाले विद्यालयको सञ्चालन, व्यवस्थापन, र नीतिहरू तथा योजनाहरुलाई पारदर्शी, जवाफदेही, र सहभागितामूलक बनाउनु हो जसले विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न योगदान गर्छ। यसले नीतिगत निर्णयहरूको उचित कार्यान्वयन, स्रोत साधनको प्रभावकारी व्यवस्थापन र परि चालन, शिक्षक, विद्यार्थी, र अभिभावकहरूको सक्रिय सहभागितार विधिको पालना सुनिश्चित गर्छ । विद्यालयहरूको सुशासनले बालबालिकाको सिकाइमा सुधार ल्याउन, शिक्षकहरूको दक्षता वृद्धि गर्न, र शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेल्दछ । यसका लागि प्रभावकारी संरचना, क्षमता विकास, र अनुगमन प्रणाली स्थापना गर्नु अपरिहार्य छ । यस योजनाबाट प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार, प्रकोप तथा महामार ीको अवस्थाको सिकाइ तथा समावेशीताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ ।

### ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

नेपालको संविधान २०७२ अनुसार, स्थानीय तहमा शिक्षा सम्बन्धी अधिकार रहेको छ । विद्यालयमा आर्थिक सुशासन कायम गर्नका लागि शिक्षा ऐन २०२८ मा अनिवार्य सामाजिक लेखापरीक्षणको व्यवस्था छ, जसले विद्यालय सञ्चालनमा पारदर्शिता र उत्तरदायित्वको सुनिश्चितता गर्छ । विद्यालय शिक्षा स्थानीय तहको मातहतमा राख्नु तथा शिक्षाको अधिकार साझा रूपमा तीनै तहको सरकारमा रहनुले विद्यालय सुशासन तथा व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र सहभागीमुलक बनाइनु अहिलेको प्रमुख आवश्यकता हो भन्न सकिन्छ ।

यस योजनामा नगरभित्रका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, र माध्यमिक शिक्षामा विद्यालय उमेर समूहका बालबालिकाहरूको पहुँच र सहभागितामा सुनिश्चितता गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा जीवनपर्यन्त अवसरहरूको विस्तार, समता तथा समावेशीताको प्रवर्द्धन गरी जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ । शिक्षामा सुधार ल्याउन  त्यससँग सरोकारवाला सबैको क्षमता विकास गर्न आवश्यक रहेकाले यस खण्डमा नगरभित्र सञ्चालित शिक्षा विकास कार्यक्रमहरूको कार्यान्वयनका लागि भएका प्रयासहरूको समीक्षा गर्दै विद्यालय क्षेत्रको योजना प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता तथा प्रक्रियामा देखिएका चुनौतीहरु

पहिचान गर्दै तिनीहरूको समाधानका लागि सुशासन प्रवर्द्धन गरी आवश्यक परिवर्तनको प्रस्ताव सहित संरचना, क्षमता र प्रक्रियाको विकासका बारेमा चर्चा गरिएको छ ।

५.१.१ **वर्तमान अवस्था**

शिक्षामा सुशासन तथा व्यवस्थापन कार्यान्वयनका लागि संघीय रूपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । मन्त्रालय अन्तरगत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र॰ पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । जिल्लास्तरमा ७७ वटा शिक्षा विकास तथा समन्वय इकाइ रहेका छन् भने स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् । यसै गरी प्रदेश तहमा सामाजिक मार्फत शिक्षा विकास निर्देशनालय प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था गरिएको छ । पालिका स्तरमा स्थानीय सरकार संचालन ऐन–२०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनमा तोकिए बमोजिमका २३ वटा कार्यहरू कार्यान्वयनमा रहेका छन् ।

यस नगरपालिका अन्तर्गत विद्यालय सुशासन तथा व्यवस्थापनलाई यथार्थपरक कार्यान्वयनका लागि शिक्षा युवा तथा खेलकुद शाखाको व्यवस्था रहेको र यसका मातहमा हाल ४५ वटा सामुदायिक र २१ वटा संस्थागत विद्यालय तथा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायत केही सामुदायिक विद्यालयहरुमा आमा समूहहरु समेत विद्यालय शिक्षाको गुणस्तर सुधार्नका निम्ति सक्रिय रुपमा कार्यान्वयन भैरहेका छन् ।

विद्यालय सुशासन तथा व्यवस्थापनलाई संस्थागत गरी कार्यान्वयन गर्नका लागि आवश्यक संघीय शिक्षा ऐन हालसम्म जारी हुन नसकेकोले विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापनमा केही अन्योलताको अवस्था रहे तापनि स्थानीय तहलाई सुम्पिएको २३ वटा अधिकारहरूको कार्यान्यनका लागि यस स्थानीय तहले स्थानीय शिक्षा ऐन नियमावली तथा कार्यविधिहरु निर्माण गरी कार्यान्वयन गरेको अवस्थामा स्थानीय परिवेश अनुसार हाल मौजुदा संघीय ऐन नियमहरूसँग केही कुराहरू बाझिएको हुँदा विद्यालय सुशासन र व्यवस्थापनलाई अझ व्यवस्थित रूपमा कार्यान्वयन गर्न सकिएको छैन ।

शिक्षकहरूको पेसागत क्षमता विकासका लागि स्थानीय स्तरमा शिक्षा तालिम प्रदान गर्ने संस्था नहुनु र स्रोतकेन्द्र  पनि खारेज हुनुले शैक्षिक गतिविधि तथा  एकरूपता ल्याउनका साथै पुनर्ताजगी तालिम तथा शैक्षिक तालिमका कार्यक्रम सञ्चालनमा आउन सकेका छैनन् । नगरभित्र सञ्चालित सामुदायिक तथा निजी विद्यालयमा संचालन भइरहेका प्राविधिक धार तथा साधारण धारका साथै प्राविधिक तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त कार्यक्रमहरूलाई व्यवस्थित गर्न नीतिगत कठिनाइका बाबजुद पनि सहजीकरण र समन्वयात्मक काम स्थानीय सरकारबाट हुँदै आएको छ ।

देश सङ्घीयतामा गएपनि सरकारका विभिन्न तहहरु बिच समन्वय हुन नसक्नु, कानून निर्माणमा भएको ढिलाई जस्ता कारणले स्थानीय स्तरमा संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्न भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन हुन आवश्यक देखिन्छ ।

५.१.२ **उद्देश्यः**

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्नानुसार छन्ः–

- विद्यालय तथा शिक्षासँग सम्बद्ध क्षेत्रमा काम गर्ने समितिहरू, शिक्षकहरू, प्रधानाध्यापक, कर्मचारीहरू र  संस्थाहरूको क्षमता विकास गर्ने ।
- विद्यालय सुधार वार्षिक योजनालाई नियमित अद्यावधिक गराई कार्यान्वयन गराउने ।
- विद्यालयका विभिन्न समितिहरूको क्षमता विकास गरी सुशासन तथा व्यवस्थापनलाई कार्यान्वयन गर्ने ।
- विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने ।

५.१.३ **रणनीतिहरू**

- विद्यालय सुशासन प्रवर्द्धनका लागि सम्बद्ध निकायहरू, विद्यालय प्रशासन तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न अभिमुखीकरणरू, क्षमता विकास तालिम, गोष्ठी, अन्तरक्रियात्मक कार्यक्रमहरू आयोजनामा जोड दिने ।
- विद्यालयको नीति तथा कार्यक्रम, योजना एवम् कार्यान्वयनका सम्बन्धमा सरोकारवालाहरूको सक्रिय सहभागिता बढाई विद्यालयको सेवा प्रवाहलाई नतिजामुखी बनाउने ।
- विद्यार्थी विवरण लगायत सबै विवरणहरू नियमित रूपमा इमिस मार्फत अद्यावधिक गराइने ।
- विद्यालय सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनका लागि स्थानीय स्तरमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्ति व्यवस्थापनमा जोड दिने ।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरूलाई समयानुकूल सुशासन तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रमहरूका माध्यमबाट समावेशी, समतामूलक, जवाफदेही तथा पारदर्शी बनाउने ।
- शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शीता, जवाफदेहिता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने ।
- विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि पेसागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने ।

### ५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

- विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाहरूको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने ।
- शिक्षा क्षेत्रमा समता तथा समावेशीतालाई प्रोत्साहन, स्तरयुक्त जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्न सहयोग पुग्ने ।

**प्रमुख नतिजाहरू**

- स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने ।
- स्थानीय सरकार, शिक्षाको शासकीय स्वरूप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चिनत गर्न सहयोग पुग्ने ।
- विद्यालय प्रशासन तथा सरोकारवाला निकायहरूको विद्यालय सञ्चालन तथा व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र अभिभावकहरूको सहभागितामा वृद्धि हुने ।
- विद्यालय सुशासन तथा व्यवस्थापन प्रति समुदायको चासो, सहभागिता, जवाफदेहिता, जिम्मेवारी र खबरदारीमा वृद्धि भई पठनपाठनमा व्यापक सुधार हुने ।
- शैक्षिक निकाय र जनशक्तिको दक्षता वा क्षमता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने ।
- शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक एवम् प्रभावकारी हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यकता अनुसार नगरपालिका शिक्षा ऐन २०७६ नियमावली २०७९ र कार्यविधिहरू संशोधन | पटक | | १ | | १ | | २ | २ | |
| २ | प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विव्यस तथा प्रअको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | १ | | १ | | १ | ३ | ५ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ५ | खुल्ला प्रतिस्पर्धाबाट प्रअको छनोट र नेतृत्व सम्बन्धी तालिम | विद्यालय | | | | | | | | आवश्यकता अनुसार |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कार्यविधि तयार सहित उत्कृष्ट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | वार्षिक विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | | १ | | १ | | २ | ५ | |
| १० | विद्यालयको अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थीसमाज गठन तथा अक्षय कोष एवम् आर्थिक स्रोत संकलन | विद्यालय | २ | ३ | ५ | ५ | ५ | २० | ४५ | |
| १२ | विद्यालय लेखाङ्कन प्रणाली मार्फत आर्थिक कारोबार तथा जिन्सी व्यवस्थापन | विद्यालय | ९ | २० | १६ | ० | ० | ४५ | ४५ | |
| १३ | प्र.अ.को नियमित मासिक बैठक | नियमित | | | | | | | | योजना अनुसार |

**५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध**

स्थानीय तहमा शिक्षा योजना कार्यान्वयनको प्रबन्धन एक संरचित र प्रभावकारी प्रक्रिया हो । यसले योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न प्रमुख भूमिका खेलेको हुन्छ । योजनाको सफल कार्यान्वयनका मुख्य आधारहरु वार्षिक योजना तथा बजेटको तर्जुमा, कार्यक्रम र क्रियाकलापको निर्धारण, वित्तीय व्यवस्थापन, अनुगमन, र मूल्याङ्कन हुन् ।

योजनाको कार्यान्वयनका लागि सर्वप्रथम वार्षिक योजना तथा बजेट तर्जुमा अति आवश्यक हुन्छ । संघ, प्रदेश, र स्थानीय तहको नीति तथा कार्यक्रमको समन्वयका आधारमा यस योजना निर्माण गरिएको हो । यस प्रक्रियामा स्रोत सुनिश्चित गर्दै वार्षिक रूपमा रणनीतिक योजनालाई अद्यावधिक गरी योजनाका प्राथमिकताहरू र स्रोतको उपयुक्त विनियोजनमा ध्यान दिनुपर्ने हुन्छ । यसमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबिच सहकार्य गरिन्छ र विभिन्न कार्यक्रमलाई प्रभावकारी बनाइन्छ । त्यसै गरी योजनामा क्रियाकलाप निर्धारण तथा कार्यान्वयन हुन्छ, जसले योजना अन्तर्गत सञ्चालन हुने शैक्षिक क्रियाकलापको व्यवस्थापन गर्छ । विशेष गरी स्थानीय तहमा भएका समस्या समाधान गर्न उपयुक्त कार्यक्रम र गतिविधिहरूको पहिचान गरिन्छ । प्रत्येक क्रियाकलापमा पर्याप्त स्रोत व्यवस्थापन र कार्यान्वयनको उत्तरदायित्व तोकिनेछ ।

वित्तीय व्यवस्थापन अर्को महत्वपूर्ण पाटो हो । शिक्षा योजनाको लागि संघ, प्रदेश, र स्थानीय तहको स्रोत व्यवस्थापन प्रमुख रहन्छ । संघीय सरकार र स्थानीय तहले शर्तसहितको अनुदान तथा बजेटको सहकार्यमा योजना कार्यान्वयन हुन्छ । वित्तीय व्यवस्थापनका लागि पारदर्शिता, जवाफदेहीता र सुशासन सुनिश्चित गरिन्छ ।

अन्तिम चरणमा अनुगमन र मूल्याङ्कनको संरचना निर्माण गरिएको छ, जसले शिक्षा योजनाको प्रभावकारिता सुनिश्चित गर्छ । अनुगमन तथा मूल्याङ्कन समितिको गठन गरिन्छ, जसले हरेक २ महिनामा विद्यालयहरूको निरीक्षण गर्छ । वार्षिक प्रगति प्रतिवेदन तयार गरी योजनाको समीक्षा गरिन्छ र आवश्यक सुधारहरू प्रस्ताव गरिन्छ । यसले योजनालाई दीर्घकालीन रूपमा सफल बनाउन मद्दत पुर्‍याउँछ ।

**परिच्छेद : ६**

# लगानी र स्रोत व्यवस्थापन

**६.१ परिचय**

आर्थिक तथा सामाजिक परिवर्तनमा शिक्षाको अहम भूमिका हुन्छ । समृद्ध राष्ट्र निर्माणको प्रमुख पूर्वाधार मध्ये शिक्षाको लगानी र स्रोत व्यवस्थापनले निकै गहिरो सम्बन्ध राखेको हुन्छ । भविष्यको लागि आवश्यक मानव संशाधनको विकासमा आज शिक्षामा लगानी गर्नु अति आवश्यक हुन्छ । शिक्षा विकासको मेरुदण्ड हो र यसले आर्थिक तथा सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षामा गरिएको लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासको आधार तय गर्ने भएकोले चौदण्डीगढी नगरपालिकाले यस क्षेत्रको शैक्षिक उन्नयनको लागि, बालबालिकाको उज्जवल भविष्यको साथसाथै पालिकाको समग्र विकासका लागि शिक्षा क्षेत्रमा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । यो दश वर्षे शिक्षा योजनाको कार्यान्वयनले शिक्षामा परिवर्तनको दियो बाल्ने भएकोले विद्यालयलाई नीति, विधि र प्रविधिले चलाउन र पालिकालाई समतामूलक गुणस्तरीय शिक्षाको केन्द्र बनाउन शिक्षामा पर्याप्त लगानी व्यवस्थापन गर्नु मनासिव छ । शिक्षामा लगानी गर्दा बालबालिकाको शैक्षिक अवसर गुणस्तरीय शिक्षा र स्रोत साधनको समतामूलक वितरणमा ध्यान दिनु पर्दछ ।

शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नुपर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्दछ ।

**६.२ वर्तमान अवस्था**

चौदण्डीगढी नगरपालिकाको आ.व. २०८१/८२ को कुल वजेट मध्ये रू.२,१०,२८,४४२।०० बजेट शिक्षा क्षेत्रको लागि विनियोजन गरेको छ । ती बजेटहरु शिक्षा क्षेत्रका कार्यक्रम तथा परियोजना अन्तर्गतका कार्यमा विनियोजन गरिएको छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सहमति देखिए तापनि सो अनुसारको बजेट विनियोजन हुन सकेको छैन । तथापि सबैको धारणा शिक्षा क्षेत्रमा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ ।

- गत आ.व.को पालिकाको कुल बजेटः ७८,३६,०७,७९५।०

- गत आ.व.मा संघीय सकारबाट आएको कुल बजेट ४५,७५,०३,२९३
- गत आ.व.को शिक्षाको कुल बजेट ३०,०९,१६,०००।०
- यस आ.व.को पालिकाको कुल बजेट ८०,९५,३९,६६०।०
- यस आ.व.को शिक्षाको कुल बजेट २९,८५,९४,०००।०

**६.३ अवसर तथा चुनौतीहरू**

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएको छ :

- संवैधानिक प्रत्याभूति, अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता तथा समयको माग अनुसारको राष्ट्रिय शिक्षा नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्नु ।
- शिक्षामा दिगो लगानीको मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी संघ, प्रदेश र स्थानीय तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउनु ।
- निजी क्षेत्रबाट शिक्षामा निजी क्षेत्रको लगानीलाई थप व्यवस्थित बनाउने र लगानीको स्वरुप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास गर्नु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने कार्यका लागि आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चिकत गर्नु ।
- वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही बनाई वित्तीय सुशासन कायम गर्ने पद्धतिको विकास गर्नु ।
- शिक्षा क्षेत्रमा सक्रिय रहेका गैर सरकारी निकायहरूलाई तयार शिक्षा योजना कार्यान्वयनका निम्ति परिचालन गर्नु ।
- शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्नु ।
- विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्नु ।
- शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी व्यवस्थापन गर्नु ।

### ६.४ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् :-

- योजना कार्यान्वयनका लागि आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- योजना कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत वजेट निर्धारण गर्नु ।
- लगानीको प्रतिफल प्रति सरोकारवाला निकायहरूलाई जवाफदेही बनाउनु ।

### ६.५ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरु देहाय बमोजिम हुनेछन् :-

- विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरू बीचको लागत साझेदारीमा हुने छ । यसका लागि कम्तीमा संघीय सरकार र प्रदेश सरकार शिक्षा क्षेत्रको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाटथप लगानी हुने अपेक्षा गर्ने ।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।
- सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुने ।
- शिक्षामा सार्वजनिक निजी लगानी वृद्धि गरी कूलबजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याउने ।
- मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।
- निजी क्षेत्रको लगानीमा हुने शिक्षा सेवालाई सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्ने व्यवस्था गर्ने ।
- शिक्षा क्षेत्रको विद्यमान अवस्था र आवश्यकतालाई मध्य नजर गरी समान्यीकरण, समपूरक, ससर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गर्ने ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाउने ।

### ६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

यस नगरपालिकाको विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रम अनुसार १० वर्षका लागि तयार गरेको शिक्षा योजना (२०८१-९०) को बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि निशुल्क शिक्षा तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम् सक्षमताका मापदण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्च्त गर्न लगानी बढाइएको छ । बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालयका

सहयोगी कर्मचारीहरूलाई दिँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने । नगरपालिका अन्तर्गतको विभिन्न विद्यालयहरू कक्षाकोठा, शौचालय, सर्पोट वाल, लगायत अन्य भौतिक पूर्वधारहरूको संरचनागत सुधार गर्दै शैक्षिक गुणस्तरमा जोड दिने । माध्यमिक शिक्षालाई निशुल्क गर्न सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना अभिवृद्धि दर बढाउन र व्यावसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न बजेटमा समावेश गरिएको छ ।

बजेटः रू. हजारमा

| क्र. सं. | शीर्षक वा क्षेत्र वा क्रियाकलाप | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | प्रारम्भिक बाल विकास तथा शिक्षा | 30345 | 30952 | 31571 | 32202 | 32846 | 119227 | 1579 | 27422 | 1341 |
| 2 | आधारभूत शिक्षा | 106207 | 108331 | 110498 | 112708 | 114962 | 607535 | 8047 | 185077 | 4023 |
| 3 | माध्यमिक शिक्षा | 48552 | 49523 | 50513 | 51524 | 52554 | 303767 | 4023 | 92538 | 2012 |
| 4 | पाठ्यक्रम तथा मूल्यांकन | 6069 | 6190 | 6314 | 6440 | 6569 | 60753 | 805 | 18508 | 402 |
| 5 | शिक्षक व्यवस्थापन तथा विकास | 33379 | 34047 | 34728 | 35422 | 36131 | 81005 | 1073 | 24677 | 536 |
| 6 | अनौपचारिक तथा निरन्तर शिक्षा | 3034 | 3095 | 3157 | 3220 | 3285 | 40502 | 536 | 12338 | 268 |
| 7 | प्राविधिक तथा व्यावसायिक शिक्षा | 6069 | 6190 | 6314 | 6440 | 6569 | 40502 | 536 | 12338 | 268 |
| 8 | समावेशी तथा समता | 12138 | 12381 | 12628 | 12881 | 13139 | 60753 | 805 | 18508 | 402 |
| 9 | दिवा खाजा स्वास्थ्य र पोषण | 9103 | 9286 | 9471 | 9661 | 9854 | 40502 | 536 | 12338 | 268 |
| 10 | आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा | 6069 | 6190 | 6314 | 6440 | 6569 | 40502 | 536 | 12338 | 268 |
| 11 | विद्यालयको भौतिक पूर्वधार विकास | 9103 | 9286 | 9471 | 9661 | 9854 | 222763 | 2951 | 67862 | 1475 |
| 12 | शिक्षामा सूचना र प्रविधि | 21241 | 21666 | 22100 | 22542 | 22992 | 81005 | 1073 | 24677 | 536 |

| क्र. सं. | शीर्षक वा क्षेत्र वा क्रियाकलाप | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | संघीय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | गैसस |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 13 | विद्यालय सुशासन तथा व्यवस्थापन | 6069 | 6190 | 6314 | 6440 | 6569 | 202512 | 2682 | 61692 | 1341 |
| 14 | कार्यान्वयन अनुगमन तथा मुल्याङ्कन समन्वय तथा सहजीकरण | 6069 | 6190 | 6314 | 6440 | 6569 | 40502 | 536 | 12338 | 268 |
| | कुल | 303449 | 309518 | 315708 | 322022 | 328463 | 1941831 | 25720 | 582653 | 13411 |

**६.७ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन**

स्थानीय शिक्षा योजना कार्यान्वयनका लागि वार्षिक रणनीति र कार्यान्वयन योजना निर्माण एक महत्वपूर्ण चरण हो, यसले योजनाका उद्देश्यहरूलाई समय मै सफलतापूर्वक हासिल गर्न सुनिश्चित गर्दछ। चौदण्डीगढी नगरपालिकाको शिक्षा योजना कार्यान्वयन गर्दा वार्षिक रणनीतिक योजना तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयनले दीर्घकालीन लक्ष्यहरू प्राप्त गर्न मद्दत गर्छ। वार्षिक रणनीति तर्जुमा गर्दा सर्वप्रथम योजना अन्तर्गत प्राथमिकताहरू पहिचान गरिएको र प्राथमिकतामा आधारित शिक्षा प्रणालीमा सुधार गर्नका लागि विविध गतिविधिहरूको निर्धारण गरिन्छ। यस चरणमा शिक्षा योजना **२०८१/८२** का मुख्य बुँदाहरूलाई ध्यानमा राख्दै विद्यालयको भर्नादर सुधार, शिक्षक व्यवस्थापन, विद्यार्थी सिकाइ उपलब्धिमा सुधार, भौतिक पूर्वाधारको विस्तार, र प्रविधिमैत्री शिक्षण प्रणालीको विकासमा केन्द्रित रणनीति तय गरिएको छ। वार्षिक रणनीतिक योजनाको निर्माण गर्दा बजेट विनियोजन र स्रोत साधनको व्यवस्थापनमा स्पष्टता हुन जरुरी हुन्छ, ताकि प्राथमिकतामा आधारित कार्यक्रमहरूको सफल कार्यान्वयन होस्।

योजना कार्यान्वयनका लागि वर्षिकरण नीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन अन्तर्गत योजनामा तोकिएका गतिविधिहरूलाई कार्यरूप दिन, सम्बन्धित निकायहरूसँग समन्वय गर्नुपर्छ। शिक्षा समितिहरू, शिक्षक अभिभावक संघ, र विद्यालय व्यवस्थापन समितिहरूको सहयोगले योजना सफल हुन्छ। विशेष गरी, शिक्षा क्षेत्रका सबै सरोकारवालाहरूको भूमिकालाई सशक्त बनाउने खाका तयार गर्नुपर्छ। शिक्षक र विद्यार्थीका आवश्यकतालाई ध्यानमा राख्दै, उनीहरूका लागि विभिन्न क्रियाकलाप, तालिम कार्यक्रम, र सिकाइ सम्वर्द्धनका गतिविधिहरू सञ्चालन गरिन्छ।

**परिच्छेद : ७**

# अनुगमन तथा मूल्याङ्कन

## ७.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यान्वयन प्रक्रियामा त्रुटिहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समय मै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ति तर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रुपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ । शैक्षिक कार्यक्रमहरुको सान्दर्भिकता, उपयुक्तता, दक्षता प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ ।

## ७.२ वर्तमान अवस्था

कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समन्वय तथा सहजीकरण शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य हो । यसका लागि पालिकाबाट सरोकारवालाहरू मार्फत नियमित रूपमा प्रस्तावना अनुसार बजेट विनियोजन र कार्य भए नभएको अनुगमन गरी सम्बन्धित निकायमा पेश हुने र कार्य सम्पन्न गरी निकासा दिने व्यवस्था गरिएको छ ।

## ७.३ अवसर र चुनौतीहरू

यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ

- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापन योग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निमार्ण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु ।
- अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, प्रयाप्त साधन स्रोतको प्रबन्ध गर्नु,
- अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्नु,

- संघीयता कार्यान्वनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात् विद्यालय निरीक्षण सुपरिवेक्षणको काम पुनःसंगठन गर्नु,
- अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु,
- सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।

७.४ **उद्देश्यहरूः**

- शैक्षिक कार्यक्रमहरूको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु ।
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउनु ।
- नयाँ योजना तथा कार्यान्वयन कार्यक्रम तय गर्न सिकाइ प्रणाली विकास गर्नु ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

७.५ **रणनीतिहरू**

- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबीच समन्वयात्मक रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- नगर प्रमुख ज्यूको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित कार्यान्वयन गर्ने ।
- वर्षको कम्तीमा २ पटक जननिर्वाचित पदाधिकारीबाट विद्यालयको अनुगमन गरिने छ भने शिक्षा, युवा तथा खेलकुद शाखाबाट नियमित रूपमा अनुगमन गर्ने ।
- विद्यालय तहमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गर्ने ।
- नगर शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता अध्ययन तथा प्रतिवेदन प्रकाशित गरिने छ । यसका लागि नगरस्तरमा विज्ञहरूको अध्ययन टोली गठन गरी परिचालन गर्ने ।
- चौदण्डीगढी नगरपालिकाको शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, नगर शिक्षा फोकल पर्सन, नगर कार्यपालिका, नगर शिक्षा समिति तथा आवश्यक विभिन्न उपसमितिहरू गठन गरी नीति तथा योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको संयन्त्र तयार गर्ने ।

- योजना कार्यान्वयनका लागि विद्यालयका आवश्यकता र समस्या पहिचान, तिनीहरूको प्राथमिकीकरण, विद्यालयको कार्यसम्पादन, अनुगमन तथा मूल्याङ्कन र परीक्षण, विभिन्न बाह्य परीक्षण सञ्चालन, विभिन्न तालिम, कार्यशाला सञ्चालन लगायतका कामका लागि शिक्षा शाखा, नगर शिक्षा समितिका पदाधिकारीहरू जिम्मेवार हुने ।
- विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरूलाई कक्षाकोठामै सहयोग पुऱ्याउने पद्धति विकास गर्न संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गर्ने ।
- नगरपालिकाले शिक्षा सहजकर्ताको व्यवस्था मिलाउनेछ । शिक्षा सहजकर्ताहरूले विद्यालयमा आवश्यक कुनै पनि क्षमता विकासका क्रियाकलाप सञ्चालन तथा संयोजन गर्ने ।
- नगरपालिका अन्तर्गतका विद्यालयहरूमा नगरपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गर्ने ।
- विद्यालयको अनुगमन तथा मूल्याङ्कन र योजना कार्यान्वयनको लागि देहाय बमोजिमका कार्यहरू गर्ने :
- शिक्षा सहजकर्ताले प्रत्येक २ महिनामा हरेक विद्यालयको अनुगमन गर्ने ।
- विद्यालयका समस्याहरू समाधानका लागि संयुक्त प्रयास गरी समस्या समाधानमा कसको के भूमिका हुने पहिचान गरी नगरपालिकामा समष्टिगत प्रतिवेदन हरेक २ महिनामा पेस गरी छलफल तथा अन्तरक्रिया गर्ने ।
- प्रत्येक तीन महिनामा नगरपालिकाले योजनाको कार्यान्वयन अवस्था, समस्या र भावी क्रियाकलापका सम्बन्धमा छलफल गर्न वि.व्य.स. अध्यक्ष, प्र.अ. सहितको सहभागितामा समीक्षा गर्ने ।
- शिक्षा सहजकर्ताहरूले शिक्षक, प्रअ तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तथा अन्य शिक्षाका प्राविधिक कामहरू गर्ने ।

### ७.६ उपलब्धि, नतिजाहरू, प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्यांकनको योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विव्यस शिअसंबाट विद्यालयको पालैपालो नियमित अनुगमन तथा निरीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ३ | अभिभावकबाट नियमित विद्यालय भम्रण र उत्कृष्ट अभिभावक छनोट | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ४ | वडास्तरीय अनुगमन समितिबाट मासिक अनुगमन | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |
| ५ | पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन संयन्त्रको गठन र कम्तीमा २ महिनाको एक पटक एक विद्यालयको अनुगमन | पटक | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० | |
| ६ | विद्यालयको वार्षिक कार्य सम्पादन परीक्षण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | स्रोत विज्ञमार्फत नियमित अनुगमन तथा निरीक्षण | निरन्तर | निरन्तर | | | | | | | |
| ८ | शिक्षा योजनाको प्रगतिको वार्षिक प्रगति तयार तथा छलफल कार्यक्रम | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ९ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | | ३ | ३ | ३ | ३ | १२ | २७ | |
| १० | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषण सहितको प्रतिवेदन तयार | पटक | १ | ३ | ३ | ३ | ३ | १३ | २८ | |
| ११ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | | १ | १ | १ | १ | ४ | ४ | |
| १२ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# सन्दर्भ सामग्रीहरू


- विद्यालय शिक्षा क्षेत्रको योजना (SESP)(२०८०), शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ।
- शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२, लेखक : केशरमहल, काठमाण्डौं ।
- अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षणआर्थिक वर्ष २०७५/२०७६, लेखकः सिंहदरबार, काठमाण्डौं ।
- राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना २०७३/७४–२०७५/७६, लेखकः सिंहदरबार, काठमाण्डौं ।
- राष्ट्रिय योजना आयोग (२०७६) पन्ध्रौं योजना २०७६/७७–२०८०/८१, लेखकः सिंहदरबार, काठमाण्डौं ।
- राष्ट्रिय योजना आयोग (२०८१) सोहौँथ योजना २०८१/८२–२०८५/८६, लेखकः सिंहदरबार, काठमाण्डौं ।
- Department of Education (२०२४), FLASH I Report २०८१ (२०२३–२४), Author: Sanothimi, Bhaktapur.
- नेपाल कानून आयोग (२०७७), नेपालको संविधान, लेखकः www.lawcommission.gov.np
- शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४–२०७९/८०, लेखकः सिंहदरबार, काठमाण्डौं ।
- शिक्षा ऐन, २०२८ (संशोधन सहित) ।
- शिक्षा नियमावली, २०५९ (संशोधन सहित)
- अनिवार्यत था निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८
- अनौपचारिक शिक्षातथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७५
- पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी निर्देशिका, २०६९
- नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४
- बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८०
- विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०८०
- शिक्षक पेसागत विकास प्रारूप (परिमार्जित संस्करण), २०८०
- शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८०

- विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८०
- विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८०
- विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८
- अनलाइन शिक्षक तालिम कार्यविधि, २०७७
- बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५
- स्यानिटरी प्याड सम्बन्धी कार्यविधि, २०७६
- विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८
- किशोरकिशोरीमैत्री सूचना कक्षा सञ्चालन नमुना कार्यविधि, २०७७
- कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२
- विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि,२०७४
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर ।
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर ।
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०७७), पाठ्यक्रम विकास केन्द्र भक्तपुर ।
- आधारभूत तह ( कक्षा १-३ ) पाठ्यक्रम, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर ।
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौं ।
- शिक्षा सम्बन्धी ऐन नियम तथा  राष्ट्रिय शिक्षा नीति (२०७६), कानून किताव खाना काठमाडौं ।
- आर्थिक सर्वेक्षण (२०८१), अर्थ मन्त्रालय ।
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताव खाना काठमाडौं ।
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरू ।
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क ।

## अनुसूची -२ शिक्षा योजनाको लेखाजोखा (Plan Appraisal)

| क्र. सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण | प्रतिक्रिया |
|---|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता (Leadership and participation) | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्व थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो कि थिएन ? | • यस शिक्षा योजना निर्माणका लागि शिक्षा शाखा प्रमुखको संयोजकत्वमा विद्यालयका प्रअ तथा शिक्षकहरूको सहित १३ जनाको प्रत्यक्ष सहभागिता थियो अन्य सरोकारवालाहरू तथा नगरकार्यपालिकाका सदस्यहरूको सुझावहरू समेतका आधारमा योजना तयार भएको हो । |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्वोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् कि छैनन्? | • यसमा समावेश भएका सबै रणनीति, कार्यक्रम तथा क्रियाकलापहरू यस क्षेत्रको शिक्षासँग सम्बन्धित मुख्य समस्याहरू हुन । |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धि सम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ कि छैन ? | • यस योजनाले सबैको समान पहुँच, गुणस्तर अभिवृद्धि तथा सिकाइ उपलब्धी सुधारका मुद्दाहरूलाई समेटेको छ । |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ? | • यो योजना बनाउँदा नगरपालिकाले विद्यालयका प्रअ तथा शिक्षकहरूसँग समन्वय गरेको छ । नगरपालिकाका अन्य क्षेत्रका योजनासँग तालमेल भएको छ। साथै यो योजना नेपाल सरकारको विद्यालय शिक्षा क्षेत्र योजनासँग अनुकुल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ । |

| क्र. सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण | प्रतिक्रिया |
|---|---|---|---|
| | | • शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ छैन ?<br>• राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, र लक्ष्य अनुरूप योजना बनाइएको छ?<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ? | • यस्का दुरदृष्टि, उद्देश्यहरू र लक्ष्यहरू राष्ट्रिय र प्रदेशका उद्देश्यहरू अनुरुप बनाइएको छ ।<br>• यस योजनामा समावेश भएका विभिन्न उपक्षेत्र र विषय बिच अन्तरसम्बन्ध कायम भएको देखिन्छ । |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहको अन्य पक्षसँग तादात्म्य कायम छ कि छैन ?<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् कि छैनन् ?<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएक वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ?<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ ? | • समग्र नगर विकासमा योगदान पुर्याउने गरी योजनाँग तादात्म्य छ ।<br>• विशेष गरी भौतिक पूर्वाधार विकास, शिक्षक प्रशिक्षण, र शिक्षामा प्रविधिको प्रयोग जस्ता गतिविधिहरू व्यावहारिक र कार्यान्वयन योग्य छन्।<br>• सामाजिक न्याय र समावेशी शिक्षालाई प्राथमिकता दिएको छ, हरेक बालबालिकाले गुणस्तरीय शिक्षामा समान अवसर पाउने सुनिश्चितता गरेको छ ।<br>• शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू विद्यार्थी भर्ना दर न्यून, शिक्षक अभाव, भौतिक पूर्वाधारको कमी, प्रविधिमैत्री शिक्षणको अभाव लाई प्रत्यक्ष रूपमा सम्बोधन गरेको छ । |

| क्र. सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण | प्रतिक्रिया |
|---|---|---|---|
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ कि छैन ? | • बजेट र स्रोत व्यवस्थापन प्रभावकारी देखिन्छ। स्रोत व्यवस्थापनका लागि बजेट र जनशक्तिको उपयुक्त व्यवस्था सुनिश्चित गरिएको छ । |
| | | • लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ कि छैन ?<br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ?<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ कि छैन ? | • सहकार्य र साझेदारीले योजनाको दीर्घकालीन सफलता सुनिश्चित गर्छ । योजनाले स्रोतको सही उपयोग गर्ने व्यवस्था गरेको छ ।<br>• प्रस्तावित कार्यक्रम र बजेटबीच राम्रो तालमेल छ, जसले योजनाका क्रियाकलापलाई सफलतापूर्वक सञ्चालन गर्न सहयोग पुऱ्याउँछ ।<br>• स्रोत प्रबन्धका लागि सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी स्थापित गरिएको छ, जसले स्रोत व्यवस्थापनमा थप बल पुर्याउनेछ र |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ कि छैन ?<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ कि छैन ? | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था सुनिश्चित गरिएको छ, अनुगमन समिति, उपसमितहरू छन् विद्यालय व्यवस्थापन समिति, शिक्षा समितिहरू, र अन्य सम्बन्धित निकायहरूको स्पष्ट भूमिका निर्धारण गरिएको छ ।<br>• शिक्षक र सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न तालिम कार्यक्रमहरू योजना अनुसार समावेश गरिएका छन् |

| क्र. सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण | प्रतिक्रिया |
|---|---|---|---|
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ कि छैन ? | • विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, र समुदायको योगदानलाई विशेष प्राथमिकता दिइएको हुँदा स्थानीय तहभित्रका सरोकारवालाहरूको सक्रिय सहभागिता र अपनत्व सुनिश्चित गरिएको छ ।<br>• लक्ष्य प्राप्तिका लागि स्पष्ट मार्गनिर्देशन र स्रोत व्यवस्थापन सुनिश्चित गर्न वार्षिक रणनीतिक योजना, बजेट, र कार्यक्रमहरू तयार पारिएको छ।<br>• जिम्मेवार पक्षलाई उनीहरूको भूमिकाबारे स्पष्ट पार्दै योजना सफल बनाउन लक्ष्य, उद्देश्य, र कार्यान्वयन प्रक्रियाबारे प्रबोधीकरण र अभिमुखीकरण गरिएको छ । |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ कि छैन ?<br>• तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ कि छैन ? | • चौदण्डीगढी नगरपालिका परिपेक्ष्यको शैक्षिक सूचक र तथ्याङ्कलाई समेटी र तथ्याङ्कहरूको विश्लेषण गरिएको छ र सोही विश्लेषणका आधारमा लक्ष्य तथा उद्देश्यको प्रक्षेपण गरिएको छ । |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ कि छैन ?<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिए छ कि छैन ?<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ कि छैन ?<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ कि छैन ? | • अनुगमन तथा मूल्याङ्कनका लागि नगरप्रमुख स्तरीय समिति बनाइएको छ ।<br>• हरेक २ महिनामा अनुगमन गर्दै पूर्व अवस्थाहरूको अवस्था मूल्याङ्कन गरिनेछ । र सबै अनुगमनका सूचकहरु निर्धारण गरिएको छ ।<br>• अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदनका आधारमा नगरपालिकाले थप रणनीतिक योजना बनाइ कार्यान्वयन गर्नेछ । |

आज मिति २०८१ साल पौष महिना १६ गते मंगलबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुभान लामाज्यूको अध्यक्षतामा यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को हिउँदे अधिवेशन (१७ औं नगरसभा) तपसिलको उपस्थितिमा सम्पन्न गरियो।

| सि.नं. | नाम, थर | पद | ठेगाना | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | वडा नं -४ | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उप-प्रमुख | वडा नं.-१० | ९८५२८३५५२८ | |
| ३ | श्री जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | काठमाडौं | ९८५२८४४०४७ | |
| ४ | श्री सिता राम राई | वडा अध्यक्ष | वडा नं.-१ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | वडा अध्यक्ष | वडा नं.-२ | 9845927547 ~~९८४०३३७२११~~ | |
| ६ | श्री पर्शुराम राई | वडा अध्यक्ष | वडा नं.-३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गराज राई | वडा अध्यक्ष | वडा नं.-४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसीराम ढकाल | वडा अध्यक्ष | वडा नं.-५ | ९८४१५१८५८० | |
| ९ | श्री अम्मर बहादुर खड्का | वडा अध्यक्ष | वडा नं.-६ | ९८६१५५८७८९ | |
| १० | श्री केशब अधिकारी | वडा अध्यक्ष | वडा नं.-७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | वडा अध्यक्ष | वडा नं.-८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत क्षेत्री | वडा अध्यक्ष | वडा नं.-९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खड्का | वडा अध्यक्ष | वडा नं.-१० | ९८१६७०७०५१ | |
| १४ | श्री उदयराज भुजेल | कार्यपालिका सदस्य | वडा नं.-६ | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | कार्यपालिका सदस्य | वडा नं.-४ | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | कार्यपालिका सदस्य | वडा नं.-३ | ९८२६७००३२८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | श्री तिलावती राई | कार्यपालिका सदस्य | वडा नं.-७ | ९८४३४६६२७५ | |
| १८ | श्री शुस्मा राई | कार्यपालिका सदस्य | वडा नं.-२ | ९८११७२५१७५ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | कार्यपालिका सदस्य | वडा नं.-४ | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवि चौधरी | कार्यपालिका सदस्य | वडा नं.-५ | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवि चौधरी | कार्यपालिका सदस्य | वडा नं.-९ | ९८१९९१००३८ | शान्ति |
| २२ | श्री मिना थापा मगर | वडा सदस्य | वडा नं.-१ | ९७४२८४७९८६ | |
| २३ | श्री नारायण थापा | वडा सदस्य | वडा नं.-१ | ९८६२९६९६९२ | |
| २४ | श्री सुमित्रा सार्की | वडा सदस्य | वडा नं.-१ | ९८६०३९३५५३ | |
| २५ | श्री मान बहादुर तामाङ्ग | वडा सदस्य | वडा नं.-१ | ९८४२५४०९५२ | |
| २६ | श्री रमेश विष्ट | वडा सदस्य | वडा नं.-२ | ९८०७७९६१०८ | |
| २७ | श्री मेनुका वि.क. | वडा सदस्य | वडा नं.-२ | ९८१३६३६१८० | |
| २८ | श्री पुरुषोतम विष्ट | वडा सदस्य | वडा नं.-२ | ९८०५९१६६२२ | |
| २९ | श्री चन्द्र कला राई | वडा सदस्य | वडा नं.-३ | ९८११७७५९०७ | |
| ३० | श्री प्रर्सुराम राई | वडा सदस्य | वडा नं.-३ | ९८६३८७२४७४ | |
| ३१ | श्री आशा देवि मंग्रान्ती | वडा सदस्य | वडा नं.-३ | ९८१५७८८२८४ | |
| ३२ | श्री धन कुमार तामाङ्ग | वडा सदस्य | वडा नं.-३ | ९८१४७८५१७१ | |
| ३३ | श्री गंगा कुमारी विष्ट | वडा सदस्य | वडा नं.-४ | ९८१३२५३४८८ | गंगा |
| ३४ | श्री भक्तीराज राई | वडा सदस्य | वडा नं.-४ | ९८६७०५५३९२ | |
| ३५ | श्री दिल बहादुर मगर | वडा सदस्य | वडा नं.-४ | ९८१४७३५०४७ | |
| ३६ | श्री पार्वति देवि विश्वकर्मा | वडा सदस्य | वडा नं.-५ | ९८२४७४५६४४ | पार्बती वि.क. |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | श्री अमिन चौधरी | वडा सदस्य | वडा नं.-५ | ९८१९७२१७५० | |
| ३८ | श्री सुरेश कुमार चौधरी | वडा सदस्य | वडा नं.-५ | ९८६२९१३१२५ | |
| ३९ | श्री गिता कुमारी थापा | वडा सदस्य | वडा नं.-६ | ९८०५९१३२५८ | |
| ४० | श्री तुलसीराम खत्री | वडा सदस्य | वडा नं.-६ | ९८१९९१३५९८ | |
| ४१ | श्री कमल कार्की | वडा सदस्य | वडा नं.-६ | ९८४१६५८३६३ | |
| ४२ | श्री आशा परियार | वडा सदस्य | वडा नं.-७ | ९८६०७४४७४७ | |
| ४३ | श्री राजेश कुमार श्रेष्ठ | वडा सदस्य | वडा नं.-७ | ९८४२९२७८१६ | |
| ४४ | श्री बलराम मगर | वडा सदस्य | वडा नं.-७ | ९८०४७१५४२७ | |
| ४५ | श्री मेनुका परियार | वडा सदस्य | वडा नं.-८ | ९८४४२८६१८९ | |
| ४६ | श्री कविता राई | वडा सदस्य | वडा नं.-८ | ९८१४६८१९५१ | |
| ४७ | श्री अरुण कुमार मगर | वडा सदस्य | वडा नं.-८ | ९८४४३८३२८० | |
| ४८ | श्री हुकुम राज मगर | वडा सदस्य | वडा नं.-८ | ९७४९३४७१०५ | |
| ४९ | श्री सन्तोषी विश्वकर्मा | वडा सदस्य | वडा नं.-९ | ९८०७७७५९६५ | |
| ५० | श्री तेज बहादुर थापा | वडा सदस्य | वडा नं.-९ | ९८१९३०४२१५ | |
| ५१ | श्री टेक बहादुर कार्की | वडा सदस्य | वडा नं.-९ | ९८०३७२६३९१ | |
| ५२ | श्री नन्दीलाल चौधरी | वडा सदस्य | वडा नं.-१० | ९८१९९८१९१७ | |
| ५३ | श्री विष्णु कुमारी राई | वडा सदस्य | वडा नं.-१० | ९८१७७०७५९५ | |
| ५४ | श्री जानुका देवि दर्नाल दर्जी | वडा सदस्य | वडा नं.-१० | ९८२५७७१७४६ | |
| ५५ | श्री सुकदेव चौधरी | वडा सदस्य | वडा नं.-१० | ९८६२९३६६६३ | |

Sangam

## आमन्त्रित उपस्थिति

१. श्री रामेश्वर कुँवर - उपप्रमुख [illegible] [signature]
२. श्री पुष्पा तामाङ - शिक्षा [illegible] [signature]
३. श्री [illegible] कुमार राई - शिक्षक [illegible] [signature]
४. श्री अनुपराज खत्री - ना.प.सं.प्रा [signature]
५. अर्जुन बस्नेत (राजमार्ग संयोजक (मार्ग सेवा केन्द्र)) [signature]
६) शिवलाल दास खतिवडा - सूचना प्रविधि अधिकृत [signature]
७) दुर्गा प्रसाद आचार्य - आ.ले.प. [signature]
८) मोहन कुमार राई - योजना शाखा प्रमुख [signature]
९) चक्र प्रसाद आचार्य - प्रशासन शाखा (के.अ.) [signature]
१०) बालकृष्ण आचार्य - आ.प्र.शाखा (र.ले.पा) [signature]
११) प्रकाश बन - राजस्व शाखा प्रमुख [signature]
१२) हिमालय पौडेल - स्वास्थ्य शाखा [signature]
१३. रन्जीत चौधरी [signature]
१४. मावका चौधरी - चौदण्डीगढी नगर वि०वि०अ०नचि [signature]
१५. मिलन रिजाल - चौदण्डीगढी स.कु.अ. [signature]
१६ [illegible] - [illegible] [signature]
१७. केशव प्रसाद पौडेल - स्वा.पा.वि.इ. [illegible] [signature]
१८ केशव बन्जारा - जिन्सी शाखा [signature]
१९. नेत्र बहादुर विश्वकर्मा - ,, ,, [signature]
२०. अञ्जनी कुमार अधिकारी - फाँट [signature]
२१ सुमन राई [signature]
२२ सन्तोषकुमार घिमिरे - पत्रकार (टेडियो चौदण्डीगढी) [signature]
२३ योग कुमारी बास्तोला - चौ.न.पा.नगरप्रहरी [signature]
२४ चन्दन चौधरी - चौ.न.पा नगरप्रहरी [signature]
२५ श्रीकान्त चौधरी - चौ०न०पा० स्वास्थ्य शाखा [signature]
२६ सुरज कुमार कार्की - शिक्षा अधिकृत [signature]
२७ [illegible] कुमार कार्की - नगर प्रहरी [illegible] - [signature]
२८ महेश राना मगर - ले.अ. [signature]
२९ विष्णु यादव - पशु सेवा शाखा [signature]

CamScanner

प्रस्तावहरु:-

१. चौ. न. पा. का शाखा तथा वडाहरुबाट संशोधनको लागि प्राप्त बजेट तथा कार्यक्रमहरु संशोधन सम्बन्धमा ।

२. विधायन समितिबाट प्राप्त भएका ऐनहरु स्वीकृती गर्ने सम्बन्धमा ।

३. O&M Survey स्वीकृती गर्ने सम्बन्धमा ।

४. नगर शिक्षा योजना सम्बन्धमा ।

५. कर्मचारीको म्याद थप सम्बन्धमा ।

६. आ.व.२०८१/०८२ को आन्तरिक आयमा र मंसिर मसान्तसम्मको यथार्थ र प्रक्षेपित आय संशोधन सम्बन्धमा ।

७. सम्पत्तिको करको दररेट संशोधन तथा लागु गर्ने सम्बन्धमा ।

८. बोलपत्रदाताको बैंक जमानत जफत गर्ने सम्बन्धमा ।

९. श्री मनन कन्स्ट्रक्सन प्रा.लि. ईटहरी, सुनसरीको माग निवेदन सम्बन्धमा ।

१०. बालुवाको ठेक्का सम्झौता गर्ने सम्बन्धमा ।

११. इन्जिनियर सन्तोष राईलाई सातौ तह कायम गर्ने सम्बन्धमा ।

निर्णयहरु:

१. वडा तथा शाखाहरुबाट संशोधनको लागि प्राप्त बजेट तथा कार्यक्रमहरु संशोधन सम्बन्धमा ।
चालु आ.व. २०८१/०८२ को १६ औं नगरसभाबाट बजेट पारित भई चौदण्डीगढी नगरपालिकाका विभिन्न वडा कार्यालय तथा चौ. न. पा. का विभिन्न शाखाको लागि रकम विनियोजन भएका कार्यक्रमहरु मध्ये केही कार्यक्रमहरु संशोधन गरेर कार्यान्वयन गर्नु पर्ने भएकोले वडा तथा विभिन्न शाखाबाट कार्यक्रम सहित संशोधनको लागि चौदण्डीगढी नगरपालिकाको मिति २०८१।०९।११ गतेको कार्यपालिकाको बैठकबाट निर्णय भई आएको हुँदा वडा तथा न. पा. का विभिन्न शाखाबाट पेश भएका नगर उपप्रमुख ज्यूबाट प्रस्तुत भएको तपशिल बमोजिमको संशोधित बजेट तथा कार्यक्रमहरु पास गर्ने सर्वसम्मत निर्णय गरियो ।

CamScanner

४. यस नगरपालिकाको शैक्षिक सुधारको लागि नगर शिक्षा समितिबाट तयार गरिएको १० वर्षे शिक्षा योजना स्वीकृतिको लागि यस नगरसभामा पेश भएकोमा उक्त शिक्षा योजना स्वीकृत गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

५.कर्मचारीको म्याद थप सम्वन्धमा ।

यस चौदण्डीगढी नगरपालिका नगर कार्यपालाकाको कार्यालय तथा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु र वडा कार्यालयहरुमा २०८० पौष मसान्तसम्म करार सेवामा काम गरिरहेका सबै कर्मचारीहरुको मिति २०८१ साल माघ १ गते देखि मिति २०८२ साल असाढ मसान्तसम्म म्याद थप गर्ने सर्वसम्मती निर्णय गरियो।

६. आ.व.२०८१/०८२ को आन्तरिक आयमा र मंसिर मसान्तसम्मको यथार्थ र प्रक्षेपित आय संशोधन सम्वन्धमा ।

यस न.पा.को आ.व.२०८१।८२ को आन्तरिक आयलाई २०८१ साल मंसिर मसान्तसम्मको यथार्थ आयको आधारमा आ.व.२०८१।०८२ को अनुमानित प्रस्तावित संशोधित राजश्व आय प्रक्षेपण तपसिल बमोजिम हुने गरी निर्णय पारित गरियो।

तपसिल

| क्र.स. | राजश्वसंकेत | राजश्व शिर्षकविवरण | आगामी आ.ब.०८१/८२को अनुमान | आ.ब.२०८१/८२ कोमंसिर मसान्त सम्मको यथार्थ आय | चालु आ.ब.२०८१/८२को संशोधितआय प्रक्षेपण | प्रतिशत | केफियत |
|---|---|---|---|---|---|---|---|
| क. | कर राजश्व | शिर्षक | | | | | |
| १ | ११३१३ | सम्पति कर | 2614420.60 | 1618205.14 | 2614420.60 | 61.90 | |
| २ | ११३१४ | भुमिकर/मालपोत | 15818.00 | 30220.00 | 50000.00 | 191.05 | |
| ३ | ११३१७ | घर तथा जग्गा बहाल कर | 400006.00 | 474311.24 | 600000.00 | 118.58 | |
| ४ | ११३१८ | बहाल बिटौरी शुल्क | 2170520.00 | 2270722.00 | 2270722.00 | 104.62 | |

CamScanner